# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

समालोचना साहित्यका अन्य विधाजस्तै एक महत्त्वपूर्ण गद्य विधा हो । सिर्जनात्मक साहित्यको भाव, विचार, सौन्दर्य आदि विभिन्न पक्षको सत्यसम्म पुगेर विवेचना गर्ने कार्यलाई समालोचना भनिन्छ । साहित्यका सत्य–असत्य, असल–खराब राम्रा-नराम्रा पक्षको निरूपण गर्नु यसको मूल उद्देश्य रहेको हुन्छ । नेपाली समालोचनाको सुरूवात् आजभन्दा झन्डै एकसय तिस वर्षअगाडि मोतीराम भट्टले गरेका हुन् । यति लामो समयक्रममा विभिन्न समालोचकहरू यस विधामा क्रियाशील रहेका छन् । नेपाली समालोचकहरूमध्ये जगदीश शमशेर राणा पनि एक हुन् ।

जगदीश शमशेर राणा (वि.सं.१९८६) नेपाली साहित्यको सिर्जना र समालोचना दुबै विधामा सक्रिय व्यक्तित्व हुन् । २००३ सालदेखि समालोचना लेख्दै आएका जगदीश शमशेर राणाले प्रभावपरक दृष्टिकोणबाट साहित्यिक कृतिको समालोचना गरेका छन् । उनले कुनै पनि सैद्धान्तिक मान्यताको अधिनमा रहेर नभई स्वतन्त्र किसिमले नै साहित्यिक रचनाहरूको समालोचना स्पष्टता, निर्भीकता र प्रभावकारिताका साथ लेखेका छन् । यिनका प्रकाशित समालोचनात्मक कृतिहरूमा **मुनामदन भ्रमण** (२००३), **दश दृष्टिकोण** (२०४५), **नरसिंह अवतार परिचर्चा** (२०६१), **महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६) **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) रहेका छन् । यी पुस्तकाकार कृतिहरूबाहेक उनका समालोचनात्मक फुटकर लेख रचनाहरू विभिन्न पत्र-पत्रिकामा प्रकाशित भएका पाइन्छन् । विभिन्न लेखकहरूका सिर्जनात्मक कृतिमा भूमिकाका रूपमा पनि उनका समालोचनात्मक विचारहरू प्रकाशित भएका पाइन्छन् ।

जगदीश शमशेर राणा साहित्यिक कृतिको प्रभावकारितालाई आधार बनाएर त्यसको विस्तृत समीक्षा गर्ने समालोचक हुन् । उनका समालोचना कृति तथा कृतिकारकेन्द्री रहेका छन् । प्रभावपरक तथा तुलनात्मक ढङ्गले व्याख्या-विश्लेषण गरी निर्णयात्मक दृष्टिकोण

प्रस्तुत गर्नु उनको समालोचनाको मूल विशेषता हो । प्रस्तुत शोधपत्र यिनै व्यक्तित्व राणाको समालोचनाकारिताको अध्ययन, विश्लेषण र मूल्याङ्कनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

जगदीश शमशेर राणाका समालोचना के-कस्ता छन् र नेपाली समालोचनामा उनको योगदान के कस्तो रहेको छ भन्ने जिज्ञासा नै प्रस्तुत शोधकार्यको मूल समस्या हो । सोही कुराको खोजी यस शोधकार्यमा गरिएको छ । प्रस्तुत शोधसमस्याको प्रामाणिक समाधानका लागि यो शोधकार्य निम्नलिखित शोधप्रश्नमा आधारित रहेको छ :

१. जगदीश शमशेर राणाका समालोचना के कस्ता छन् ?

२. नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदान के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

जगदीश शमशेर राणका समालोचना के-कस्ता छन् र नेपाली समालोचनामा उनको योगदान के कस्तो छ भन्ने जिज्ञासा समाधान गर्नु नै प्रस्तुत शोधकार्यको मूल उद्देश्य हो । प्रस्तुत शोधकार्यको समस्याकथनमा उठेका शोधप्रश्नको समाधानमा आधारित उद्देश्य यसप्रकार रहेका छन् :

१. जगदीश शमशेर राणाको समालोचनाकारिता पहिचान गर्नु,

२. नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदान निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली समालोचना लेखनमा जगदीश शमशेर राणाको विशेष योगदान रहेको छ । नेपाली समालोचनाको ऐतिहासिक विकासक्रमको सर्वेक्षण गर्ने क्रममा र प्रवृत्तिगत रूपबाट समालोचक वा समालोचनाको अध्ययन गर्ने क्रममा केही विद्वान्हरूले सीमित पक्षबाट नेपाली समालोचना र समालोचक जगदीश शमशेर राणाको समालोचकीय प्रवृत्ति तथा योगदानका बारेमा चर्चा गरेको छन्, जसको कालक्रमिक समीक्षा यसप्रकार छ :

हरिराज भट्टराईले **जगदीश शमशेर : सिद्धान्त र समीक्षा** (२०५१) शीर्षकको समालोचनात्मक पुस्तकमा जगदीश शमशेर राणाको कला साहित्यसम्बन्धी दृष्टिकोणका बारेमा विस्तृत चर्चा गरेका छन् । यस कृतिमा समालोचक राणाको समालोचनात्मक कृति **दश दृष्टिकोण**मा सङ्कलित रचनाको विभिन्न कोणबाट विश्लेषण गरिएको पाइन्छ । जगदीश शमशेर राणाको समालोचकीय दृष्टिलाई स्पष्ट पार्न तयार गरिएको यस कृतिमा सिर्जना र समीक्षाका माध्यमबाट राणाले नेपाली साहित्यमा भिन्न परिचय निर्माण गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

विष्णुप्रसाद घिमिरेले “साहित्यकार जगदीश शमशेर राणाको जीवनी, व्यक्तित्व र कृतित्व” (२०५४) शीर्षकको शोधपत्रमा जगदीश शमशेर राणाको स्रष्टा र द्रष्टा दुबै व्यक्तित्वको चर्चा गर्दै उनको दुबै व्यक्तित्व प्रखर रहेको निष्कर्ष प्रस्तुत गरेका छन् । राणाका समालोचना कृति पुस्तकाकार तथा फुटकर रूपमा प्रकाशित भएको जानकारी गराउँदै राणाको समालोचकीय दृष्टिकोण मौलिक रूपमा निर्माण भएको निष्कर्ष प्रस्तुत गरिएको छ । राणाको व्यक्तित्व र कृतित्वमाथि प्रकाश पारिएको यो शोधपत्र उपयोगी सामग्रीका रूपमा रहेको छ ।

घनश्याम कँडेलले **नेपाली समालोचना** (२०५५) शीर्षकको कृतिमा समालोचनाको व्युत्पत्तिगत अर्थ, परिभाषा र समालोचनाका प्रकार प्रस्तुत गर्दै विभिन्न नेपाली समालोचकका प्रवृत्तिको चर्चा गरेका छन् । उनले समालोचनालाई साहित्यकारका कृतिको सहृदयतापूर्वक गरिने व्यख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो र यसले साहित्यको मर्म नबुझ्ी अलमलिएको पाठकलाई मार्ग निर्देशन गर्दछ भन्ने निचोड प्रस्तुत गरेका छन् । उक्त ग्रन्थ प्रस्तुत शोधपत्रका लागि समालोचनाको सैद्धान्तिक अवधारणा निर्माणमा उपयोगी रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधानले **साझा समालोचना** (२०५८) शीर्षकको कृतिमा समालोचनाको अर्थ र स्वरूपका बारेमा जानकारी प्रस्तुत गरेका छन् । नेपाली समालोचनाका समालोचनात्मक अवधारणालाई प्रस्तुत गर्नुका साथै यस कृतिमा समालोचनाको सैद्धान्तिक स्वरूपलाई पनि स्पष्ट पारिएको छ । प्रस्तुत शोधपत्रमा समालोचनाको सैद्धान्तिक अवधारणा निर्माणमा यस कृतिको उपयोगसमेत गरिएको छ ।

राजेन्द्र सुवेदीले **समालोचना सिद्धान्त र नेपाली समालोचना** (२०६१) शीषकको पुस्तकमा समालोचनाको परिचय, परिभाषा तथा समालोचनाका प्रकारको चर्चा गरेका छन् । समालोचनाका आवश्यक घटकको चर्चा गर्दै कृतिमा रहेका रहस्यको उद्घाटन गर्ने कार्यलाई समालोचनाका रूपमा चिनाएका छन् । समालोचनाको सैद्धान्तिक अवधारणा निर्माणमा यो कृति उल्लेखनीय रहेको छ ।

नेत्र एटमले **समालोचनाको स्वरूप** (२०६१) शीर्षकको पुस्तकमा समालोचनाको परिचय, प्रकार र परिभाषा प्रस्तुत गरी नेपाली समालोचनाको समकालीन रूपरेखासमेत प्रस्तुत गरेका छन् । नेपाली समालोचनाका क्षेत्रमा सक्रिय रहेका विभिन्न समालोचकको समालोचकीय प्रवृत्तिको निरूपणका लागि उनको यस कार्यले सहयोग गर्ने देखिन्छ । यस कृतिमा समालोचनाका विभिन्न प्रकारको विस्तृत व्यख्या गरिएको छ ।

बाबुराम अधिकारीले **समालोचना सिद्धान्त र नेपाली समालोचना** (२०६१) शीर्षकको समालोचना कृतिमा समालोचनाको परिचय, परिभाषा र प्रकारको चर्चा गरी नेपाली समालोचनामा देखिएका विभिन्न वाद र प्रणालीअन्तर्गतका समालोचकका विशेषताको निरूपण गर्ने काम गरेका छन् । उनको यो ग्रन्थ प्रस्तुत शोधका लागि सैद्धान्तिक अवधारण निर्माणमा सहयोगी रहको छ । समालोचनामा वैचारिक स्पष्टता, निर्भीकता, प्रभावकारिता एवं स्वाभाविकता र सरसता रहनुपर्छ भन्ने मान्यता उनको रहेको छ ।

राजेन्द्र सुवेदीले **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (२०६१) शीर्षकको पुस्तकमा नेपाली समालोचनाको विकासक्रमलाई प्रस्तुत गरेका छन् । उनले यस क्रममा देखिएका नेपाली समालोचकका कृति र तिनका प्रवृत्तिको निरूपण गर्ने कार्यसमेत गरेका छन् । यसले समालोचकमा के-कस्ता प्रवृत्ति तथा विशेषता रहेका छन् भन्ने बुझ्न सजिलो बनाएको छ । नेपाली समालोचना- वस्तुवादी, प्रगतिवादी, प्रभाववादी, आलोचनात्मक यथार्थवादी, शोधखोजमूलक आदि धारमा अगाडि बढेको तथ्यलाई स्पष्ट पार्ने काम सुवेदीले गरेका छन् ।

नेत्र एटमले 'नेपाली समालोचनामा उत्तरआधुनिकताको सरगर्मी', (**भृकुटी**,१०, २०६७) मा सङ्कलित लेखमा जगदीश शमशेर राणाको समालोचनाकारिताका बारेमा सामान्य चर्चा गरेका छन् । समालोचनाका प्रकारका बारेमा चर्चा गर्दा उनले जगदीश शमशेर राणालाई उत्तरआधुनिक समालोचकका रूपमा चिनाएका छन् । यसक्रममा उत्तरआधुनिक

समालोचकलाई आशङ्कावादी र निश्चयवादी गरी दुई वर्गमा विभाजन गर्दै राणालाई निश्चयवादी समालोचकका रूपमा चिनाएका छन् । उनको यस लेखले जगदीश शमशेरलाई उत्तरआधुनिकताका मान्यतालाई अनुसरण गरी समालोचना गर्ने समालोचक व्यक्तित्वका रूपमा प्रस्तुत गरेको छ ।

लक्ष्मणप्रसाद गौतमले **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना** (२०७०) पुस्तकमा जगदीश शमशेर राणाको **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** कृतिको विश्लेषण गरेका छन् । यसमा उनले राणालाई बहुलवादी अवधारणाभित्र अन्तर्विषयकताको व्याख्या गर्ने समालोचकका रूपमा चिनाएका छन् । राणाको समालोचना सैद्धान्तिक हुनुका साथै दार्शनिक पनि छ भन्ने निष्कर्ष उनको छ । यस कृतिमा समालोचक राणाका समालोचनात्मक प्रवृत्तिलााई औँल्याइएको छ ।

एकनारायण पौडेलले **आधुनिक नेपाली समालोचनाको इतिहास** (२०७०) पुस्तकमा नेपाली समालोचनाको आधुनिक कालको पहिलो चरणमा देखापरेका समालोचनात्मक कृतिको चर्चा गर्दा जगदीश शमशेर राणाको **मुनामदन भ्रमण**लाई प्रभावकारी समालोचना कृतिका रूपमा उल्लेख गरेका छन् । तुलनात्मक रूपमा तयार पारिएको यस कृतिले स्रष्टाका गुणदोषको मूल्याङ्कन गरेको छ भन्ने निष्कर्ष उनको रहेको छ ।

गोविन्दराज भट्टराईले नेपाल प्रज्ञा प्रतिष्ठानले आयोजना गरेको विचार गोष्ठीमा 'वर्तमान विश्व परिवेशमा साहित्य र समालोचनाको बाटो' (२०७१) शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै एक समर्पित समालोचकले साहित्य क्षेत्रलाई आफ्नो कर्मले कसरी सिञ्चित गर्दछ भन्ने क्रममा जगदीश शमशेर राणाको **काव्यको रचनामा शिल्पकारिताको भूमिका** कृतिभित्रका केही प्रसङ्गलाई प्रस्तुत गरेका छन् । समालोचकले काव्यरूपी फलहरूलाई फोरेर काव्यप्रेमीहरूका बिचमा पस्कने काम गर्दछ भन्दै समालोचक जगदीश शमशेर राणामा पनि त्यो खुबी रहेको आशय प्रकट गरेका छन् ।

कुमारप्रसाद कोइरालाले 'उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट उत्तरआधुनिकताको प्राच्यवादी पठन' (**पूजा,** २६, २०७२) मा सङ्कलित लेखमा जगदीश शमशेर राणाको **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** कृतिको चर्चा गरेका छन् । यसमा पूर्वीय ज्ञानका आलोकमा उत्तरआधुनिक ज्ञान, विज्ञान र प्रविधिको व्याख्या गरिएको कृतिका रूपमा

**उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट**लाई चिनाइएको छ । हाम्रो वरपरका घटनालाई आधार बनाएर हाम्रा भोगाइलाई उदाहरणका रूपमा प्रस्तुत गरी उत्तरआधुनिकतासम्बन्धी ज्ञान यस कृतिले दिएको छ भन्ने निष्कर्ष लेखकको रहेको छ । मानव अनुशासनका प्रत्येक शाखामा उत्तरआधुनिकताको प्रभाव कसरी परेको छ भन्ने कुरालाई यस कृतिले देखाएको कुरा समीक्षामा प्रस्तुत गरिएको छ । उत्तरआधुनिकतालाई वैयक्तिक विचारबाट व्याख्या गर्ने प्रवृत्ति जगदीश शमशेर राणामा रहेको निष्कर्ष यस लेखमा निकालिएको छ ।

माथि दिइएका पूर्वाध्यनलाई दृष्टिगत गर्दा नेपालीमा समालोचनाको सिद्धान्त सम्बन्धी प्रशस्त अध्ययन भएको भए तापनि जगदीश शमशेर राणाको समालोचनाकारिताका विषयमा थोरै मात्र अध्ययन भएको पाइन्छ । जति समालोचनाको सैद्धान्तिक स्वरूपका विषयमा अध्ययन भएका छन् त्यति मात्रामा जगदीश शमशेर राणाको समालोचनाकारिताका विषयमा अध्ययन नभएकाले प्रस्तुत अध्ययन आवश्यक भएको हो । जगदीश शमशेर राणाको समालोचनाका विषयमा हरिराज भट्टराईबाहेक अन्य समालोचकले प्रसङ्गत टिप्पणी मात्र प्रस्तुत गरेका छन् । हरिराज भट्टराई पनि राणाको **दश दृष्टिकोण** कृतिमा केन्द्रित रहेका छन् । लामो समयदेखि नेपाली समालोचनाका क्षेत्रमा क्रियाशील राणाको समालोचनाकारिताको विश्लेषण आवश्यक रहेको कुरा माथिका अध्ययनले थप स्पष्ट पारेको छ ।

## १.५ अध्ययनको औचित्य

प्रस्तुत शोधपत्र समालोचक जगदीश शमशेर राणाको समालोचनाकारिताको अध्ययन तथा विश्लेषणमा तयार पारिएको छ । उनको समालोचनाकारिताको अध्ययन तथा विश्लेषण मूल रूपमा नभएको कुरा पूर्वकार्यको अध्ययनबाट पनि स्पष्ट भएको छ । जगदीश शमशेर राणाका विभिन्न समालोचना कृतिहरू प्रकाशित भए तापनि ती कृतिको वस्तुपरकताको परीक्षण समालोचनाको सैद्धान्तिक आधारमा भएको पाइँदैन । यस शोधपत्रमा समालोचनाको सैद्धान्तिक स्वरूपका आधारमा जगदीश शमशेर राणाको समालोचनाकारिताको विश्लेषण गरिएको छ । यसका अतिरिक्त प्रस्तुत शोधप्रत्रले जगदीश शमशेर राणाका समालोचना कृतिको विशिष्टताका बारेमा समग्र रूपमा जान्न चाहने पाठक र अनुसन्धानकर्ताका लागि सहयोग गर्ने देखिन्छ । यस अर्थमा पनि प्रस्तुत शोधप्रबन्धको औचित्य तथा dxŒj पुष्टि

हुन्छ । अन्य नेपाली समालोचकको समालोचनासम्बन्धी अध्ययन अनुसन्धान परम्परालाई अगाडि बढाउनमा सहयोग गर्ने हुनाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधप्रत्र जगदीश शमशेर राणाको समालोचनाकारितामा आधारित रहेको छ । जगदीश शमशेर राणाका समालोचनाका आतिरिक्त अन्य विधाका कृतिहरू पनि प्रकाशित छन् तर ती यस अध्ययनसँग सम्बन्धित छैनन् । यस शोधपत्रमा समालोचनाको सैद्धान्तिक स्वरूपका आधारमा राणाका समालोचना कृतिको विश्लेषण, वर्गीकरण, समालोचकीय प्रवृत्तिको निरूपणका साथै नेपाली समालोचनामा उनको योगदानका चर्चा गरिएको छ । यसका लागि जगदीश शमशेर राणाका प्रकाशित पुस्तकाकार समालोचना कृतिहरू मात्र छनोट गरिएको छ । उनका फुटकर समालोचनालाई यस शोधपत्रमा समावेश गरिएको छैन । प्रस्तुत शोधपत्र जगदीश शमशेर राणाको समालोचकीय व्यक्तित्व, प्रवृत्ति र योगदानको निरूपणमा मात्र सीमित रहेको छ ।

## १.७ सामग्रीसङ्कलन तथा विश्लेषणविधि

अध्ययनलाई व्यवस्थित र प्रामाणिक बनाउन सामग्रीसङ्कलन तथा विश्लेषणविधि आवश्यक हुन्छ । प्रस्तुत अध्ययनलाई पनि व्यवस्थित, प्रामाणिक र गहन बनाउन सामग्रीसङ्कलन तथा विश्लेषणविधिको प्रयोग गरिएको छ । प्रस्तुत शोधपत्रको सामग्रीसङ्कलन र विश्लेषणविधिका बारेमा सङ्क्षिप्त चर्चा तल गरिएको छ :

### १.७.१ सामग्रीसङ्कलन कार्य र विधि

प्रस्तुत शोधप्रबन्ध तयार पार्नका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्री पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ । यस क्रममा जगदीश शमशेर राणाका पुस्तकाकार रूपमा प्रकाशित समालोचनात्मक कृतिहरू प्राथमिक स्रोतका सामग्रीहरूका रूपमा रहेका छन् । यसरी चयन गरिएका प्राथमिक स्रोतका सामग्रीमा **मुनामदन भ्रमण** (२००३), **दश दृष्टिकोण** (२०४५), **नरसिंह अवतार परिचर्चा** (२०६१), **महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६), **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट**

(२०६९) रहेका छन् । अध्ययनका क्रममा समालोचना र जगदीश शमशेर राणाको समालोचनाकारिता सम्बन्धी विश्लेषण गरिएका अन्य पुस्तक, लेख, शोधपत्र एवम् अनुसन्धानमूलक कृतिहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषणको ढाँचा

प्रस्तुत शोधप्रत्र मुख्यत: जगदीश शमशेर राणाको समालोचनाकारितासम्बन्धी अध्ययनमा केन्द्रित भएको हुनाले समालोचनाको सैद्धान्तिक पर्याधारका आधारमा उनका समालोचना कृतिको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । यस शोधमा समालोचक राणाका समालोचनात्मक प्रवृत्तिको निरूपण गर्नुका साथै नेपाली समालोचनामा उनको योगदानको चर्चा गर्ने क्रममा विश्लेषणात्मक र तुलनात्मकविधिको उपयोग गरिएको छ ।

## १.८ शोधपत्रको सङ्गठन

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित र सुगठित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । विभाजित परिच्छेदलाई पनि आवश्यकताअनुसार मूल शीर्षक तथा उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ । जगदीश शमशेर राणाको समालोचनाकारिता शीर्षकमा रहेको प्रस्तुत शोधपत्रको सङ्गठनात्मक रूपरेखा निम्नानुसार रहेको छ :

| | |
|---|---|
| पहिलो परिच्छेद | : शोधपरिचय |
| दोस्रो परिच्छेद | : समालोचनाको सैद्धान्तिक स्वरूप |
| तेस्रो परिच्छेद | : जगदीश शमशेर राणाको परिचय, समालोचनायात्रा र प्रवृत्ति |
| चौथौ परिच्छेद | : जगदीश शमशेर राणाका समालोचना कृतिको विश्लेषण |
| पाँचौँ परिच्छेद | : जगदीश शमशेर राणाको समालोचकीय योगदान |
| छैटौँ परिच्छेद | : सारांश तथा निष्कर्ष । |

**सन्दर्भसामग्री सूची**

# दोस्रो परिच्छेद

# समालोचनाको सैद्धान्तिक स्वरूप

## २.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा समालोचनाको सैद्धान्तिक स्वरूपका बारेमा चर्चा गरिएको छ । यस क्रममा समालोचनाको व्युत्पत्तिगत अर्थ, प्रयोगपरक अर्थ, परिभाषा, समालोचनाको उद्देश्य, समालोचनाका मूल तत्त्व तथा समालोचनाका प्रकार र पद्धतिको विश्लेषण गरी समालोचनाको सैद्धान्तिक स्वरूपको परिचय प्रस्तुत गरिएको छ ।

## २.२ समालोचनाको परिचय

समालोचना सिर्जनाका बारेमा तर्कपूर्ण रूपमा गरिएको व्याख्या, विश्लेषण र मूल्याङ्कन हो । समालोचनाले व्यक्तिको विचार, अनुभूतिगत यथार्थ, कल्पनागत सौन्दर्य तथा कृतिगत हार्दिकता र बौद्धिकताजस्ता कुरासँग प्रत्यक्ष सम्बन्ध राख्छ । यसले कृतिको बाह्य स्वरूपको मात्र अध्ययन नगरी कृतिलाई विविध कोणहरूबाट व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्छ । समालोचनाको सम्बन्ध कृति र कृतिकारसँग हुन्छ । स्रष्टाले कृतिको सिर्जना गर्दा जीवन र जगत्का सार्थक र निरर्थक मूल्यहरूलाई सुरक्षित राख्ने प्रयास गरिरहेको हुन्छ । ती मूल्यहरूको खोजी गर्नु नै समालोचनाको प्रमुख काम हो । सिर्जनाको आस्वादित प्रभावलाई इमानदारीपूर्वक तर्कपूर्ण तरिकाले प्रस्तुत गर्ने सिर्जना नै समालोचना हो ।

स्रष्टा र सिर्जनाको कलाचेतना, सम्प्रेषणीय सामर्थ्य, परिवेश आदिको अन्तरमा आफूलाई निर्लिप्त गरी गरिएको गुण ग्राह्यता तथा दोष निरूपणको मूल्याङ्कन र परीक्षण नै समालोचना हो भन्ने पुष्टि हुन्छ । यसमा रागात्मकता भन्दा पनि बोध पक्ष बढी उघ्रेको हुन्छ । समालोचनाको मूल धर्म भनेको कुनै पनि सिर्जनाभित्र घोत्लिएर त्यसको भाव ग्रहण गर्दै कृतिको व्याख्या, विश्लेषण र निरीक्षण गरी उचित मूल्याङ्कन र सही निर्णय प्रस्तुत गर्नु हो । यसले साहित्यिक कृतिको मूल्यनिर्धारण गर्दछ ।

## २.३ समालोचनाको व्युत्पत्तिगत अर्थ

समालोचना नामवाची तत्सम शब्द हो । संस्कृतमा यसलाई स्त्रीलिङ्गी शब्द मानिन्छ । साहित्य क्षेत्रमा समालोचना, समीक्षा, आलोचना आदि शब्दलाई एउटै अर्थमा प्रयोग गरिएको पाइन्छ । "समालोचना शब्दको व्युत्पत्ति सम्+आ+लोच्+अन+आ को यौगिक प्रक्रियाबाट भएको देखिन्छ । संस्कृत व्याकरणअनुसार 'लोच्' दर्शने धातुमा 'आ' उपसर्ग र 'ल्युट्' (अन्) प्रत्यय लागेपछि स्त्रीलिङ्गी रूपमा 'टाप्' (आ) प्रत्यय जोडेर **आलोचना** शब्दको निर्माण हुन्छ । यसरी निर्माण भएको **आलोचना** शब्दमा 'सम्' उपसर्ग पुनः थप गर्दा **समालोचना** शब्दको निर्माण हुन्छ" (कँडेल, २०५५ : क) । आलोचना शब्दलाई *आ समान्तात् लोचनम्* (अवलोकनम्) आलोचना भनेर व्याख्या गरिएको पाइन्छ भने समालोचनालाई सम्यक् आलोचना अर्थात् कुशलतापूर्ण तरिकाले गरिएको विवेचना भनेर पनि व्याख्या गरिएको छ । जे भए पनि समालोचना र आलोचना यी दुबै शब्दमा अर्थ तात्विक समानता छ । समालोचना शब्दले कुनै पनि विषयलाई राम्रोसँग सबैतिरबाट हेर्नु भन्ने कोशीय अर्थ दिन्छ भने आलोचना शब्दले कुनै विषयको गुणदोष निरूपण गर्ने कुरालाई बुझाउँछ ।

समालोचना शब्दलाई अङ्ग्रेजीमा **क्रिटिसिज्म** (Criticsm) भन्ने गरिएको पाइन्छ । "ग्रिसेली भाषाको निर्णायक अर्थ दिने क्रिटिकोस (kritikos) बाट अङ्ग्रेजीको क्रिटिक (Critic) शब्द विकसित भएको मानिन्छ । अङ्ग्रेजीको क्रिजिसिज्ममा Critic र ism गरी दुई शब्दको मेल भएको छ । Critic को अर्थ अलग गर्नु भन्ने हुन्छ । अर्थात यसले सिर्जनाको बाह्य (रूप) र आन्तरिक (वस्तु) पक्ष, शिल्प र भाव वा गुण र दोषहरूलाई अलग गरेर राख्नु भन्ने कुरालाई बुझाएको छ । त्यस्तै ism ले वाद वा सिद्धान्त भन्ने कुरालाई व्यक्त गरेको छ । यसरी हेर्दा Criticism शब्दले स्रष्टाका सिर्जनामा निहीत रूप र वस्तु पक्षका बारेमा राम्रोसँग गरिएको अध्ययन विश्लेषण, परीक्षण र मूल्याङ्कन गर्ने सिद्धान्तलाई बुझाउँछ (पोखरेल, २०६५ : ४) । यसप्रकार अङ्ग्रेजीको Criticism शब्दले कुनै विषय वा कृतिको व्याख्या-विश्लेषण गरी त्यसबारे निर्णय दिनु वा मूल्याङ्कन गर्नु भन्ने अर्थ दिन्छ । समालोचना शब्दले कुनै पनि विषय वस्तु, घटना र क्रियाकलापका बारेमा राम्रोसँग अवलोकन, विचार, विवेचना, विश्लेषण गरी सत्य निरूपणका लागि गरिएको मूल्याङ्कनलाई बुझाउँछ ।

**नेपाली बृहत् शब्दकोश**मा समालोचन र समालोचना समानार्थी शब्दका रूपमा प्रयोग गरिएको छ । यस शब्दकोशले यी दुई शब्दको अर्थ कुनै विषयका राम्रा नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम, कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुणदोषको विवेचना तथा कुनै ग्रन्थ, लेख आदिका गुणदोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना समीक्षाका रूपमा लगाएको छ (२०७२ : १२३५ ) ।

समालोचना शब्दको समानार्थीका रूपमा 'आलोचना' र 'समीक्षा' शब्दको पनि प्रयोग भएको पाइन्छ । कतिपय विद्वान्हरूद्वारा समालोचनाकै अर्थमा आलोचना र समीक्षा शब्दको प्रयोग भएको पाइए तापनि सूक्ष्म रूपले हेर्दा यी शब्दको अर्थमा भिन्नता देखिन्छ । खासगरी हाम्रो समाज व्यवहारमा आलोचना शब्दको प्रयोग निन्दासूचक एवम् दोष मात्रै देखाउने सन्दर्भमा रूढ हुन पुगेको छ । त्यस्तै विभिन्न पत्र-पत्रिका तथा पुस्तक पुस्तिकामा प्रकाशित गुण विवेचनातर्फ ढल्केका सामान्य खालका लेखलाई समीक्षा शब्दले अर्थ्याएको पाइन्छ तर समालोचना शब्दले गुण र दोष दुबै केलाएर गुरू गम्भीर ढङ्गले गरिने कृतिको व्याख्या, विश्लेषण र मूल्याङकनलाई बुझाउने गर्दछ । समालोचना शब्दको व्युत्पत्तिगत अर्थ भने कुनै पनि कृतिको सम्यक् रूपले गरिएको आलोचना भन्ने हुन्छ ।

## २.४ समालोचनाको प्रयोगमूलक अर्थ

नेपाली साहित्यमा समालोचना शब्दलाई साहित्यिक कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कनका लागि प्रयोग गरेको पाइन्छ । समालोचनाका लागि व्यवहारमा आलोचना, समीक्षा र समालोचनाजस्ता शब्द प्रयोग गरिएको पाइन्छ । नेपाली समालोचनाको इतिहासमा सूर्यविक्रम ज्ञवालीले **नैवेद्य** समालोचना लेखेर कवि धरणीधर कोइरालाका कविताका सबल र दुर्बल पक्षको चर्चा गरेका छन् । यस्तै समालोचक युदुनाथ खनालले **समालोचनाको सिद्धान्त** कृतिमा साहित्यिक कृतिका सबलता र दुर्बलता छुट्याउनका लागि समालोचना शब्दको प्रयोग गरेको पाइन्छ । यस्तै मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास**मा समालोचना शब्दको प्रयोग साहित्यिक कृतिको मूल्याङ्कनका सन्दर्भमा गरेका छन् । तारानाथ शर्माले समालोचना शब्दलाई फटाहालाई पोल्ने सिस्नोका रूपमा प्रयोग गरी यसको अर्थलाई आलोचनाका नजिकमा राखेका छन् । यस्तै रत्नज्वज जोशीले **साहित्य समीक्षा** कृति रचना गरी साहित्यिक कृतिका राम्रा र नराम्रा पक्षको मूल्याङ्कनका

लागि समीक्षा शब्दलाई लिएका छन् । यसरी हेर्दा समालोचनाका समानार्थी रूपमा आलोचना र समीक्षा शब्दको प्रयोग रहेको पाइन्छ । नेपाली समालोचनाको प्रयोगमूलक अर्थका सन्दर्भमा अहिले आएर अनेकौ शब्दको प्रयोग गरिन थालेको पाइन्छ । यस्ता शब्दमा मूल्याङ्कन, परीक्षण, विचरण, अवलोकन, प्रतिकृति, मीमांसा, सिंहावलोकन आदिलाई लिन सकिन्छ । यी शब्दको मूल मर्ममा समालोचना शब्दको अर्थ निहित रहेको छ । अन्य शब्दको तुलनामा प्रयोगमूलक अर्थका हिसाबले समालोचना शब्द सर्वस्वीकार्य भएको छ र यसको प्रयोग प्रचलन नै व्यापक रहेको छ ।

## २.५ समालोचनाको परिभाषा

समालोचना शब्दको व्युपत्तिगत अर्थलाई आधार मान्दा कुनै विषय वा कृतिका गुणदोषको विवेचनाका साथै मूल्य निर्णयलाई समालोचना भनिन्छ । यिनै अर्थको आधारमा वा केन्द्रीयतामा नै समालोचनाको परिभाषा बढी गरिएको पाइन्छ समालोचनाको परिभाषा गर्ने काम पूर्वीय तथा पाश्चात्य जगत्मा पहिलेदेखि नै हुँदै आइरहेको छ ।

पूर्वीय साहित्यशास्त्रमा भरतमुनिले **नाट्यशास्त्र** लेखेर समालोचना लेखनको आरम्भ गरेका भए तापनि संस्कृति साहित्यमा समालोचना शब्दको प्रयोग भने धेरैपछि राजशेखरले गरेको पाइन्छ । "राजशेखर भन्दा अगाडि विभिन्न विद्वान्हरूले काव्यको परिभाषा दिने क्रममा आआफ्ना मतानुसार विभिन्न सम्प्रदाय तथा सिद्धान्तहरूको स्थापना गरी तिनकै आधारमा साहित्यको व्याख्या-विश्लेषण गरेका छन् । राजशेखरले प्रतिभालाई कारयित्री र भावयित्री गरी दुई भागामा बाँड्दै सृजनालाई कारयित्री प्रतिभाको उपज र समालोचनालाई भावयित्री प्रतिभाको उपज मानेका छन्" (अधिकारी, २०६८ : ८) । यस्तै पाश्चात्य साहित्यमा होमरदेखि प्लेटोसम्मका विद्वान्हरूले साहित्यको विषयमा विभिन्न किसिमको विचार राखेको पाइए तापनि अरस्तुको **काव्यशास्त्र**लाई नै पहिलो समालोचना कृति मान्ने गरिन्छ । अरस्तुको **अनुकरण सिद्धान्त**बाट सुरू भएको मानिने पाश्चात्य समालोचनाले अहिलेसम्म आइपुग्दा विभिन्न मोडहरू पार गरिसकेको छ ।

प्रस्तुत शोधपत्रको यस शीर्षकमा पूर्व र पश्चिममा गरिएका केही महत्त्वपूर्ण परिभाषालाई प्रस्तुत गरिएको छ । जुन कुराले समालोचनाको स्वरूप र परिचयलाई अझ स्पष्ट पार्न सहयोग गर्छ । पूर्वीय काव्यचिन्तनमा समालोचनाको क्रम धेरै पहिलेदेखि नै

चलेको पाइन्छ । काव्यको आस्वादनका सन्दर्भमा विकास भएका रसवादी, अलङ्कारवादी, रीतिवादी, वक्रोक्तिवादी, ध्वनिवादी, औचित्यवादी मान्यतालाई समालोचनाको अनुक्रमका रूपमा लिन सकिन्छ । यी मान्यताले काव्यको आलोचना एक पक्षीय ढङ्गबाट गरेका छन् । राजशेखरले आफ्नो **काव्यमीमांसा**मा "प्रतिभा दुई प्रकारका छन् कारयित्री (सर्जक) र भावयित्री (समालोचक) कारयित्री प्रतिभा पुनः तिन प्रकारको छ सहज, आहार्य र औपदेशिक । यी तीन वटै काव्यका कारक हुने हुनाले यिनलाई सर्जक प्रतिभा भनिन्छ । भावकले पाठकको उपकार गर्ने हुनाले उसलाई भावयित्री प्रतिभा भनिन्छ । यसैबाट कवि व्यापार रूपी सिर्जना सफल वा निष्फल हुन्छ" (कँडेल, २०५५ : ख) ।

राजशेखरको यस परिभाषाले भावयित्री प्रतिभालाई समालोचकीय प्रतिभा मानेको छ र भावयित्री प्रतिभाको रचना नै समालोचना हो भन्ने कुरालाई स्वीकार गरेको छ । समालोचनाका आधारमा नै सर्जकको काव्य साधना सफल र निष्फल हुने कुरामा राजशेखरको विश्वास पनि छ । उनको यस परिभाषाले स्रष्टाको उद्देश्य, आशय, अभिप्राय आदिको ज्ञान गराउने रचना समालोचना हो भन्ने कुरा स्पष्ट पारेको छ ।

पश्चिमी साहित्य चिन्तनमा समालोचनाको प्रक्रियाले लामो यात्रा पार गरिसकेको छ । पश्चिममा समालोचनालाई व्यापक गराउने क्रममा प्लेटो, एरिस्टोटल, आर्नोल्ड, क्रोचे, हड्सन, रिचार्डस आदि धेरै समालोचकहरू देखापरेका छन् । यी मध्ये केहीले कृतिको रूप पक्षलाई केहीले कृतिको वस्तुपक्षलाई जोड दिएका छन् । फरक फरक समयमा विभिन्न विद्वान्हरूले आआफ्नो किसिमले समालोचनालाई परिभाषित गरेको पाइन्छ ।

ड्राइडनले समालोचनालाई साहित्यिक कृतिको मूल्याङ्कन गर्ने विधाका रूपमा चिनाएका छन् । भने मैथ्यु आर्नोल्डले कृतिका राम्रा कुरालाई ग्रहण गरी त्यसको प्रचार वा विज्ञापनलाई समालोचना मानेका छन् । यस्तै विलियम हेनरी हड्सनले सिर्जनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचना त्यस व्याख्याको पनि व्याख्या हो भन्ने विचार राखेका छन् भने मिडिल्टन मरेले जीवनको सचेतता कला हो भने कलाको सचेतता समालोचना हो भन्ने धारणा प्रकट गरेका छन् । त्यसैगरी आइ.ए. रिचार्डसले विवेच्य कृतिको विवेचना गरी त्यसको मूल्य निर्धारण गर्नु नै समालोचनाका मूल कार्य भएको स्वीकार गरेका छन् भने टि.एस. इलियटले लिखित शब्दका माध्यमबाट गरिने कलाकृतिको टिप्पणी तथा व्याख्या विवेचना लाई समालोचनाका रूपमा चिनाएको पाइन्छ । इन्साइक्लोपिडियाले

समालोचनालाई कुनै पनि कृतिको गुण र मूल्यको परीक्षण गर्ने कलाका रूपमा परिभाषित गरेको छ (अधिकारी, २०६८ :८-१०) ।

माथि प्रस्तुत गरिएका समालोचना सम्बन्धी पश्चिमी विद्वान्हरूका परिभाषाले समालोचनालाई विभिन्न सन्दर्भमा चिनाएको भए पनि समालोचनाको मूल उद्देश्य कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी उचित खालको निष्कर्ष दिनु तथा कृतिको मूल्य निर्धारण गर्नु हो भन्ने रहेको छ ।

नेपाली साहित्यमा मोतीराम भट्टद्वारा लिखित **कवि भानुभाक्ताचार्यको जीवनचरित्र**लाई पहिलो समालोचनात्मक कृति मान्ने गरिन्छ । मोतीराम भट्टदेखि आजसम्म विभिन्न विद्वान्हरूले सैद्धान्तिक र प्रायोगिक समालोचना लेख्दै आएका छन् । यस अवधिमा नेपाली समालोचनाले आफ्नो विकास यात्राका विभिन्न मोडहरू पार गरिसकेको छ । पूर्वीय तथा पाश्चात्य सन्दर्भलाई समेटेर नेपाली साहित्य चिन्तनका क्षेत्रमा पनि समालोचनालाई परिभाषित गरेको पाइन्छ । नेपाली समालोचनाको परम्परा त्यति लामो नभए पनि समालोचनाका बारेमा केही गहन चिन्तन भने भएका छन् ।

यदुनाथ खनालले पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो भने नदीका बारेमा अझ विशेष कुरा जान्नु उसको मूल खोज्नु समालोचना हो भन्ने विचार प्रस्तुत गरेका छन् । यसैगरी रामकृष्ण शर्माका विचारमा साहित्यको स्पष्टास्पष्ट उत्कृष्टानुकृष्टतालाई विवेचनाको पूर्ण प्रकाशमा ल्याई तिनीहरूको आन्तरिक स्वभावको स्पष्टीकरण गरी विभिन्न दृष्टिबाट कलाको कसीमा तिनीहरूको पारख गरी प्राप्त भएको परिभाषाको नित्य स्थायी मूल्य निरूपण गर्नु नै समालोचना हो भन्ने तर्क छ । कृष्णचन्द्रसिंह प्रधानले सैद्धान्तिक निरूपण तथा मूल्यान्वेषण नै समालोचना भएकाले यस कार्यमा कल्पनाको भन्दा न्यायको भावनुकताको भन्दा तर्कको र हृदयको भन्दा मस्तिष्कको महत्त्व बढी रहने विचार प्रस्तुत गरेका छन् । वासुदेव त्रिपाठी तुलना र विश्लेषणका हतियारहरू प्रयोग गर्दै परम्परा र व्यक्तिगत प्रतिभाको मूल्याङ्कनलाई वास्तविक समालोचना मान्दछन् । यसैगरी मोहनराज शर्माका विचारमा समालोचनाले कुनै साहित्यिक कृतिमा के कति स्वायत्तता र स्वनिष्ठा छ, के कति सङ्गति र विसङ्गति छ अनि के कति प्रयोजनको प्रतिफल भएको छ भन्ने कुरालाई समालोचना मान्दछन् । (अधिकारी, २०६८ : ९-११) ।

पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वान्हरूका उपर्युक्त परिभाषाहरूलाई हेर्दा विभिन्न समय र सन्दर्भमा समालोचनालाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन् । तथापि समालोचना भनेको साहित्यिक कृतिको व्याख्या-विश्लेषणका आधारमा गुणदोषको पहिचान एवम् गुणस्तर मापन गरी मूल्याङ्कन गर्नु हो भन्ने कुरामा सबैको सहमति रहेको पाइन्छ ।

यसप्रकार समालोचना सम्बन्धी विभिन्न परिभाषाहरूको अध्ययन मनन् पश्चात समालोचनालाई यसरी परिभाषित गर्न सकिन्छ- "साहित्यिक कृतिमा के भनिएको छ ? र कसरी भनिएको छ ? भन्ने कुराको बुद्धिमतापूर्ण विवेचना गरी मूल्याङ्कन गर्नुका साथै साहित्यको सैद्धान्तिक स्वरूप निर्माण तथा प्रवृत्तिहरूको निरूपण गर्ने कार्यलाई नै समालोचना भनिन्छ ।" मूल रूपमा समालोचना साहित्यिक कृतिका बारेमा शोधपरक रूपमा व्याख्या र विश्लेषणद्वारा गरिने मूल्यनिर्णय हो । यसले कृतिका गुण र दोष दुबैको चर्चा गरेको हुन्छ । समालोचनाले कृति तथा कृतिकारमाथि उचित न्याय गरेको हुनुपर्छ ।

## २.६ समालोचनाको स्वरूप

शाब्दिक रूपमा समालोचनाले कुनै विषय वा वस्तुलाई सबैतिरबाट राम्रोसँग हेर्नु भन्ने अर्थ दिन्छ । खासमा यसले साहित्यिक कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नुका साथै साहित्यको सैद्धान्तिक स्वरूप निर्माण तथा प्रकृतिहरूको निरूपण गर्ने काम गर्दछ । समालोचना साहित्यको एक अभिन्न अङ्ग हो । साहित्यिको एउटा विधाका रूपमा यो चिनिदै आएको छ ।

पद्यात्मक र गद्यात्मक गरी भाषिक अभिव्यक्तिका दुई तरिका छन् । समालोचनाको प्रस्तुति गद्यात्मक रूपमा हुन्छ । संस्कृत समालोचनामा कतै कतै समालोचनाको भाषा पद्यात्मक भएको पाइन्छ तर ती पूर्ण रूपमा कृतिको व्याख्या-विश्लेषण नभएर लक्षण ग्रन्थ भएकाले समालोचनाको केही अंश समावेश भए तापनि पूर्ण समालोचना भने होइनन् । नेपाली समालोचनाका सन्दर्भमा पनि मोतिराम भट्टले प्रस्तुत गरेको **कविताका सरजाम** पद्यमा गरिएको समलोचना हो भन्ने मानिन्छ । यसमा कविताका लागि चाहिने आवश्यक सामग्री र राम्रो कविता लेख्नका लागि मद्दत पुग्ने उपाय बताइएको छ (सुवेदी, २०६१ : ८२) । यो पूर्ण समालोचना होइन किनभने यसमा समालोचनाको लागि आवश्यक पर्ने

मूल्यनिर्णय, व्याख्या-विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता जस्ता कुरा समावेश छैनन् । समालोचनाको प्रस्तुति पद्यात्मक नभएर गद्यमा हुने भएकाले यो गद्यात्मक विधा हो ।

समालोचना आख्यानेतर गद्य विधा हो । समालोचनाका लागि कुनै कथावस्तु वा आख्यानको जरूरत पर्दैन । यसमा कथाको जस्तो घटनाको शृङ्खला र विकासको पनि जरूरत हुँदैन । समालोचना कृतिमा प्रस्तुत भएका विविध सन्दर्भ, भाव वा विचारको व्याख्या, विश्लेषण र मूल्याङ्कन भएकाले यो आख्यानदेखि भिन्न हुन्छ । कतिपय समीक्षकहरूले समालोचनालाई निबन्ध पनि भनेको पाइन्छ । यो पूर्ण रूपमा निबन्ध पनि होइन । निबन्धमा भावनात्मकता र रागात्मकता रहन्छ साथै अनुभव र अपीलको विन्यास पनि हुन्छ, तर समालोचनामा यस्ता कुरा रहेका हुँदैनन् ।

समालोचना ज्ञानात्मक हुन्छ । कृतिमा अविदित बनेर रहेका तथा पाठकले पत्ता लगाउन नसकेका गूढ रहस्यहरूलाई रौँचिरा गरेर समालोचनाले विश्लेषण गर्दछ । समालोचनामा नवीन दृष्टिकोण र तथ्यहरूको समावेश गरिएको हुन्छ । समालोचना सिर्जनाका लागि साहित्यिकताभन्दा बढी बौद्धिकताको आवश्यकता पर्दछ । सिर्जनाजस्तो समालोचना हार्दिक हुन सक्तैन । यसमा कृतिलाई विश्लेषण गर्नको लागि अनेक तर्कहरू प्रस्तुत गरिएको हुन्छ । जसले गर्दा समालोचना सिर्जनात्मक कृति जस्तो आह्लादकारी नभएर ज्ञानात्मक हुन्छ ।

पद्धतिमूलक हुनु समालोचनाको अर्को विशेषता हो । समालोचना निश्चित नियम वा प्रणालीका आधारमा गरिन्छ । यस्ता नियम वा प्रणालीलाई पद्धति भनिन्छ । समालोचनाको क्रम कसरी सुरू गर्ने र कसरी कृतिका विविध पक्षको उद्घाटन गर्ने भन्ने कुरा यसमा रहेका हुन्छन् । कुनै पनि कृतिको समालोचना गर्दा समालोचक निश्चित मापदण्डभित्र रहेको हुन्छ । जसले गर्दा उसको समालोचना बढी विश्वसनीय र प्रभावकारी हुन्छ । यदि समालोचनमा निश्चित पद्धतिको प्रयोग हुन सकेन भने त्यो आत्मगत अनुभूतिजन्य निबन्ध बन्न पुग्दछ । त्यसैले समालोचनाको निश्चित विधि र प्रक्रिया हुन्छ सोही विधि र प्रक्रियामा समालोचना गरिने भएकोले यो पद्धतिमूलक हुन्छ । पद्धतिको प्रयोग भएन भने समालोचना त्यत्ति दरिलो हुन सक्दैन ।

समालोचना साहित्यको पुनःसिर्जन हो । स्रष्टाद्वारा रचना गरिएको सिर्जनामा समालोचकले अभावादिको पूर्ति गरी नवीन सिर्जना गर्ने भएकोले यसलाई साहित्यको पुनःसिर्जन भनिएको हो । प्रकृति, कल्पना र सौन्दर्यका पारखी सर्जक हुन् भने सर्जकका पारखी समालोचक हुन् । सर्जकहरूबाट सिर्जना भएका काव्य कृतिको पुनर्व्याख्या समालोचनामा हुन्छ । समालोचनाले कृतिका गुण दोषको विवेचना गरी कवि कलाकारले जस्तै प्रेरणादायी कृतिको सिर्जना गर्छ । त्यसैले समालोचनाको स्वरूप रचनापछि जन्मिएको दोस्रो सिर्जनाका रूपमा रहन पुग्छ ।

समालोचनाले साहित्यिक कृतिको मूल्य निरूपण गर्दछ । यसमा साहित्यिक कृति, कृतिकार र साहित्यिक परम्पराको निरूपण गरिएको हुन्छ । कुन समयमा कुन सर्जकले कस्तो कृतिको सिर्जना गर्‍यो र यसले साहित्कि परम्परामा के महत्त्व राख्छ भन्ने कुराको निर्धारण समालोचनाले गर्दछ । समालोचनाले कृतिका भाषाशैली, कथानक, पात्र, वस्तु, परिवेश आदिका आधारमा त्यो कृति ठिक छ या छैन भनी मूल्याङ्कन गर्ने कार्य गर्छ ।

समालोचना साहित्यको प्राचीन विधा हो । पूर्वमा भरतमुनिको **नाट्यशास्त्र**लाई पश्चिममा अरस्तुको **काव्यशास्त्र**लाई प्रथम समालोचनात्मक कृति मान्ने गरिन्छ । साहित्यको इतिहासलाई हेर्दा सिर्जनात्मक साहित्यको विकासपछि मात्र समालोचनाको सुरूवात् भएको पाइन्छ । नेपालमा पनि सिर्जनात्मक साहित्य लेखनको सुरूवात् भएको करिब एक सय पच्चिस वर्षपछि मात्र समालोचनाको जन्म भएको देखिन्छ । पूर्वीय जगत्मा विभिन्न सम्प्रदाय र सिद्धान्तहरूको स्थापना गरी तिनकै आधारमा काव्यको विवेचना गरिएको पाइन्छ । त्यसैगरी पाश्चात्य जगत्मा पनि प्राचीन कालदेखि नै समालोचना लेखिदै आएको भए तापनि यसको विकासमा आधुनिक कालको सुरूवात्पछि मात्र तीव्रता आएको र आधुनिक कालमा आइपुगेपछि मात्र यसले विधागत स्वरूप प्राप्त गरेको देखिन्छ । समालोचनाले कृतिको कथ्य र शिल्प दुबै पक्षको विश्लेषण र मूल्याङ्कन गर्दछ । त्यस्तै यसले कृतिको आन्तरिक तथा बाह्य दुबै पक्षको विश्लेषण गरेर मूल्य निरूपण गर्दछ । समालोचनाले सिर्जनात्मक विधाको मात्र होइन समालोचनात्मक कृतिको पनि विश्लेषण गर्दछ ।

साहित्यका अन्य विधाहरूजस्तै समालोचना पनि सिर्जनात्मक कार्य हो । अन्य विधामा जस्तै यस विधामा कलम चलाउन प्रतिभा, साधना र व्युत्पत्तिको आवश्यकता पर्दछ । समालोचना लेखनमा हृदयभन्दा मस्तिष्क पक्ष बढी हाबी हुने गर्दछ । यसमा कलातत्व रहे

पनि वस्तुपरकता र वैज्ञानिकतालाई बढी महत्त्वपूर्ण मानिन्छ । समालोचना हार्दिकता र रागात्मकतासँग नभई बौद्धिकता र तार्किकतासँग सम्बन्धित हुने हुँदा कल्पनाभन्दा तथ्य र भावुकताभन्दा संयमलाई यसमा बढी महत्त्व दिइएको हुन्छ । समालोचनाका प्रकार धेरै भएकाले स्वतः यसको स्वरूपमा पनि भिन्नता देखिन्छ तथापि जुनसुकै प्रकारको समालोचना भए पनि त्यो कि त सिद्धान्तसँग सम्बन्धित हुन्छ कि कृतिकै व्याख्या, मुल्याङ्कन आदि पक्षसँग सम्बन्धित भएर आउँछ (पौड्याल, २०७० : ३०)।

## २.७ समालोचनाको उद्देश्य

सिर्जनाको मूल उद्देश्य धर्म, अर्थ, काम, मोक्ष र मनोरञ्जन प्राप्ति भए जस्तै समालोचनाको मूल उद्देश्य के हो ? भन्ने सन्दर्भमा पूर्व र पश्चिममा विविध धारणाहरूको विकास भएको छ । पश्चिमी साहित्यकार गेटेले सौन्दर्य विवेचनाले समालोचनाको मूल उद्देश्यलाई निर्धारित गर्छ भनेर सौन्दर्य विज्ञानको महत्तालाई विशेष जोड दिएका छन् । जोन्सन र कलरिजले मूल्यनिर्णयलाई समालोचनाको मूल उद्देश्य मानेका छन्, भने आई.ए. रिचार्डसले पनि कृतिको मूल्यनिर्णयलाई नै समालोचनाको उद्देश्य ठानेका छन् । यसैगरी अर्का आलोचक मैथ्यु आर्नोल्डले उत्कृष्ट ज्ञान प्रदान गर्नुलाई समालोचनाको उद्देश्य मानेका छन् । यिनीहरूका विचारलाई विश्लेषण गर्दा समालोचनाको उद्देश्य कृतिको मूल्यनिर्धारण गर्नु, श्रेष्ठता र अश्रेष्ठताको विवेचना गर्नु, सर्वोत्कृष्ट ज्ञान प्रदान गर्नु र सिद्धान्तको निर्माण गर्नु भन्ने हुन आउछ । यी सबै विचारलाई समास गरी समालोचनाको उद्देश्य निर्माण गर्न सकिन्छ । यस आधारमा समालोचनाको उद्देश्य कृतिको आन्तरिक र बाह्य स्थितिको सूक्ष्म निरीक्षण गरी त्यसका विशिष्ट गुणलाई उद्घाटन गर्दै एउटा मूल्यको निर्धारण गर्नु हो ।

समान्य रूपमा हेर्दा समालोचनाको उद्देश्य समग्र साहित्यको विकासमा सहयोग गर्नु हो भन्ने बुझिन्छ । लेखकलाई मार्गदर्शन गर्नु र पाठकमा साहित्यप्रति रुचि जगाउनु पनि समालोचनाको उद्देश्य हो । यस्तै समालोचनाको उद्देश्य साहित्यिक कृतिको आस्वादन गरी पाठकलाई आस्वादनका लागि प्रेरणा प्रदान गर्नु, कृतिको विवेचना गर्दै त्यसले पाठकमा पारेको प्रभावको प्रस्टीकरण दिनु, कृतिकारको उद्देश्य र कृतिको सौन्दर्य उद्घाटन गर्नु, असल साहित्यलाई प्रोत्साहित र विकृत साहित्यलाई निरूत्साहित गर्नु, साहित्यलाई अनावश्यक बहकिन नदिई असल मार्गतर्फ डोऱ्याउनु, जीवन र समाजमा साहित्यको

उपयोगिता र औचित्य स्पष्ट पार्नु, साहित्यको सौन्दर्यशास्त्र निर्माण गरी त्यस आधारमा कृति विश्लेषण गर्नु र कृतिका गुणदोष छुट्याएर व्याख्या, विश्लेषण गर्दै मूल्याङ्कन गर्नु हो ।

विस्तुत रूपमा हेर्दा समालोचनाको उद्देश्य कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नु, साहित्यिक कृतिका स्वरूपलाई हेरेर सिद्धान्त निर्माण गर्नु, भावक र लेखकलाई पथ प्रदर्शित गर्नु आदि देखिए पनि समालोचनाको एउटै उद्देश्य भनेको साहित्यको उपयुक्त विवेचना गरी यसलाई थप स्पष्ट पार्नु हो । समालोचनाको उद्देश्य साहित्यलाई विकसित, परिष्कृत गर्नुका साथै विस्तार गर्दै यसलाई समृद्ध तुल्याउनु रहेको दखिन्छ (पौड्याल, २०७०:४५) ।

माथि प्रस्तुत गरिएका उद्देश्य प्राप्तिका लागि समालोचनामा साहित्यिक कृतिका गुणदोषको व्याख्या र विश्लेषण मात्र नभई कृति र कृतिकारको मूल्याङ्कन र स्थान निर्धारणको पनि अपेक्षा गरिएको हुन्छ । समालोचनामा हृदयभन्दा मस्तिष्क, कल्पनाशीलताभन्दा तार्किकता तथा भावुकताभन्दा वस्तुपरकताजस्ता कुराको विषेश महत्त्व रहेको हुन्छ । समालोचना पनि सिर्जनात्मक विद्याजस्तै सिर्जनाकर्म भएको हुनाले यसका लागि प्रतिभा, व्युत्पति र साधानाको आवश्यकता पर्दछ । समालोचनात्मक सिर्जना गर्ने सर्जकमा भाषा, साहित्य, दर्शन, इतिहास, समाजशास्त्र, मानोविज्ञानको आदिको गहिरो ज्ञान आवश्यक हुन्छ । समालोचना गर्न सम्यक् दृष्टि र सूक्ष्म दृष्टि झनै आवश्यक छ । समालोचक संयमित, धैर्यशील र सहिष्णु स्वभाको हुन पर्दछ । समालोचना गर्ने व्यक्ति बौद्धिक, इमान्दार र निष्पक्ष हुनु पर्दछ । समालोचनाका लागि सापेक्षित दृष्टिकोण र बहुआयामिक चिन्तन आवश्यक हुन्छ । समालोचक सौन्दर्य अन्वेषक हुनुका साथै साहित्यिक परम्परा र प्रवृत्तिको राम्रो ज्ञान भएको व्यक्ति हुनु जरुरी छ ।

## २.८ समालोचनाका तत्त्व

समालोचनाको परिचय, परिभाषा, उद्देश्य र स्वरूपका बारेमा अध्ययन गरिसकेपछि समालोचना भनेको के हो ? भन्ने विषयमा स्पष्ट भइसकेको छ । यसबाट समालोचनाका लागि चाहिने आवश्यक तत्त्वका कुरा सजिलो भएको छ । समालोचनाको सैद्धान्तिक स्वरूप पहिल्याउन समालोचनाका तत्वहरुको बारेमा कुरा गर्नु आवश्यक भएकाले यहाँ सामान्य चर्चा गरिएको छ । समालोचनाका लागि नभइ नहुने उपकरणहरु नै समालोचनाका तत्त्व

हुन् । समालोचनाका लागि चाहिने तत्त्वहरूमा मूल्यनिर्णय, व्याख्या-विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता रहेका छन् । यी कुराको अभावमा समालोचना, समालोचना बन्न सक्दैन ।

### २.८.१ मूल्यनिर्णय

सैद्धान्तिक आधारमा कुनै पनि वस्तुको मूल्यनिर्धारण गर्ने कामलाई मूल्यनिर्णय भनिन्छ । समालोचनाका सन्दर्भमा कुनै पनि कृतिको भाषाशैली, कथानक, पात्र, परिवेश, विषयवस्तु आदिका आधारमा त्यो कृति ठिक छ या छैन भनी मूल्याङ्कन गर्ने कार्य नैं मूल्यनिर्णय हो । कृतिको मूल्य निर्धारण गर्ने विभिन्न तरिकाहरू रहेका छन् । तुलना र प्रतितुलना मूल्यनिर्णयको महत्त्वपूर्ण आधार हो । यस आधारमा कृतिको मूल्यनिर्णय उही समय, उही लेखकका भिन्न कृतिसँग दाँजेर, उही विषय, भाषा, विधा र विशेष प्रवृत्तिका भिन्न लेखकका कृतिसँग दाँजेर, तथा भिन्न समय, लेखक, विषय, भाषा, फरक कृति, उही विधा, विशेष प्रवृत्तिसँग समकालिक, र कालक्रमिक रूपमा तुलना प्रतितुलना गरी निर्धारण गर्न सकिन्छ । “समालोचना प्रथमतः साहित्यिक कृतिको न्यायिक मूल्य निर्णयका प्रयासका रूपमा नै उदाएको र स्थापित भएको हो” (त्रिपाठी, २०६६ : ३१) । साहित्यिक कृतिका गुणदोष केलाएर उक्त कृति कुन स्तरको हो भन्ने कुराका साथै कृतिकारको स्थान कहाँनेर हो भन्ने कुराको निक्यौंल पनि समालोचनाले गर्नु पर्दछ । मूल्यनिर्णय समालोचनाको महत्त्वपूर्ण तत्त्व हो । यसलाई समालोचनाको मेरुदण्डका रूपमा लिन सकिन्छ ।

### २.८.२ व्याख्या-विश्लेषण

तार्किक रूपमा साहित्य सिर्जनाका विविध पाटाको खोजी गर्ने काम नै व्याख्या-विश्लेषण हो । व्याख्या-विश्लेषण गर्दा उदाहरणहरू उपयुक्त तरिकाले प्रस्तुत गर्नु पर्ने हुन्छ । प्रतिपादित कुरालाई विश्वास योग्य बनाउनका लागि कृतिभित्रबाट नै प्रमाणहरू दिइएको हुनुपर्छ । अर्काको मतको खण्डन गरी आफ्ना तर्कलाई अकाट्य रूपमा प्रस्तुत गर्नुपर्छ । यसका साथै व्याख्या-विश्लेषण सैद्धान्तिक आधारमा अडेको हुनुपर्छ । व्याख्या-विश्लेषणका लागि मूल रूपमा तिन कुराको आवश्यकता पर्छ । ती तिन कुरामा तर्क, तर्कको पुष्टिका लागि आवश्यक उदाहरण र सैद्धान्तिक आधार पर्दछन् । कृतिका बारेमा सैद्धान्तिक आधारमा रही तर्क र उदाहरणले तर्कको पुष्टि गर्नु नै विश्लेषण हो । “कुनै पनि साहित्यिक कृति

पढ्दा/सुन्नासाथ त्यसका पाठक/श्रोताका मनमा त्यसले पार्ने प्रभावका आधारमा जुन प्रतिक्रिया व्यक्त हुन आउँछ त्यही नै समालोचनाको बीजबिन्दु हो" (त्रिपाठी, २०६६ : २२) । व्याख्या-विश्लेषणबिना समालोचनाले पूर्णता प्राप्त गर्न सक्दैन त्यसैले यसलाई समालोचनाको आवश्यक उपकरण मानिएको हो ।

### २.८.३ सैद्धान्तिकीकरण

कुनै पनि कृतिको समालोचना गर्दा विभिन्न विधि र प्रक्रियाको उपयोगद्वारा विश्लेषण गरी एउटा निष्कर्ष निकालिन्छ । कृति विश्लेषणका आधारभूत विधि र उपकरणको निर्धारण गर्ने कार्य नै सैद्धान्तिकीकरण हो । विधागत रूपमा कृति विश्लेषणका स्वायत्त आधारहरू निर्माण गरिएको हुन्छ । आफूभन्दा अगाडिका सैद्धान्तिक आधाारको प्रयोग गरी समालोचनाले कृतिको विश्लेषण वा समालोचनाको पनि समालोचना गर्छ र त्यसबाट निस्कने निष्कर्षलाई परिष्कृत समालोचना भनिन्छ । नवीन प्रवृतिका रचनाहरूको व्याख्या-विश्लेषण गरि तिनको विधागत नामाकरण, स्वरूप तथा संरचक घटकका बारेमा प्रस्ट पार्ने काम पनि समालोचनाकै हो । त्यसकारण पनि सैद्धान्तिकीकरणको आवश्यकता पर्दछ । "समालोचना भनेको कृतिगत व्याख्या-विश्लेषण र मूल्यनिर्णय त हुँदै हो भने यसको अर्को महत्त्वपूर्ण पक्ष साहित्य सम्बन्धी सैद्धान्तिकीकरण हो" (त्रिपाठी, २०६६ : ३३) । समलोचना कार्यलाई सुव्यवस्थित र वैज्ञानिक बनाउन सैद्धान्तिकीकरणको आवश्यकता पर्दछ । समालोचना गर्दा उपयोग गरिने विधि र प्रक्रियालाई नै सैद्धान्तिकीकरण भनिन्छ ।

### २.८.४ शोधपरकता

समस्याको आधिकारिक र प्रामाणिक समाधानका लागि समस्यामा केन्द्रित भएर ज्ञानको वृद्धिका लागि वैज्ञानिक विधिको प्रयोग गरी तर्कपूर्ण र प्रामाणिक निष्कर्ष निकाल्ने क्रियाकलाप शोध हो । समालोचना गर्दा सम्बन्धित समस्यामा केन्द्रित भएर प्राक्कल्पनाको निर्माण, सामग्री सङ्कलन, सामग्रीको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गरी निष्कर्ष निकालिन्छ । यही निष्कर्षका आधारमा कृतिको मूल्यनिर्धारण गरिएको समालोचना प्रामाणिक र विश्वसनीय हुन्छ । यसमा स्रोत देखाउनुका साथै पर्याप्त प्रमाण पनि प्रस्तुत गरिएको हुन्छ । त्यसैले शोधपरकतालाई अपनाएर गरिएको समालोचना बढी प्रामाणिक मानिन्छ ।

माथि प्रस्तुत गरिएका समालोचनाका परिचय, व्युत्पत्ति, परिभाषा, स्वरूप र आवश्यक तत्त्वबाट समालोचना भनेको के हो ? भन्ने कुरालाई जान्नका लागि निकै सहज भएको छ । यसबाट समालोचनाका बारेमा निष्कर्ष निकाल्न पनि सजिलो हुन्छ । यी सबै कुराको विश्लेषण पश्चात् समालोचना भन्नाले गद्यात्मक रूपमा प्रस्तुत गरिएको आख्यान रहित कृतिको मूल्यनिर्णयात्मक क्षमता भएको कृतिको सिर्जनापछि पुनः सिर्जित हुने साहित्यको विधा विशेष हो भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## २.९ **समालोचनाको क्षेत्र**

साहित्यिक कृतिको समालोचना गर्नका लागि समालोचकले प्रयोग गर्ने आधारलाई समालोचनाका क्षेत्र मान्न सकिन्छ । यस आधारमा समालोचनाका पाँचवटा आधार क्षेत्रहरू निर्धारण गर्न सकिन्छ :

**(क) कृति वा पाठ :** कुनै पनि कृति वा पाठको समालोचना हुने हुँदा समालोचनाको प्रथम आधार कृति वा पाठलाई मानिन्छ । यस आधारमा गरिएको समालोचना कृतिको संरचना, रूप, विषयवस्तु, भाषाशैली आदिमा मात्र केन्द्रित रहन्छ । यसमा कृतिलाई मूल आधार मानिएको हुनाले लिखित पृष्ठभन्दा बाहिरको सन्दर्भलाई समालोचनामा उल्लेख गरिएको हुँदैन ।

(**ख**) **कृति रचनाको समय र स्थान** : कुन कृति, कुन समय, स्थान र पृष्ठभूमिमा निर्माण भएको छ भन्ने कुरालाई समेटेर पनि समालोचना गरिन्छ । यस आधारमा लेखकको तात्कालिन सामाजिक, आर्थिक, धार्मिक तथा राजनीतिक आदि परिवेशलाई जोडी कृति रचनाको सन्दर्भ उल्लेख गरी सोही आधारमा कृतिको विवेचना गरिने हुँदा समालोचनाको अर्को आधार वा क्षेत्र कृति रचनाको समय र स्थान बन्न पुग्दछ । यस्तो समालोचनाको क्षेत्र कृति केन्द्री समालोचनाभन्दा केही विस्तारित हुन्छ ।

**(ग) कृतिभन्दा अगाडिको सन्दर्भ** : समालोचनको क्षेत्रका रूपमा कृतिको लेखन तथा प्रकाशनभन्दा अगाडिको सन्दर्भ पनि आउँछ । लेखकले त्यो कृतिको रचना गर्दा उसलाई केही त्यस्तो घटनाले प्रेरित गरेको थियो कि ? भन्ने प्रश्नको समाधानका लागि

खोज गरी समालोचना निर्माण गर्न सकिन्छ । समालोचनाका लागि कृति लेखन तथा प्रकाशनभन्दा पूर्वको सन्दर्भ पनि उल्लेखनीय हुन्छ ।

(घ) **कृति प्रकाशनभन्दा पछिको सन्दर्भ** : समालोचनको अर्को क्षेत्र कृति प्रकाशनभन्दा पछिको सन्दर्भ पनि हो । कृतिको प्रकाशनपछि पाठक वा समाजमा के तरङ्ग सिर्जना भएको छ भन्ने कुरालाई यसमा विशेष महत्त्व दिइएको हुन्छ । कृतिले पछिल्लो पुस्ताको पठन तथा लेखन चेतनामा केही विस्तार गऱ्यो भन्ने कुरालाई यस क्षेत्रमा हेरिन्छ ।

(ङ) **अन्य पक्षसँग कृतिको सम्बन्ध** : यस क्षेत्रमा कृतिले परम्परित कला मान्यता, आदर्श भावना, सामाजिक मूल्य, मानवीय विचार, व्यक्ति मनोविज्ञान, साहित्य इतिहासमा के परिवर्तन गरेको छ भन्ने कुरालाई हेरिएको हुन्छ । कृतिलाई समाजका सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक आदि विविध मूल्यसँग जोडेर गरिने समालोचना यसमा पर्दछ ।

समालोचकले कुनै पनि कृतिको समालोचना गर्दा माथि प्रस्तुत गरिएका मध्ये कुनै एक क्षेत्रसँग सम्बन्धित भएर वा एक भन्दा धेरै क्षेत्रलाई समेटेर समालोचना गर्न सक्दछ ।

## २.१० समालोचनाका प्रकार र पद्धति

समालोचनाका विधि, पद्धत्ति, स्वरूप, प्रक्रिया, प्रवृत्ति, उद्देश्य आदिका आधारमा गरिने वर्गीकरण नै समालोचनाका प्रकारहरू हुन् । समालोचनाका प्रकार यति नै हुन्छन् भनेर तोक्न सकिने अवस्था छैन । समालोचनालाई विभिन्न आधारमा भिन्न भिन्न किसिमले वर्गीकरण गरिएको पाइन्छ । देश, काल, विषय, परिस्थिति, भाषा, शैली, प्रक्रिया, पद्धति, उद्देश्य, केन्द्रक आदि थुप्रै आधारमा वर्गीकरण गर्दा समालोचना धेरै प्रकारका हुने भएकाले सबैलाई एकै ठाउँमा राखेर समालोचनाका प्रकार यिनै हुन् भनेर ठोकुवा गर्न सकिदैन ।

मुख्यतः समालोचनालाई पूर्वीय र पाश्चात्य गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । यस किसिमको वर्गीकरणमा एसिया र अफ्रिका महादेशअन्तर्गतका भाषा साहित्यमा विकसित समालोचनालाई पूर्वीय र युरोप र अमेरिका महादेशअन्तर्गतका भाषा साहित्यमा विकसित समालोचनालाई पाश्चात्य भन्ने प्रचलन रहेको छ । आजकाल नेपालीमा पूर्वीय र

पाश्चात्य शब्दको अर्थ सङ्कुचन हुन गई पूर्वीय भन्ने बित्तिकै संस्कृत र पाश्चात्य भन्ने बित्तिकै अङ्ग्रेजी मात्र बुझ्ने गरिएको पाइन्छ । यस किसिमको अर्थलाई आधार मानेर हेर्दा पूर्वीय समालोचनाअन्तर्गत रसवादी, अलङ्कारवादी, ध्वनिवादी, रीतिवादी, वक्रोक्तिवादी र औचित्यवादी गरी ६ वटा मुख्य सम्प्रदाय रहेका छन् । त्यसैगरी पाश्चात्य समलोचनाअन्तर्गत नीतिपरक, समाजपरक, मनोविज्ञानपरक, आदिमतापरक, जीवनीपरक, रूपपरक, संरचनावादी, शैलीवैज्ञानिक, उत्तरआधुनिक आदि थुप्रै प्रकारका समालोचना रहेका छन् ।

स्थुलरूपमा समालोचनालाई सैद्धान्तिक र प्रायोगिक गरी दुई भागमा बाँडेको पाइन्छ । यसप्रकारले हेर्दा सम्पूर्ण साहित्य सिद्धान्त, वाद, विधि तथा पद्धत्ति र प्रणाली आदि सैद्धान्तिक समालोचनाअन्तर्गत पर्दछन् भने कृतिपरक, स्रष्टापरक, विधापरक, इतिहासपरक, प्रवृत्तिपरक आदि सबै किसिमका समालोचना प्रायोगिक समालोचनाअन्तर्गत पर्दछन् । प्रायोगिक वा व्यावहारिक समालोचनालाई व्यक्ति वा आत्मप्रधान र वस्तु वा रचनाप्रधान गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ । व्यक्ति वा आत्मप्रधानअन्तर्गत प्रभाववादी समालोचनालाई राखिएको छ भने वस्तु वा रचनाप्रधानअन्तर्गत व्याख्यात्मक, निर्णायात्मक, तुलनात्मक, रूपात्मक, संरचनात्मक, शैलीवैज्ञानिक, शोधपरक, अन्तर्विषयक, शास्त्रीय आदि थुपै प्रकारका समालोचनाहरू समेटिएका छन् ।

संस्कृत साहित्यशास्त्रका मुख्य छ सम्प्रदायलाई पनि आन्तरिक तत्त्व मुख्य मान्नेलाई आत्मवादी र बाह्य तत्त्व मुख्य मान्नेहरूलाई देहवादी भनिएको छ । रस, ध्वनि मुख्य मान्नेहरूलाई आत्मवादी र अलङ्कार, रीति, वक्रोक्ति मुख्य ठान्नेहरूलाई देहवादी मान्ने गरिएको पाइन्छ । स्थान वा देशका आधारमा समालोचनालाई अमेरिकाली, फ्रान्सेली, भारतीय, नेपाली, जापानी आदि किसिमले पनि बाँड्न सकिन्छ भने ऐतिहासिकता वा कालका आधारमा प्राथमिक, माध्यमिक र आधुनिक गरी मुख्य तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । समालोचनालाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा विभाजन गरिएको पनि पाइन्छ । कृतिभित्रकै वर्ण, शब्द, वाक्य, विम्ब, प्रतीक आदिलाई मुख्य आधार मानेर गरिने समालोचनालाई आन्तरिक र कृतिबाहिरका देश, काल, समाज, संस्कृति आदि पक्षलाई मुख्य आधार मानेर गरिने समालोचनालाई बाह्य समालोचना भन्ने गरिन्छ ।

पश्चिमा विद्वान्हरूद्वारा केन्द्रकका आधारमा पनि समालोचनालाई वर्गीकरण गरिएको पाइन्छ । विश्वप्रकृति, लेखक, पाठ र पाठक गरी चारवटा केन्द्रलाई आधार मानेर समालोचनाका प्रकारहरू छुट्याइएको छ । कृतिभन्दा बाहिरका पक्षलाई बढी महत्त्व दिएर गरिने समालोचनालाई विश्वप्रकृतिका कोटिमा राखिएको छ भने लेखकलाई बढी महत्त्व दिएर गरिने समालोचनालाई लेकखकेन्द्री समालोचना भनिएको छ । त्यस्तै पाठ वा कृतिलाई केन्द्रमा राखेर गरिएको समालोचनालाई पाठकेन्द्री र पाठकलाई केन्द्रमा राखेर गरिएको समालोचनालाई पाठककेन्द्री समालोचना मानिएको छ ।

साहित्यिक कृतिलाई हेर्ने र पारख गर्ने विभिन्न दृष्टिकोण तथा सिद्धान्तहरूका आधारमा समालोचनाका थुप्रै प्रकारहरू देखिएका भए तापनि हिजोआज एउटै कृतिलाई बहुआयमिक रूपबाट हेर्ने र विभिन्न आधारमा विवेचना गर्ने बहुलवादी समालोचना पनि विस्तारित हुँदै गइरहेको छ । पछिल्लो समयमा व्यापक बन्दै गइरहेको उत्तरआधुनिक समालोचनाको क्षेत्र पनि निकै फैलिएको पाइन्छ । पाठ र पाठकलाई बढी महत्त्व दिने उत्तरआधुनिक समालोचनाअन्तर्गत उत्तरसंरचनावादी, उत्तरऔपनिवेशिक, नवमार्क्सवादी, नवमनोविश्लेषणवादी, विनिर्माणवादी, नारीवादी, लैङ्गिक, डायस्पोरिक, सीमान्तीय, अभिघात, पाठक प्रतिक्रियापरक, सांस्कृतिक, वातावरणीय, अन्तर्विषयक, आदि थुप्रै प्रकारका समालोचनाहरू रहेका छन् ।

यसप्रकार समालोचनालाई विभिन्न आधारमा विभिन्न किसिमले वर्गीकरण गरिएको पाइन्छ । समालोचनाका प्रकारहरू छुट्याउने क्रममा विभिन्न विद्वान्हरूले विभिन्न आधारहरू अघि सारेका छन् । यी यी आधारमा समालोचना यस्ता यस्ता प्रकारका मात्र हुन्छन् भनेर किटान गर्न कठिन छ । हिजोआज अन्तर्विषयक समालोचनाको विकासले गर्दा वर्गीकरणका आधारहरू पहिल्याउन र प्रकारहरू छुट्याउन झनै मुस्किल परेको छ । कतिपय अवस्थामा समालोचनाको एउटा प्रकार अर्को प्रकारबाट स्पष्ट अगल गराउन सकिँदैन । समालोचनाको एउटा प्रकारका विशेषता अर्को प्रकारमा पनि पाइने गर्दछन् । मूलतः वा अंशतः एउटा प्रकारभित्र अर्को प्रकार पनि मिसिन आउँछ । "कुनै एक समालोचनामा अर्को प्रकारको समालोचनागत विशेषता पनि पाइने हुँदा यसलाई वर्गीकरण गरेर निश्चित सङ्ख्यामा देखाउन कठिन रहेको छ (पौड्याल २०७०:४८) ।" यिनै विभिन्न कारणहरूले

गर्दा विद्वान्हरूका बिचमा पनि समालोचनाका प्रकारका सम्बन्धमा मतमतान्तर रहेका पाइन्छन् । यद्यपि समालोचनाको वर्गीकरण गर्दा स्थूल र सूक्ष्म दुबै रूपमा हेर्नु जरुरी हुन्छ ।

समालोनाका पद्धति भन्नाले समालोचना गर्ने तरिका वा ढाँचा भन्ने बुझिन्छ । समालोचना गर्दा अपनाइने विधि, प्रक्रिया वा प्रणालीहरू नै समालोचनाका पद्धति हुन् । समालोचना पद्धतिका सम्बन्धमा विद्वानहरूका बिचमा मतमन्तान्तर रहेका पाइन्छन् । कतिपयले प्रकारलाई नै पद्धति वा पद्धतिलाई नै प्रकार पनि मानेका छन् । खासमा कृति विश्लेषण गर्ने आधारमा नै प्रकार र पद्धति छुट्याइने भएकाले कतिपय अवस्थामा समालोचनाका प्रकार र पद्धति उस्ताउस्तै पनि देखिन्छन् । यद्यपि प्रकारले स्वरूप वा सैद्धान्तिक पक्षलाई बुझाउँछ भने पद्धतिले कृति विश्लेषण गर्ने तरिका वा ढाँचालाई जनाउँदछ ।

> समालोचनाका विधि र प्रकार उस्ताउस्तै देखिए पनि प्रयोग र उद्देश्यका आधारमा यसमा फरक पाइन्छ । कतिपय अवस्थामा समालोचनाका विविधहरू प्रकारका रूपमा आउने भएकाले पनि विधि र प्रकारमा सबै समालोचकहरूको मतमा एकरूपता आउन नसकेको देखिन्छ । वास्तवमा समालोचना गर्दा पहिले समालोचना विधि वा पद्धतिको अवलम्बन गरिन्छ र पछि तिनै विधि वा पद्धतिका आधारमा समालोचनाका प्रकारहरू छुट्याइने गरिन्छ (शर्मा, २०५५ : ९) ।

पूर्वीय तथा पाश्चात्य साहित्य जगत्मा विभिन्न समालोचना पद्धतिहरूको विकास भएको पाइन्छ । संस्कृत साहित्यशास्त्रमा टीका, भाष्य, शास्त्रार्थ, आचार्य, निर्णय, लोचन, खण्डनमण्डनआदि विधिको चर्चा छ भने पाश्चात्य जगत्मा सैद्धान्तिक, व्याख्यात्मक, निर्णयात्मक, तुलनात्मक, ऐतिहासिक, मनोवैज्ञानिक, प्रभावात्मक आदि समालोचना पद्धतिको प्रचलन रहेको पाइन्छ । मोहन हिमांशु थापाले संस्कृत साहित्यमा प्रचलित टीका, भाष्य, शास्त्रार्थ, निर्णयात्मक विधिको चर्चा गरेका छन् (२०४७ : २०६) । यस्तै वासुदेव त्रिपाठीले पाश्चात्य समालोचना पद्धतिका मुख्य प्रकार र स्वरूपलाई वैयक्तिक, प्रभावपरक र वस्तुगत एवम् शोधपरक, वर्णनात्मक/व्याख्यात्मक/विश्लेषणात्मक, मूल्य निर्णयात्मक, ऐतिहासिक, तुलनात्मक, सिद्धान्त अन्तर्व्यक्त वा अघोषित (न्यून सैद्धान्तिक) र सिद्धान्तपरक (एकल-बहुल, अन्तरङ्ग वा साहित्यनिष्ठ र अन्तर्विषयक) का रूपमा देखाएका छन् (२०६६ : ३८) । यसका साथै त्रिपाठीले सैद्धान्तिक (पद्धतिगत) बहुलता र तिनका बिचमा अन्तर्क्रियाका आधारमा

समालोचनाका स्रष्टापरक एवम् जीवनीपरक, नीतिपरक, समाजपरक-मार्क्सवादी, इतिहासपरक, मनोवैज्ञानिक (लेखकीय, कृतिगत, पाठकीय, फ्रायडेली, युङ्गेली र आद्यविम्बात्मक आदि), रूपवादी, संरचनावादी, विसंरचनावादी (विनिर्माणवादी) र भाषावादी/शैलीवैज्ञानिक, नवआत्मिक प्रतिक्रियावादी र चेतनावादी, पाठकीय अन्तर्क्रियावादी, वाणीक्रियावादी, पदार्थ व्याख्यावादी, नारीवादी, उत्तरऔपनिवेशिक, नवइतिहासवादी, नवसांस्कृतिक अध्ययनकेन्द्री प्रकारको उल्लेख गरेका छन् । समग्रमा समालोचनाका प्रकारहरूलाई तलको तालिकामा यसरी राख्न सकिन्छ :

| **समालोचनाका प्रकार** | | |
|---|---|---|
| **सैद्धान्तिक समालोचना** | | **व्यावहारिक समालोचना** |
| **पूर्वीय** | **पाश्चात्य** | कृतिपरक, स्रष्टापरक, जीवनीपरक, विधापरक, नीतिपरक, समाजपरक, मानोविश्लेषणात्मक, रूपसंरचनापरक, शैलीवैज्ञानिक, तुलनात्मक, प्रभावपरक, अनुसन्धानमूलक, साहित्येतिहासपरक, व्यख्यात्मक, निर्णयात्मक, उत्तरआधुनिकतावादी ( नारीवादी, पाठक प्रतिक्रियापरक, विनिर्माणवादी, सांस्कृतिक, पर्यावरणीय) समालोचनाहरू । |
| रस, ध्वनि, अलङ्कार, रीति, वक्रोक्ति र औचित्यवादी । | नीतिवादी, मनोविश्लेषणवादी, रूपसंरचनावादी, प्रगतिवादी, उत्तरआधुनिक । | |

माथिको तालिकामा सैद्धान्तिक र व्यवहारिक समालोचना कतिपय अवस्थामा एक अर्कासँग मिल्ने भएकाले दोहोरिएका छन् । मूल रूपमा भन्ने हो भने पूर्व र पश्चिममा विकास भएका वाद, सिद्धान्त र प्रणाली सैद्धान्तिक समालोचना हुन् भने विश्वप्रकृति, स्रष्टा, विधा, कृति र अन्तर्विषयमा केन्द्रित हुने समालोचना व्यवहारिक समालोचना हुन् ।

## २.११ समालोचनाका प्रमुख केन्द्रक

समालोचनाका चार केन्द्रक सम्बन्धी अवधारण अमेरिकाली सिकागो मन्डलीका सदस्य रिचार्ड मेकिअनले **फिलोसोफिकल सिम्यान्टिक्स** भन्ने पुस्तकमा सबैभन्दा पहिले प्रस्तुत गरेका हुन् । उनको अवधारणालाई एम.एच अब्राहम्सले सरल तरिकाले विश्लेषण

गरेका छन् । उनका अनुसार विश्वमा प्रचलित सबै साहित्यिक समालोचना पद्धति, वाद र सिद्धान्तलाई कृति, लेखक, पाठक वा भावक र विश्वप्रकृतिगरी चार केन्द्रकमा समेट्न सकिन्छ । यसलाई स्पष्टसँग बुझ्नको लागि तलको त्रिभुजलाई हेर्न सकिन्छ-

**विश्वप्रकृति**




**स्रष्टा पाठक**

(सुवेदी, २०६८ : ५)

माथिको त्रिभुजमा सबैभन्दा माथि विश्वप्रकृति रहेको छ । यो समग्र जीवनजगत्को समष्टि हो । यसैगरी यस त्रिभुजको आधारमा स्रष्टा र पाठक रहेका छन् । यी सबै तत्वको केन्द्रमा कृति रहेको छ । यसबाट स्रष्टाले विश्वप्रकृतिबाट सामग्री चयन गरी पाठकका लागि कृति प्रस्तुत गर्दछ भन्ने बुझिन्छ ।

विश्वप्रकृतिलाई मूल आधार मानेर गरिने समालोचनालाई अनुकृतिमूलक समालोचना भनिन्छ । सर्जकलाई आधार मानेर गरिने समालोचना स्रष्टापरक समालोचना हो । यस्तै कृतिलाई आधार मानेर गरिने कृतिपरक र पाठकलाई आधार मानेर गरिने समालोचनालाई पाठकपरक समालोचना भनिन्छ ।

समालोचनाका चार केन्दकहरूको निर्धारण गरिएको भए तापनि भाषा, ज्ञान र समाजका विविध संस्कृति जस्ता कुरालाई कुन केन्द्रकमा राख्ने भन्ने समस्या सिर्जना भएको छ । यी कुराहरू माथि प्रस्तुत गरिएका चार केन्द्रमा नपर्ने देखिन्छन् । समालोचनाको वर्गीकरण र विश्लेषणका लागि मानक सिद्धान्तको रूपमा यी चार केन्द्रकलाई ग्रहण गर्ने हो भने विम्बवाद, अतियथार्थवाद, भविष्यवाद, विसङ्गतिवाद, अस्तित्ववाद, जस्ता दृष्टिकोणका आधारमा विश्लेषण गरिएका समालोचना कृतिलाई कुन केन्द्रमा राख्ने भन्ने समस्याको सिर्जना हुन्छ । त्यसैले यी चार केन्द्रकहरू समालोचना सिद्धान्त, वाद र प्रणालीको अध्ययनमा छोटो समयका लागि सरल र सुलभ तरिकाले उपयोग गर्नु राम्रो हुने देखिन्छ । यी केन्द्रबाट मात्र समालोचनाको वर्गीकरण गर्नु उपयुक्त हुने देखिँदैन ।

## २.१२ समालोचनाको उपयोगिता र औचित्य

झट्ट हेर्दा समालोचना कार्य बुद्धिविलासजस्तो देखिए पनि सिर्जनात्मक साहित्यको विकास र विस्तारका लागि यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । समालोचनाले सिर्जनात्मक विधाका कृतिहरूको व्याख्या र विश्लेषण गरी तिनको गुणवत्ता पहिल्याउँदै पाठकलाई रसास्वादन गर्न सघाउ पुऱ्याउँछ । कतिपय कृतिको भावग्रहणका लागि तथा कतिपय पाठकलाई रसास्वादनका लागि समालोचकको नै भर पर्नु पर्ने अवस्था पनि हुन्छ । यसै प्रसङ्गमा जगदीश शमशेर राणाले **काव्यको रचनामा शिल्पकारिताको भूमिका** कृतिमा **श्रीमद्भगवद्**को एउटा श्लोक उद्धृत गर्दै उक्त श्लोकको सुगालाई समालोचकसँग तुलना गरेका छन् । जसरी कल्पतरूका फेदमा बसेका भगवद्भक्तहरूलाई माथि हाँगामा पाकेका फलहरूमा सुगाले आफ्ना चुच्चाले ठुँगेर रसामृत सेवन गराउँदछन् त्यसरी नै समालोचकले पनि काव्यरूपी कल्पतरूमा पाकेका फलहरू ठुँगेर, उधारेर, फोरेर काव्यप्रेमीहरूलाई पस्किने गर्दछन् भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् ।

मूल रूपमा समालोचना साहित्यको गोठालो हो । समालोचनाले साहित्यको रखवारी वा हेरचाह गर्दछ । सिर्जनात्मक साहित्यलाई अनावश्यक बहकिन नदिन र असल मार्गतर्फ डोल्याउन यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । "साहित्यको विकास, विस्तार, कालविभाजन, प्रवृत्तिनिर्धारण, व्याख्या, विश्लेषण, उत्कृष्टानृत्कष्टताको मूल्याङ्कन, रसस्वादन आदि कार्य गर्ने गराउने हुँदा समालोचना सिर्जनात्मक साहित्यको अनुवर्ती र त्यसभन्दा कान्छो भए पनि महत्त्वका दृष्टिले सिर्जनात्मक साहित्यभन्दा कम देखिँदैन"( पौड्याल २०७० : ४४) । समालोचनाले कृतिको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नुका साथै सैद्धान्तिक स्वरूप निर्माण तथा प्रवृत्तिहरूको निरूपण गर्ने हुँदा समग्र साहित्यको विकासका लागि यो अपरिहार्य छ । नयाँनयाँ प्रकृतिका रचनाहरूको व्याख्या र विश्लेषण गर्नुका साथै तिनको विधागत स्वरूप तथा संरचक घटकहरूको निर्धारण गरी साहित्य क्षेत्रमा त्यसलाई मान्यता दिलाउन र स्थापित गराउन पनि समालोचनाको अग्रणी भूमिका रहने गर्दछ ।

## २.१३ समालोचनाका शक्ति र सीमा

सिर्जनात्मक साहित्यमाथि गरिने कार्य भएकाले समालोचना सिर्जना विधाभन्दा कान्छो हुने नै भयो । सिर्जनात्मक साहित्यभन्दा पछि आएको भए तापनि समग्र साहित्यको विकासमा यसले महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सिर्जनात्मक साहित्यलाई अनावश्यक बहिकिन नदिन र सधैँ सही मार्गतर्फ उन्मुख गराउन समालोचनाले महत्त्वपूर्ण भूमिका निभाएको हुन्छ । साहित्यिक कृतिको सौन्दर्य उद्घाटन गर्न सक्नु एवम् व्याख्या र विश्लेषणका आधारमा कृति तथा कृतिकारको मूल्याङ्कन तथा स्थान निर्धारण गर्न सक्नु समालोचनाको सबैभन्दा ठूलो शक्ति हो ।

समालोचनाले लेखक र पाठकका बिचमा सम्बन्ध सेतुको काम गर्दछ । पठनका लागि कृति चयनमा सघाउने मात्र होइन कृतिमा नबुझेका र थाहा नपाएका पक्षपाटाहरूलाई पनि छर्लङ्ग पारिदिएर समालोचकले पाठकलाई रसस्वादनमा पनि सघाउ पुऱ्याउँछ । उसले स्रष्टाको उद्देश्यलाई मात्र प्रस्ट नपारी स्रष्टाले आफ्नै कृतिमा नदेखेका पक्षपाटाहरूलाई पनि प्रकाशमा ल्याउने काम गर्दछ । समालोचनाले लेखकलाई थप जिम्मेवार र रचनालाई थप परिष्कृत बनाउन मद्दत गर्दछ । सिर्जनात्मक विधाको स्वरूप निर्माण तथा संरचक घटकहरूको निर्धारण गर्नुका साथै कृति विवेचनाको मानदण्ड निर्माण पनि समालोचनाले नै गर्दछ । समग्र साहित्यको अवस्था र स्थिति बुझ्न समालोचनाकै सहयोग लिनु पर्दछ भने सिर्जनात्मक साहित्यलाई देश विदेशमा पुऱ्याउन र प्रतिष्ठा दिलाउन पनि समालोचनाकै मुख्य भूमिका रहेको हुन्छ ।

समालोचना शब्दको प्रयोग ज्ञान विज्ञान तथा समाज व्यवहारका अनेक क्षेत्रमा गरिए पनि मुख्यगरी यो साहित्यिक विधाहरूको विवेचनासँग सम्बन्धित रहेको पाइन्छ । समालोचनाले सिर्जनात्मक विधाहरूको व्याख्या-विश्लेषण गर्ने भए पनि उक्त व्याख्या-विश्लेषण अन्तिम र पूर्ण नहुन सक्छ । कृति तथा कृतिकारको मुल्याङ्कन र स्थान निर्धारणमा पनि विश्वसनीयताको कमी देखिन सक्छ । किनभने यसप्रकारको मूल्याङ्कन मनोवैज्ञानिक मापनमा आधारित हुन्छ । समालोचना पूर्णरूपमा आग्रह पूर्वाग्रहबाट मुक्त हुन सक्दैन । समालोचकको ज्ञान, अनुभव र सौन्दर्यचेतनाका आफ्नै सीमितताहरू हुन्छन् । सर्जकले अनुभूत गरेको सौन्दर्य समालोचकले अनुभूत नगर्न सक्छ । समालोचना सिर्जनामा

नै आश्रित छ । यसको आफ्नो स्वतन्त्र अस्तित्व छैन । सबैभन्दा मुख्य कुरा त समालोचनाले पाठकलाई सिर्जनाले जस्तो रसस्वादन गराउन सक्दैन ।

## २.१४ निष्कर्ष

समालोचना शब्दले कुनै पनि विषयवस्तु, घटना र क्रियाकलापका बारेमा राम्रोसँग अवलोकन, विचार, विवेचना, विश्लेषण गरी सत्य निरूपणका लागि गरिएको मूल्याङ्कनलाई बुझाउँछ । पूर्व र पश्चिममा समालोचनालाई आ-आफ्नै किसिमले परिभाषित गरिएको छ । मूल्यनिर्णय, व्याख्या-विश्लेषण, सैद्धान्तिकीकरण र शोधपरकता समालोचनाका लागि चाहिने तत्त्व हुन् । यी कुराको अभावमा समालोचना बन्न सक्दैन । सैद्धान्तिक आधारमा कुनै पनि वस्तुको मूल्यनिर्धारण गर्नु मूल्यनिर्णय हो भने तार्किक रूपमा साहित्य सिर्जनाका विविध पाटाको खोजी गर्ने काम नै विश्लेषण हो । कुनै पनि कृतिको समालोचना गर्दा विभिन्न विधि र प्रक्रियाको उपयोगद्वारा विश्लेषण गरी एउटा निष्कर्ष निकालिन्छ । कृति विश्लेषणका आधारभूत विधि र उपकरणको निर्धारण गर्ने कार्य नै सैद्धान्तिकीकरण हो र समस्याको आधिकारिक र प्रामाणिक समाधानका लागि समस्यामा केन्द्रित भएर ज्ञानको वृद्धिका लागि वैज्ञानिक विधिको प्रयोग गरी तर्कपूर्ण र प्रामाणिक निष्कर्ष निकाल्ने क्रियाकलाप शोध हो । समालोचना शोधपरक हुनु आवश्यक छ । त्यसैले समालोचना भनेको गद्यात्मक रूपमा प्रस्तुत गरिएको आख्यान रहित कृतिको मूल्यनिर्णयात्मक क्षमता भएको कृतिको सिर्जनापछि पुनः सिर्जित हुने साहित्यको विधा हो ।

समालोचनाको उद्देश्य कृतिको आन्तरिक र बाह्य स्थितिको सूक्ष्म निरीक्षण गरी त्यसका विशिष्ट गुणलाई उद्घाटन गर्दै एउटा मूल्यको निर्धारण गर्नु हो । समालोचना गरिने आधार क्षेत्रहरूमा कृति वा पाठ, कृति रचनाको समय र स्थान, कृतिभन्दा अगाडिको सन्दर्भ, कृति प्रकाशनभन्दा पछिको सन्दर्भ र अन्य पक्षसँग कृतिको सम्बन्ध जस्ता पाँच वटा कुराहरू पर्दछन् । संस्कृत साहित्यमा समालोचनाको वास्तविक सुरूवात् आचार्य राजशेखरको **काव्यमिमांसा**बाट भएको मानिन्छ भने पश्चिममा इ.स. पाँचौं शताब्दीदेखि युनान (ग्रिस) का एरिटोफेनिस, सोक्रेटिज, प्लेटो एरिस्टोटल आदि विचारकहरूबाट भएको मानिन्छ । पुरानो मान्यता अनुसार समालोचनाका सैद्धान्तिक र व्यवहारिक गरी दुई प्रकार निर्धारण गरिएको छ । नयाँ मान्यतामा समालोचनालाई बाह्य, आन्तरिक र अन्तर्विषयक

गरी तिन प्रकारमा विभाजन गरेको पाइन्छ । साहित्यिक कृतिमा विद्यमान प्रचलित तत्त्वहरू रस, ध्वनि, अलङ्कार, गुण, छन्द, रीति आदि साहित्यका कला र भाव पक्ष जस्ता आधारभूत कुराको व्याख्या विवेचना गरी लेखनसम्बन्धी सामान्य सिद्धान्तको प्रतिपादन र मूल मापदण्डको स्थापना गर्ने समालोचनालाई सैद्धान्तिक समालोचाना हो भने कुनै कृतिको एक पक्षसँग सम्बन्धित रहेर प्रयोगात्मक रूपले गरिएको समालोचनालााई व्यवहारिक समालोचना भनिन्छ । साहित्यिक कृतिको विश्लेषण गर्दा बाहिरका पक्षहरू जस्तै स्थान, समय, परिवेश, स्रष्टाको जीवनी, समाज, मनेविज्ञान आदि कुरालाई महत्त्व दिएर गरिने समालोचनालाई बाह्य समालोचना हो भने कृतिभित्रका विषयमा मात्र केन्द्रित हुने समालोचना नै आन्तरिक समालोचना हो ।

विश्वप्रकृति, पाठक, कृति र स्रष्टा समालोचनाका प्रमुख चार केन्द्रक हुन् । विश्वप्रकृतिलाई मूल आधार मानेर गरिने समालोचनालाई अनुकृतिमूलक समालोचना हो । पाठकलाई आधार मानेर गरिने समालोचनालाई पाठकपरक समालोचना भनिन्छ । यस्तै सर्जकलाई आधार मानेर गरिने समालोचनालाई स्रष्टापरक समालोचना र कृतिलाई आधार मानेर गरिने समालोचनालाई कृतिपरक समालोचना भनिन्छ । विश्व प्रकृति, पाठक, कृति र स्रष्टा यी चार केन्द्रकमा अधिकांश समालोचनालाई समावेश गर्न सकिने भए पनि वर्तमानमा कृतिपरक, स्रष्टापरक, जीवनीपरक, विधापरक, नीतिपरक, समाजपरक, मानोविश्लेषणात्मक, रूपसंरचनापरक, शैलीवैज्ञानिक, तुलनात्मक, प्रभावपरक, अनुसन्धानमूलक, साहित्येतिहासपरक, व्याख्यात्मक, निर्णयात्मक, उत्तरआधुनिकतावादी ( नारीवादी, पाठक प्रतिक्रियापरक, विनिर्माणवादी, सांस्कृतिक, पर्यावरणीय) आदि समालोचनाहरू प्रचलनमा रहेका छन् ।

सिर्जनात्मक साहित्यलाई अनावश्यक बहकिन नदिई सही मार्गतर्फ डोऱ्याउन समालोचनाले महत्त्वपूर्ण भूमिका निभाउने गर्दछ । साहित्यिक कृतिको सौन्दर्य उद्घाटन गर्नु एवम् व्याख्या र विश्लेषणका आधारमा कृति तथा कृतिकारको मूल्याङ्कन र स्थान निर्धारण गर्न सक्नु समालोचनाको शक्ति हो भने कृतिको व्याख्या र विश्लेषण अन्तिम र पूर्ण नहुनु तथा सिर्जनात्मक विधाले जस्तो पाठकलाई रसस्वादत गराउन नसक्नु यसको सीमा हो ।

# तेस्रो परिच्छेद

# जगदीश शमशेर राणाको परिचय, समालोचनायात्रा र प्रवृत्ति

## ३.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा समालोचक जगदीश शमशेर राणाको सङ्क्षिप्त परिचय, सार्वजनिक लेखनमा प्रवेश, प्रकाशित समालोचना कृति, समालोचनायात्रा तथा समालोचकीय प्रवृत्तिका बारेमा चर्चा गर्दै त्यसबाट प्राप्त निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ३.२ जगदीश शमशेर राणाको संक्षिप्त परिचय

काठमाडौँ जिल्लामा वि.सं. १९८६ भाद्र ३ गतेका दिन जगदीश शमशेर राणाको जन्म भएको हो । उनी पिता मृगेन्द्रशमशेर र माता रुक्मिणीदेवीका माहिला सन्तानका रूपमा जन्मिएका हुन् । उनका पिता राणा खानदानका प्रभावशाली व्यक्ति हुनाले उनको पनि सम्पन्न परिवारमा पारिवारिक प्रतिष्ठा उच्च रहनु स्वाभाविक नै देखिन्छ । उनको बाल्यकाल बबरमहलको सम्पन्नतामा आमाबाबुको रेखदेखमा बितेको पाइन्छ ।

राणा परिवारमा जन्मिएका जगदीश शमशेर राणाको अक्षरारम्भ वि.सं. १९९० सालमा आफ्नै घरबाट भएको हो । उनको अक्षरारम्भ पण्डित रुद्रकान्त अधिकारीबाट भएको हो भने उनलाई लक्ष्मीप्रसाद देवकोटाले अङ्ग्रेजी शिक्षाको ज्ञान दिएका थिए । उनलाई विभिन्न विषयको विषयगत ज्ञान भने भिन्नभिन्न व्यक्तिहरूबाट गराइएको थियो । उनले घरमा नै प्रारम्भिक तहको ज्ञान हासिल गरेका थिए भने जुद्धोदय पब्लिक विद्यालयबाट परीक्षा दिएर विद्यालय तहको शिक्षा पूरा गरेका थिए ।

विद्यालय तहको शिक्षा पुरा गरेका जगदीश शमशेरलाई पिता मृगेन्द्र शमशेर भारतको देहरादुनमा पढाउन चाहन्थे तर उनका पिता बबरशमशेरले तिमी शिक्षा विभागको प्रमुख भएर आफ्नो छोरालाई विदेशमा लगेर पढाउँदा समाजमा के प्रभाव पर्छ भन्दै नेपालमै पढाउने सल्लाह दिएका थिए । त्यही सल्लाह अनुसार मृगेन्द्र शमशेरले आफ्ना छोरालाई त्रिचन्द्र कलेजमा इतिहास विषय नभए पनि त्यो विषय पढ्ने अनुमति दिएका थिए । त्यतिबेला त्रिचन्द्र कलेज पटना विश्वविद्यालयसँग सम्बन्धित थियो । बिदामा जगदीश

शमशेर राणा पटना गई इतिहास विषयको ट्युसन पढी आफ्नो पढाइलाई अगाडि बढाएका थिए भने अन्य विषय भने उनले त्रिचन्द्र कलेजमा नै अध्ययन गरेका थिए ।

वि.सं. २००६ सालतिर जगदीश शमशेर स्नातकोत्तर अध्ययनका लागि भारतको प्रयाग विश्वविद्यालयमा भर्ना भए । भारतको इलाहावादमा रहेको यस विश्वविद्यालयबाट अन्तर्राष्ट्रिय मामिला र कानुन विषयमा उनले स्नातकोत्तर उत्तीर्ण गरे (भट्टराई, २०५१ : १४९) । यसै समयमा उनले पाश्चात्य साहित्यको पनि प्रशस्त अध्ययन गर्ने मौका पाए । पाश्चात्य संस्कृति र सभ्यताको अध्ययन र अवलोकनपछि उनको आँखा पूर्वीय साहित्यतर्फ गयो । पछि चुडानाथ भट्टरायको सहयोगमा उनले संस्कृतको राम्रो ज्ञानसमेत हासिल गरे ।

जगदीश शमशेर राणाले आफ्नो दरबारमा हुने विभिन्न किसिमका गतिविधिलाई नजिकबाट हेर्ने अवसर पाएका थिए । यसले उनलाई कुनै पनि विषयमा गम्भीर अध्ययन गर्नुपर्छ भन्ने भावनाको विकास गरायो । यसका साथै उनी सामाजिक तथा साहित्यिक गतिविधिमा पनि सक्रिय रूपमा लाग्दै गए । वि.सं. २००४ सालमा नेपालमा पहिलो पटक कवि सम्मेलन गराउन पनि उनको विशेष सक्रियता रहेको देखिन्छ । जगदीश शमशेर राणाको साहित्यिक पत्रिकासँगको सम्पर्क बिस्तारै बढ्दै गयो । उनी वि.सं. २०१० मा **प्रगति** पत्रिकाको सम्पादक बने । यस अवसरमा उनले 'नेपाली साहित्य र कलामा आधुनिक गतिशीलताको आवश्यकता' जस्ता विमर्शलाई निरन्तर अगाडि बढाए । यस्तै वि.सं. २००९ सालमा राष्ट्रवादी गोरखा परिषदको प्रचार विभागको अध्यक्षका रूपमा उनले घोषणापत्र र नीति निर्माणमा पनि उल्लेख्य भूमिका निर्वाह गरेको देखिन्छ । राष्ट्रवादी गोरखा परिषदको प्रचार विभागको अध्यक्ष भएको हुँदा जगदीश शमशेर राणाको तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालासँग पनि सम्पर्क बढ्दै गयो । २०१७ साल पुस १ गते राजा महेन्द्रले चालेको कदमको उनले खुलेर विरोध गरे जसका कारण उनी केही समय कारागारमा बस्नु परेको थियो । त्यसपछि उनको बसोबास भारतको सिमलामा हुन पुगेको हो ।

जगदीश शमशेर राणाले **रूपरेखा** पत्रिकाका माध्यमबाट आफ्ना विचार तथा साहित्यिक मान्यताहरू सबैमा प्रकाशित गर्दै आए । जगदीश शमशेर राणाका अधिकांश विचारोत्तेजक निबन्ध, कविता र समीक्षा यसै पत्रिकामा प्रकाशित भएका छन् । वि.सं २०३७ मा उनको **नरसिंह अवतार** महाकाव्य प्रकाशित भयो । यसले नेपाली काव्यलेखनमा

नयाँ प्रयोगशील अभ्यासलाई अगाडि ल्यायो । पौराणिक मिथकलाई आधुनिक काव्यका ढाँचामा ढालेर एउटा युगको सिङ्गो अभिव्यक्ति गरिएको **नरसिंह अवतार** महाकाव्यले प्रस्तुति र विषयको गम्भीरतालाई समन्वय गरेको देखिन्छ । यस कृतिले २०३७ सालको 'मदन पुरस्कार' प्राप्त गरेपछि जगदीश शमशेर राणाको साहित्यिक व्यक्तित्वले उचाइ लियो भने २०६० सालमा प्रकाशित प्रयोगवादी उपन्यास **सेतो ख्याकको आख्यानले** उनको उचाइलाई झन बढाइदियो । समालोचनाबाट लेखनको आरम्भ गरेका राणाले निबन्ध, कविता, काव्य र आख्यान लेखनमा पनि विशेष योगदान दिएको पाइन्छ ।

वि.सं. २०४६ को राजनीतिक परिवर्तनले केही सहज वातावराण सिर्जना गरेपछि जगदीश शमशेर राणाको नेपाल आवतजावत बढ्दै गयो । वि.सं. २०४९ मा उनी नेपाली काङ्ग्रेसको तर्फबाट राष्ट्रिय सभाको सदस्यका रूपमा निर्वाचित भए । राजनीतिक कारणले भारतको सिमलामा बसोबास गरेका जगदीश शमशेर राणाले कला, साहित्य र सङ्गीतको ज्ञानका लागि विभिन्न देशको भ्रमण समेत गरेका छन् । साहित्यमा कवि, निबन्धकार, उपन्यासकार र समालोचक व्यक्तित्वका रूपमा परिचित उनी राजनीतिक तथा सामाजिक र सांस्कृतिक व्यक्तित्वका रूपमा पनि उत्तिकै चर्चित रहेका छन् । लामो समयसम्म कला साहित्यको पारख गरी मिथकीय अध्ययनमा समय बिताएका जगदीश शमशेर राणाको भारतको चण्डीगढमा वि.सं. २०७४ असोज २३ गते ८८ वर्षको उमेरमा निधन भएको हो ।

## ३.३ सार्वजनिक लेखनमा प्रवेश र प्रकाशित समालोचना कृति

जगदीश शमशेर राणाको प्रथम प्रकाशित कृति समालोचना हो । **मुनामदन भ्रमण** शीर्षकको समालोचना प्रकाशित गरी २००३ सालबाट यिनी समालोचकका रूपमा चिनिएका हुन् । यसका अतिरिक्त उनी कवि तथा महाकाव्यकारका साथै उपन्यासकारका रूपमा पनि परिचित छन् । उनका फुटकर कविता, **नरसिंह अवतार** (नवप्रयोगवादी महाकाव्य) **सेतो ख्याकको आख्यान** (प्रयोगवादी उपन्यास) प्रकाशित छन् । जगदीश शमशेर राणा मूल रूपमा मिथकीय प्रभावबाट साहित्य सिर्जना गर्ने काव्य स्रष्टाका रूपमा चिनिन्छन् । स्रष्टा र द्रष्टा दुबै व्यक्तित्वका धनी जगदीश शमशेर राणाका फुटकर समालोचनाका रूपमा 'नरसिंह अवतार परिचर्चा' (२०४६), 'साहित्य चौतारी एक विवेचना' (२०५२), 'भूपि शेरचन कवित्व

र व्यक्तित्व' (२०४९) रहेका छन् भने पुस्तकाकार रूपमा प्रकाशित समालोचना कृतिहरू निम्नानुसार रहेका छन् :

| क्र.सं. | समालोचना कृति | प्रकाशक | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | **मुनामदन भ्रमण** | श्रीमती भुवन राणा | २००३ |
| २ | **दश दृष्टिकोण** | श्रीमती भुवन राणा | २०४५ |
| ३ | **नरसिंह अवतार परिचर्चा** | साझा प्रकाशन | २०६१ |
| ४ | **महाकवि देवकोटाको वैचारिक पक्ष** | श्रीमती भुवन राणा | २०६६ |
| ५ | **काव्यको रचनामा शिल्पकारिताको भूमिका** | श्रीमती भुवन राणा | २०६७ |
| ६ | **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** | रङ्ग नेपाल | २०६९ |

## ३.४ जगदीश शमशेर राणाको समालोचनायात्रा

वि.सं. २००३ सालमा प्रकाशित **मुनामदन भ्रमण** नामक समालोचना लेखेर समालोचनाका क्षेत्रमा प्रवृत्त भएका राणाका हालसम्म आइपुग्दा पुस्तकाकार कृति, विभिन्न पत्र-पत्रिकामा प्रकाशित फुटकर समालोचनात्मक लेख, आफ्ना र अन्यस्रष्टाका साहित्यिक कृतिमा लेखेका भूमिका आदि सार्वजनिक प्रकाशनमा आइसकेका छन् । यहाँ राणाका प्रकाशित समालोचनालाई आधार मानेर उनको समालोचनायात्रालाई विभिन्न चरणमा विभाजन गरिएको छ । जगदीश शमशेर राणाका समग्र समालोचनाहरूको अध्ययन गर्दा उनी सुरुका समालोचना कृतिमा प्रभाववादी समालोचकका रूपमा देखा परेका छन् भने पछि आएर उत्तरआधुनिकतावादी समालोचकको परिचय बनाउन सफल रहेका देखिन्छन् । उनका समालोचनामा अन्तर्निहित यिनै समालोचकीय प्रवृत्तिलाई आधार मानेर उनको समालोचना यात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गर्नु बढी व्यावहारिक हुने देखिन्छ :

**१. प्रथम चरण (वि.सं. २००३ -२०४५ सम्म)**

**२. द्वितीय चरण (वि.सं. २०४६- हालसम्म)**

### ३.४.१ प्रथम चरण (वि.सं. २००३ -२०४५ सम्म)

जगदीश शमशेर राणाको उच्च पारिवारिक पृष्ठभूमि रहनुका साथै नेपाल र भारतका विभिन्न स्थानमा रहेका विश्वविद्यालयबाट पूर्वीय तथा पाश्चात्य साहित्यमा उच्च अध्ययन गर्नाले उनी साहित्य साधना र समालोचनामा आकर्षित भएको पाइन्छ । परम्परागत सामाजिक विषमताबाट उत्पन्न मानसिक असन्तोषले मानिस साहित्यको अध्ययनतर्फ आकर्षित हुन्छ । सामाजिक विषमताको मूलोच्छेदनका निम्ति राणाले साहित्यलाई हतियारका रूपमा प्रयोग गर्नुपर्ने मान्यता राख्दै सोही मान्यताका परिधिभित्र रहेर साहित्यिक कृतिको रचना गर्नुका साथै समालोचना पनि लेखेका छन् । साहित्यिक कृतिको अध्ययनबाट प्रभावित भएर आफूलाई लागेका विचार प्रस्तुत गर्दै कृतिको मूल्याङ्कन गर्ने सन्दर्भमा राणाले यस चरणका समालोचना लेखेको देखिन्छ ।

वि.सं. २००३ देखि वि.सं. २०४५ सम्म प्रकाशित राणका समालोचनाहरूले यस चरणको निर्धारण गरेका छन् । **मुनामदन भ्रमण** र **दश दृष्टिकोण** नामक समालोचनात्मक कृतिले राणाको समालोचनायात्राको यस चरणको प्रतिनिधित्व गरेका छन् । **मुनामदन भ्रमण** प्रमाणपत्र तहमा अध्ययन गर्दा तयार पारिएको नोटको परिमार्जित समीक्षा कृति हो । यसमा राणाले कृतिमा समावेश गरिएको झ्याउरे छन्दले आफूलाई प्रभावित पारेको कुरा व्यक्त गर्नुका साथै यस कृतिमा आएका पात्रलाई बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका अन्य कृतिका पात्रसँग तुलना गरी प्रयोगात्मक रूपमै मुना र मदनका पात्रगत गुणदोष छुट्याएका छन् । यस समालोचना कृतिमा प्रयोग भएका पात्रका विषयमा राणाले जीवनलाई नबुझ्ने केटाकेटी जस्तै रुन्चे चरित्रलाई देवकोटाले समावेश गरेको भन्दै लेखकलाई कमजोरसमेत देखाएका छन् । **मुनामदन भ्रमण** समालोचना कृतिले जगदीश शमशेर राणालाई वि.सं. २००३ मा समालोचकको रूपमा चिनाएको छ । त्यसैले राणाको समालोचनायात्राको पहिलो चरण निर्माणमा यस कृतिको विशेष भूमिका रहेको छ ।

यसैगरी जगदीश शमशेर राणाको समालोचना यात्राको पहिलो चरणको अर्को समालोचनात्मक कृति **दश दृष्टिकोण** हो । यो कृति वि.सं. २०४५ मा प्रकाशित भएको छ । यसकृतिमा राणाले साहित्य र कलासम्बन्धी आफ्ना धारणा वा दृष्टिकोण प्रस्तुत गरेका छन् । कुनै पनि साहित्यिक कृति रचनाकारको विचारमा आधारित हुन्छ भन्ने दृष्टिकोणलाई यस

कृतिमा समावेश गरिएका निबन्धात्मक समालोचनाले पुष्टि गरेका छन् । कतिपयले यस कृतिलाई निबन्धका रूपमा राखेको पनि पाइन्छ । साहित्यसम्बन्धी लेखकका बौद्धिक तर्कलाई समावेश गरी तयार पारिएको हुँदा यसलाई समालोचनात्मक कृतिका रूपमा लिनु उपयुक्त हुन्छ । जगदीश शमशेर राणाको यो कृति समालोचनाको आधार तयार पार्ने कृतिका रूपमा रहेको छ । यस चरणमा उनले सैद्धान्तिक र व्यावहारिक दुबै किसिमका समालोचना लेखेका छन् । **दश दृष्टिकोण** सैद्धान्तिक समालोचना हो भने **मुनामदन भ्रमण** व्यावहारिक समालोचना हो ।

समालोचनायात्राको यस चरणमा जगदीश शमशेर राणामा कुनै पनि कृतिले आफूमा पारेको प्रभावलाई आधार बनाएर समालोचनाको रचना गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ । त्यसैले उनको यस चरणको समालोचना लेखन प्रभावपरक रहन पुगेको छ । उनले यस चरणका समालोचनामा विशुद्ध पाठकप्रतिक्रियामूलक र वैचारिक रूपमा कृतिको व्याख्या-विश्लेषण तथा मूल्याङ्कन गर्ने विशेषतालाई आत्मसात् गरेका छन् । जगदीश शमशेर राणाका यस चरणका सम्पूर्ण समालोचना आभ्यासिक प्रकृतिका छन् भने उनको समालोचकीय दृष्टि र कौशल उत्तरोत्तर विकसित हुँदै गएको र परिष्कृत बन्ने चरणमा प्रवेश गरेको देखिन्छ । समालोचक जगदीश शमशेर राणाको समालोचना यात्राको पहिलो चरण प्रभाववादी रहेको छ । कुनै पनि कृतिको अध्ययनपछि त्यसले पाठकमा पार्ने प्रभावलाई समेटेर गरिएका उनका समालोचनाले यस चरणको प्रतिनिधित्व गरेका छन् । यस चरणको उनको खास विशेषता प्रभाववादी समालोचकका रूपमा परिचय निर्माण गर्नु नै हो ।

### ३.४.२ द्वितीय चरण (वि.सं. २०४६ देखि हालसम्म)

समालोचक जगदीश शमशेर राणाको समालोचनायात्राको दोस्रो चरण वि.सं. २०४६ बाट सुरु हुन्छ । समालोचनाको आरम्भिककालदेखि प्रभावपरक लेखनमा सक्रिय रहेका राणा दोस्रो चरणमा भने केही फरक शैलीका साथ प्रस्तुत भएका छन् । वि.सं. २०४६ को राजनीतिक परिवर्तनले सर्जकको चेतनास्तरमा परिवर्तन ल्याएको जस्तो देखिन्छ । राणको **नरसिंह अवतार** काव्यले पनि यसको पृष्ठभूमि निर्माण गरिसकेको स्पष्ट हुन्छ । यही क्रान्तिकारी चेतनाबाट प्रभावित भएर उनले साहित्य लेखनलाई अगाडि बढाएका छन् भने समालोचनामा मिथकीय अभ्यास र उत्तरआधुनिक चेतनाको विस्तार पनि राणाको

समालोचना लेखनको यसै चरणमा भएको देखिन्छ । यस चरणमा उनका 'नरसिंह अवतार परिचर्चा' (२०४६), 'साहित्य चौतारी एक विवेचना' (२०५२), 'भूपि शेरचनको कवित्व र व्यक्तित्व' (२०४९) जस्ता फुटकर समालोचना लेख प्रकाशित भएका छन् भने पुस्तकाकार कृतिहरूमा **नरसिंह अवतार परिचर्चा** (२०६१), **महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६), **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) प्रमुख रूपमा रहेका छन् । कुनै पनि साहित्यकार तथा साहित्यिक कृतिलाई एउटा कोणबाट मात्र अध्ययन गर्दा त्यो एकाङ्गी अध्ययन हुन्छ भन्ने धारणाको विकास समालोचक राणाका यस चरणका समालोचनाबाट भएको पाइन्छ । यस चरणका समालोचनाहरूमा राणाले रचनाकारको सिर्जनधर्मिता र रचनागत प्रवृत्तिलाई औँल्याउँदै सम्बन्धित कृतिहरूको स्पष्टसँग मूल्याङ्कन गरेका छन् । यस क्रममा उनले साहित्यसम्बन्धी आफ्ना मौलिक धारणा तथा चिन्तन पनि प्रकट गरेका छन् । तर पनि उनका यस चरणका कतिपय समालोचनामा वस्तुवादी ढङ्गले मूल्य निरूपण गर्नुभन्दा प्रभाववादी चिन्तनलाई प्राथमिकता दिएको पाइन्छ । कुनै पनि कृति र कृतिकारको मूल्याङ्कनमा आफ्ना संवेगजन्य अनुभूतिलाई मूल आधार बनाएर प्रभाववादी समालोचकका रूपमा उनी यस चरणमा पनि उपस्थित भएका छन् ।

यस चरणका समालोचनाहरूमा जगदीश शमशेर राणाले रचनाकारका मूलभूत प्रवृत्ति, वैशिष्ट्य र जीवनदृष्टिलाई ठम्याई सम्बन्धित कृतिका सामाजिक सन्दर्भ, अन्तर्वस्तु तथा कलात्मक शिल्पसौन्दर्यको विश्लेषण र मूल्याङ्कन गर्ने प्रयत्न गरेका छन् । उनले कृतिका गुण र दोषलाई केलाई निश्चित परिप्रेक्ष्यमा कृतिको मूल्याङ्कन गर्ने र कृतिकारलाई रचनात्मक निर्देशन दिने प्रकृतिका समालोचकीय मान्यता यस चरणमा अपनाइएको पाइन्छ । यस कार्यमा उनी कम वस्तुवादी र बढी प्रभाववादी समालोचकका रूपमा प्रस्तुत भएका छन् । समालोचनामा उत्तरआधुनिक चिन्तनको विकास उनको यस चरणको मूल परिचायक वैशिष्ट्य हो । यस चरणमा पनि उनले सैद्धान्तिक र व्यावहारिक दुबै किसिमका समालोचना लेखेका छन् ।

यस चरणमा उनले आफ्नै कृतिको समालोचना गरेको पाउन सकिन्छ । **नरसिंह अवतार परिचर्चा** उनको यस्तै प्रकृतिको समालोचना हो । पहिले फुटकर रूपमा र पछि पुस्तकाकारका रूपमा आएको यस समालोचनामा आफ्नो **नरसिंह अवतार** कृतिको रचना सन्दर्भ र मिथकीय प्रभावलाई स्पष्ट पार्ने काम गरेका छन् । यसैगरी **महाकवि देवकोटाको**

**वैचारिक पक्ष** (२०६६) समालोचना कृतिमा देवकोटाका कृतिमा अभिव्यक्त भएको विचारलाई साँघुरो, पूर्वाग्रही र सीमाङ्कित तरिकाले हेर्न नहुने तर्क निकालेका छन् भने **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) समालोचनामा रचनाकारको शिल्पपक्षको चर्चा गरिएको छ । कवि मोहन कोइरालाको लामो कविता **सिमसारका राजदुत**मा केन्द्रित भएको यस समालोचनाले काव्यलाई शिल्प वा शैलीले सुन्दर बनाउने निष्कर्ष समालोचक राणाको रहेको छ । जगदीश शमशेर राणाको यस चरणको अर्को महत्त्वपूर्ण समालोचना कृति **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) हो । यसमा उत्तरआधुनिक विमर्शलाई सरल तरिकाले पाठकलाई बुझाउन नेपाली सन्दर्भ समावेश गरी समालोचना गरिएको छ । कुनै पनि कुराको विस्तार र व्याख्याभन्दा पनि प्रस्तुतिलाई महत्त्व दिइएकाले उत्तरआधुनिकवाद पृथक् समालोचना हो भन्ने विचार उनको पाइन्छ । मिथकको समय सापेक्ष व्याख्या गर्दै उत्तरआधुनिक वैचारिकतालाई समालोचनामा समावेश गरेका कारण जगदीश शमशेर राणाको समालोचना यात्राको दोस्रो चरण बहुआयामिक बन्न पुगेको छ । उनको यही विशेषताले राणालाई प्रखर समालोचकका रूपमा उपस्थित गराएको देखिन्छ ।

## ३.५ जगदीश शमशेर राणाका समालोचकीय प्रवृत्तिहरू

जगदीश शमशेर राणा समालोचनाका साथै स्रष्टा व्यक्तित्व पनि हुन् । सिर्जनात्मक लेखनका साथसाथै उनमा समालोचनात्मक चेतना पनि प्रस्फुटन भएको पाइन्छ । राणाका निर्धारित समालोचनाको अध्ययनबाट उनका प्रमुख समालोचकीय प्रवृत्तिहरू निम्नानुसार देखाउन सकिन्छ :

### ३.५.१ प्रभाववादी समालोचक

समालोचक जगदीश शमशेर राणाको मूल समालोचकीय प्रवृत्ति प्रभाववादीता हो । राणाले आफ्ना सबै जसो समालोचनामा वस्तुगत ढङ्गले मूल्यनिर्णय गर्नुभन्दा आफ्ना संवेगजन्य अनुभूतिलाई मूल्याङ्कनको मूल आधार बनाएका छन् । आफूलाई लागेका तर्क र मूल्यलाई हठी स्वभावमा प्रस्तुत गर्नु उनको समालोचकीय वैशिष्ट्य बन्न पुगेको देखिन्छ । यसरी आफ्नो मूल्य स्थापना गर्दा तार्किकता र विश्लेषणात्मकतालाई राणाले अँगालेका छन् । तर्क र विश्लेषणका आधारमा कुनै सात्यिकारका कृतिलाई माथि उठाउन र कुनैलाई तल खसाल्ने सक्ने क्षमता समालोचकमा हुने गर्दछ । जगदीश शमशेर राणामा पनि यस

किसिमको प्रवृत्ति रहेको पाइन्छ । उनका **मुनामदन भ्रमण, नरसिंह अवतार परिचर्चा, उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** जस्ता समालोचना कृतिमा उनको प्रभावपरकता स्पष्टसँग देखिएको छ । यसरी उनी कम वस्तुपरक र बढी प्रभाववादी समालोचकका रूपमा देखिएकाले प्रभावपरकता उनको मुख्य समालोचकीय प्रवृत्ति बन्न पुगको छ ।

### ३.५.२ तुलनालाई मुख्य आधार बनाउने समालोचक

समालोचक जगदीश शमशेर राणाको अर्को सकालोचकीय प्रवृत्ति तुलनात्मकता हो । आफ्ना अधिकांश समालोचनाहरूमा उनले विभिन्न स्रष्टा, विधा, प्रवृत्ति, तथा कृतिहरूका बिच तुलनात्मक टिप्पणी गर्दै समालोचनाको परिधिभित्र रहेर निष्कर्ष निकालेका छन् । उनको **मुनामद भ्रमण** (२००३) कृतिमा लक्ष्मीप्रसाद देवकोटालाई बालकृष्ण सम र लेखनाथ पौड्यालसँग तुलना गरेका छन् । **मुनामदन** कृतिलाई समको **मुकुन्द इन्दिरा** र लेखनाथको **ऋतुविचार**का विभिन्न सन्दर्भसँग तुलना गरी निष्कर्ष निकालेका छन् । राणाले आफ्ना समालोचनामा स्रष्टालाई स्रष्टासँग र तिनका कृतिसँग तुलना गरी सिर्जनमूल्य निरूपण गरेको पाइन्छ । उनका प्रायः समालोचनामा तुलनात्मक पद्धतिलाई प्रयोग गरिएको छ । यसरी तुलनात्मक विश्लेषणबाट कुनै पनि साहित्य कृतिको मूल्य निरूपण गर्नु जगदीश शमशेर राणाको महत्त्वपूर्ण समालोचकीय प्रवृत्तिका रूपमा देखिएको छ ।

### ३.५.३ निर्णयात्मक समालोचक

जगदीश शमशेर राणाको अर्को समालोचकीय प्रवृत्ति निर्णयात्मकता हो । कुनै पनि साहित्यिक स्रष्टा तथा कृतिको सूक्ष्म विश्लेषण पश्चात् त्यसका सम्बन्धमा निर्भीकताका साथ मूल्यनिर्णय गर्ने कार्य जगदीश शमशेर राणाले आफ्ना समालोचनामा गरेका छन् । कृतिलाई साक्षी बनाएर कृतिको मूल्य निर्धारण गर्ने विशेष प्रवृत्ति उनमा रहेको पाइन्छ । यसरी निर्णय प्रस्तुत गर्दा उनी जति बौद्धिक लाग्छन् त्यतिकै संवेगात्मक पनि देखिन्छन् । **महाकवि देवकोटाको वैचारिक पक्ष, दश दृष्टिकोण, काव्यको रचनामा शिल्पकारिताको भूमिका, नरसिंह अवतार परिचर्चा** र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट**जस्ता समालोचनामा उनको मूल्यनिर्णय क्षमता प्रस्तुत भएको पाइन्छ ।

### ३.५.४ निश्चयवादी समालोचक

समालोचक साहित्यिक कृतिका विषयमा निर्णय दिने न्यायधीश हो । उसले काव्यसम्बन्धी गर्ने निर्णयमा काव्यको गरिमा जोगिएको हुन्छ । जगदीश शमशेर राणा पनि समालोचना गर्ने क्रममा यस्तै न्यायधीश बनेका देखिन्छन् । उनी कुनै साहित्यिक कृति होस् वा प्रवृत्ति त्यससम्बन्धी आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा तथ्यको अध्ययन, विश्लेषण गरी निर्भीकतापूर्वक निर्णय दिने गर्दछन् । कुनै कृतिको विषयमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्दा उनी कत्ति पनि अलमलमा पर्दैनन् । कृति, प्रवृत्ति तथा स्रष्टा सम्बन्धी आफ्नो दृष्टिकोण राख्दा उनमा कुनै द्विविधा र संशय रहेको पाइँदैन । उनी आफ्ना कुरा ढुक्कसाथ भन्न सक्ने समालोचकका रूपमा देखापर्दछन् । उनको यस्तो विशेषताले उनलाई निश्चयवादी समालोचकका रूपमा चिनाएको छ । उनका धेरैजसो समालोचना कृतिमा यसप्रकारको समालोचकीय विशेषता भेट्न सकिन्छ ।

### ३.५.५ उत्तरआधुनिकतावादी समालोचक

उत्तरआधुनिकता विश्वसाहित्यमा देखापरेको विभिन्न सिद्धान्तहरूलाई आफूमा समेट्ने तर आफैमा अस्पष्ट खालको बहुलवादी दृष्टिकोण हो । उत्तरआधुनिकताले विषयगत सत्य र वैयक्तिकतालाई बढी महत्त्व दिने गर्दछ । त्यसैले यसमा सामाजिकताको ह्रास भई अराजकताले मौलाउने अवसर प्राप्त गरेको देख्न सकिन्छ । अतिशय वैयक्तिकतामा जोड दिनुका साथै यसले भूमण्डलीकरणलाई विशेष महत्ता प्रदान गरेको छ । बहुकेन्द्रकता, नवअग्रसरता, स्थापित मानकको उलङ्घन, प्राविधिक संस्कृतिको प्रबलता, निम्न र उच्चको भेद मेट्नु उत्तरआधुनिकतावादका मूलभूत विशेषता हुन् । यस्तै विशेषताको खोजी गर्दै उत्तरआधुनिकताको सैद्धान्तिक समालोचना गर्ने नेपाली समालोचकमा जगदीश शमशेर राणा पनि पर्दछन् । उनको **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** यसै आधारमा लेखिएको समालोचना कृति हो । यस कृतिमा विधागत स्वतन्त्रता र स्वायत्तता अस्वीकार गरी एउटा विधामा अनेक विधाको मिश्रणका कारण विधा भञ्जन हुन्छ भन्ने दृष्टिकोण राणाले प्रस्तुत गरेका छन् । नेपाली जनजीवन र उत्तरआधुनिक सन्दर्भको तुलना गरी यो समालोचना कृति तयार पारिएको छ । जगदीश शमशेर राणाले उत्तरआधुनिकतालाई भ्रम वा वास्तविकताका रूपमा प्रस्तुत नगरी जीवन र जगत्का आयाम तथा कृति विश्लेषणको एक अवधारणाका रूपमा प्रस्तुत गरेका छन् ।

### ३.५.६ मिथकीय प्रभाव भएका समालोचक

मानिसको मनको गहिराइमा बाँचिरहेका कर्तव्यनिष्ठ वा आदर्शोन्मुखी आकाङ्क्षा, नैतिक भावना, सामाजिक प्राप्ति वा भग्न आशा तथा वास्तविकता, व्यवहारिक र मनोवैज्ञानिक आवश्यकताको परिपूर्तीका निम्ति आद्यसत्यको विवरणात्मक पुनर्निर्माण मिथकले गरेका हुन्छन् । मिथकलाई अप्रमाणित इतिहासका रूपमा लिइएको पाइन्छ । यस्ता कुरालाई हामीले अस्वीकार गर्न सक्दैनौं । जसको प्रमाणित इतिहास पनि छैन र जसलाई अस्वीकार पनि गर्न सकिदैन ती विम्बात्मक जनविश्वासहरु नै मिथक हुन् । बहुप्रख्यात विषयले मिथको रूप धारण गरेको हुन्छ । यस्ता मिथकले सृष्टि र मानव उत्पत्तिको कथा भनिरहेका हुन्छन् भन्ने विचारलाई स्वीकार गर्ने जगदीश शमशेर राणा साहित्यिक कृतिमा मिथकीय पुनर्निर्माणको खोजी गरी समालोचना गर्ने समालोचक हुन् । उनको **नरसिंह अवतार परिचर्चा**मा मिथकको निर्माण कसरी हुन्छ भन्ने कुराको जानकारी पाउन सकिन्छ भने **दश दृष्टिकोण** कृतिभित्र समावेश गरिएको 'मिथक र साहित्य' शीर्षकको समालोचनाले मिथकका बारेमा जानकारी दिएको छ । मिथकसम्बन्धी राम्रो ज्ञान हासिल गरेका राणाले आफ्ना समालोचनामा कतै न कतै मिथकको चर्चा गरेका हुन्छन् । मिथकलाई रङ्गीन कथाका रूपमा मात्र नहेरी समाज परिवर्तनका कारकका रूपमा बुझ्नु पर्ने समालोचकीय मान्यता उनको रहेको छ ।

### ३.५.७ आफ्नै सिर्जनामा समालोचना गर्ने समालोचक

जगदीश शमशेर राणा आफ्नै रचनाको आफू स्वयम्ले समीक्षा गर्ने समालोचकको परिचय बनाएका समालोचक पनि हुन् । आफ्नो प्रयोगवादी काव्य **नरसिंह अवतार**को समीक्षा उनी आफैले गरेका छन् । विभिन्न समीक्षकले **नरसिंह अवतार** काव्यलाई उँट काव्य भनेको एवम् जटिल, अबोध्य, टुक्राटाक्री जोडेर निर्माण गरिएको काव्य भनी लगाएको आरोपको खण्डन उनले आफ्नो समालोचना **नरसिंह अवतार परिचर्चा**मा गरेका छन् । आफ्नो काव्यको समीक्षा आफै गर्ने भन्ने कुरा आफैमा अनौठो लागे पनि राणाले बौद्धिक र तार्किक रूपमा **नरसिंह अवतार परिचर्चा** समालोचनामा काव्यको विषयवस्तु, कथानक, छन्द प्रयोगजस्ता कुरालाई स्पष्ट पारेका छन् । विभिन्न स्रष्टाका काव्य सिर्जना पढेर आफूले बाटो पत्ता लगाएको भनी आफ्नो प्रशंसा समालोचक आफैले गरेका छन् । **नरसिंह अवतार**

काव्यमा प्रयोग भएको विषयवस्तु, कथानक, नायक, खलनायक, रचनासन्दर्भ, काव्यको बनोट, बुनोट, छन्द भाषाशैली तथा त्यसले बोकेको विश्वदृष्टिकोण जस्ता कुरालाई समान्य रूपमा नलिन आग्रह गरिएको यस समालोचनामा कृतिको राम्रा पक्षको मात्र चर्चा गरिएको छ । यसले जगदीश शमशेर राणालाई आफ्नो कृतिको आफै समालोचना गर्ने गुणग्राही समालोकीय विशेषता भएको समालोचकका रूपमा परिचित गराएको पाइन्छ ।

## ३.६ निष्कर्ष

वि.स. १९८६ मा राणा परिवारमा जन्मिएका जगदीश शमशेर राणा नेपाली साहित्य र समालोचनामा चर्चित व्यक्तित्व हुन् । कुनै पनि कृतिको समालोचना गर्दा उनी पृष्ठभूमि, परम्परा वा इतिहासलाई आधार त बनाउँछन् नै मूलतः उनी प्रभाववादी समालोचक हुन् । उनी प्रायः वैदिक वाङ्मय तथा मध्यकालीन विश्वसाहित्यका पृष्ठमा कुनै पनि साहित्यको विकास र परिवर्तनको क्रमलाई तुलनात्मक ढङ्गले केलाउने सामर्थ्य राख्दछन् । उनको समालोचनायात्रा खास गरी दुई चरणमा विभाजित छ । पहिलो चरण वि.सं. २००३-२०४५ सम्म विस्तारित भएको छ । यो अवधि उनको आभ्यासिक लेखनको समय हो । यस चरणको मूल प्रवृत्ति भनेको प्रभावपरकता नै हो । यस्तै दोस्रो चरण वि.सं. २०४६ देखि यताको समय हो । जगदीश शमशेर राणाको समालोचना लेखनको यो अवधि परिमाणात्मक र गुणात्मक दुबै दृष्टिले महत्त्वपूण छ । तथ्यको पुष्टिका लागि उपयुक्त प्रमाण जुटाउने, खारिएको विचार र माझिएको लेखन शैली, तुलनात्मक विश्लेषण, प्रभावपरक निष्कर्ष, तर्कसम्मत र वैज्ञानिक लेखन, मिथकीय प्रभाव र उत्तरआधुनिक दृष्टिकोण जगदीश शमशेर राणाको समलोचना लेखनमा पाइने मूलभूत प्रवृत्तिहरू हुन् ।

# चौथो परिच्छेद

## जगदीश शमशेर राणाका समालोचना कृतिको विश्लेषण

### ४.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा समालोचक जगदीश शमशेर राणाका पुस्तकाकारका रूपमा प्रकाशित समालोचना कृतिको विश्लेषण प्रस्तुत गरिएको छ । उनका पुस्तकाकारका रूपमा प्रकाशित भएका समालोचना कृतिहरूमा **मुनामदन भ्रमण** (२००३), **दश दृष्टिकोण** (२०४५), **नरसिंह अवतार परिचर्चा** (२०६१), **महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६), **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९)रहेका छन् । यी कृतिमा निहित समालोचकीय मूल्यको निरूपण निम्नानुसार गरिएको छ :

### ४.२ मुनामदन भ्रमण

**मुनामदन भ्रमण** जगदीश शमशेर राणाको पहिलो समालोचना कृति हो । वि.सं. २००३ मा प्रकाशित भएको यो कृति ५६ पृष्ठको आयाममा विस्तारित रहेको छ । नेपाली साहित्यका सर्वाधिक लोकप्रिय स्रष्टा लक्ष्मीप्रसाद देवकोटाले **मुनामदन**जस्तो लोकप्रिय कृति लेखेर चर्चाको शिखरमा पुगेका थिए । लक्ष्मीप्रसाद देवकोटाको सबैभन्दा लोकप्रिय कृति **मुनामदन**का बारेमा गरिएको **मुनामदन भ्रमण** समालोचनाले जगदिश शमशेर राणालाई पनि चर्चित बनाएको पाइन्छ । यस समालोचनाले **मुनामदन** कृतिमा प्रयुक्त विषय, पात्र र लोकलयलाई विशेष महत्त्व दिएको छ ।

नेपाली भाषा संस्कृत भाषाबाट विकसित भएको हुँदा यसमा संस्कृत शास्त्रीय छन्दको प्रचलन रहनु स्वाभाविक नै थियो । भानुभक्तले नेपालीपन दिने कोशिस गरेको भाषामा देवकोटाले लोकलयको प्रयोग गरी झ्याउरेमा पनि के लेख्नु भन्ने मान्यतालाई परिवर्तत गरेका थिए भन्ने विचारबाट यस कृतिमो आरम्भ भएको छ । कुनै पनि उपशीर्षक नदिएर लेखिएको यस समालोचनामा झ्याउरे छन्द वा लयका विषयमा समालोचकको धारणा यसप्रकार व्यक्त भएको छ :

झ्याउरे छन्दले पनि हाम्रो भाषामा एक आदर्श स्थान पाउनुपर्छ । सायद मेरो यो कुरा नमिठो लाग्ला, सायद संस्कृतछन्दमा लेख्ने कविलाई यो छन्दउपरको समालोचना मन नपर्ला तर झ्याउरे छन्द वा लयमा नेपाली ध्वनि छ, । यो नेपालीकै पेवा हो । अरु कसैको छैन । यो लयमा लक्ष्मीप्रसादजीलाई पुष्टि गरेकामा मलाई धेरै जनाले अपजस देलान् तर यो अपजस भानुभक्तले पाएजस्तो हुने हो कि राम्रै फलामे मुकुत त्यो कुरा भविष्यको गर्भमा नै रहनेछ (राणा, २००३ : १२) ।

यसरी समालोचकले नेपाली झ्याउरे लयमा नेपालीपन देखेका छन् । देवकोटाले यसको प्रयोग गरेर राम्रो गरेको भन्ने विचार उनको यस भनाइले पनि पुष्टि गरेको छ । यस्तै समालोचकले **मुनामदन**को लेखन सन्दर्भलाई बालकृष्ण समको **मुकुन्द इन्दिरा** नाटकसँग राखेर तुलना गरेका छन् । दुबै प्रेमकथामा आधारित भएर लेखिएका कृति हुन् तर मुनामदन शीर्षकले नै यसलाई प्रेमकथाको बान्की दिएको र कृतिको शीर्षकमा चमत्कार रहेको छ भन्ने विचार उनको छ । चरित्रका विषयमा चर्चा गर्दा प्रेमकथामा स्त्री चरित्रले उच्च स्थान ग्रहण गरेको हुन्छ भन्ने विचार जगदीश शमशेर राणाको रहेको छ । उनी **मुनामदन**की नायिकाको चरित्रलाई यसप्रकार स्पष्ट पार्दछन् :

प्रेमगानामा स्त्रीको चरित्रले उच्चस्थान ग्रहण गर्छ । चाहे आदर्श नारी होस् चाहे दुष्टा । हिन्दू समाजमा नारीको आदर्शताको बढ्ता वर्णन हुन्छ न कि दुष्टाको । **मुनामदन**मा पनि हामी यही किसिमको आदर्श नारी चरित्र चित्रण देख्छौँ । मुनाको चरित्रको आदर्शताले देखाउँछ हिन्दूनारीहरूको युगमा रहेको सतीत्वको नमुना (राणा, २००३ : १२) ।

यसमा चरित्रका बारेमा समालोचकले नारी चीरत्रलाई **मुनामदन** कृतिमा सही रूपमा प्रयोग गरिएको छ भन्ने मत राखेका छन् । जुन हिन्दू नारीको चरित्रको यथार्थसँग मिलेको हुँदा पनि काव्य यथार्थपरक बन्न पुगको भन्ने धारणा अभिव्यक्त भएको छ । देवकोटामा चरित्रको बाह्य वर्णन कौशल पनि राम्रो रहेको निष्कर्ष जगदीश शमशेर राणाको रहेको छ । **मुनामदन भ्रमण** समालोचना विशेष गरी कृतिमा चरित्रको चयन, भूमिका, चरित्रको बाह्य तथा आन्तरिक चित्रण के कसरी गरिएको छ भन्ने विषमा बढी केन्द्रित देखिन्छ । मुनाको चरित्रिक विशेषतालाई **मुकुन्द इन्दिरा** नाटकमा आएकी नारी चरित्र इन्दिरासँग तुलना गरी समलोचकले मुनाको चरित्रलाई प्रकाश पार्ने काम गरेका छन् । कुनै

पनि कृतिको समालोचना गर्दा उस्तै विषय, पात्र तथा कथानक भएको कृतिसँग तुलना गर्दा सरल हुने तथ्यलाई राणाको यस समलोचनाले पुष्टि गरेको छ ।

चरित्र चित्रणमा सबल हुँदाहुँदै पनि देवकोटाले चरित्रमा स्वाभाविकता दिन नसकेको तर्फ राणाले देवकोटाका कमजोरी रहेको देखाइ दिएका छन् । यसले उनमा गुण र दोष देखाएर समालोचना गर्ने समालोचकका रूपमा उनलाई चिनाएको छ । जस्तो भोटेले नेपाली बोलेको सन्दर्भमा उनको टिप्पणी छ :

> यस्तो शुद्धसँग भोटेले बोल्नु झन्डै असम्भव कुरा हो । उसमा पनि त्यस्तो परेकाले भोटेको ज्यादै अशुद्ध बोलाइलाई कविजीले अध्ययन गरेका छैनन्जस्तो देखिन्छ र यसैले यो अस्वाभाविक देखिएला भनेर चाहिँदो अशुद्धता पनि बोलीमा घुसाएनन् ( राणा, २००३ : २७) ।

यसले कविको संवाद प्रयोगमा रहेको असचेततालाई देखाइ दिएको छ । यसै प्रसङ्गमा जगदीश शमशेर राणाले देवकोटाले **मुनामदन**लाई स्वाभाविक बनाउन नसकेको तर्फ सङ्केत गर्दै भन्दछन् :

> च्याङ्बाले मेरी स्वास्नी स्वर्गमा छ भन्ने विचार गर्न सक्तछ तर मरेको स्वास्नीलाई गहना भन्नु र बादलमा उड्छिन, तारामा चम्किन्छन् भन्ने किसिमको विचार हुनु त असम्भवको कुरा हो । सायद कविताको गडगडे झरीले पनि धमिल्याएकोले याद नभएर हो कि ? (राणा, २००३ : २७) ।

यसरी सहयोगको भावनामा भोटे सभ्य र सहयोगी भए पनि भाषिक प्रयोगका सन्दर्भमा भने यथार्थपरक संवाद प्रयोग गर्न नसक्नु कविको कमजोरी हो भन्ने विश्वास समालोचकको रहेको छ ।

**मुनामदन**मा प्रकृति चित्रणको प्रसङ्गलाई पनि यस समालोचनामा स्थान दिइएको छ । स्वच्छन्दतावादी कवि प्रायः प्रकृति चित्रणमा रमाउने गर्दछन् । देवकोटाको प्रकृति चत्रिण यस काव्यमा पनि गरिएको छ । देवकोटाको प्रकृति वर्णन प्राकृतिक सौन्दर्यको आकर्षणले प्रेरित भएको हुन्छ । देवकोटामा प्रकृतिको व्यपक अध्ययन भएको भान समेत यसकाव्यमा

छ भन्ने ठम्याइ जगदीश शमशेर राणाको रहेको छ । उनी देवकोटालाई प्रकृति चित्रणमा सफल काव्यकारको रूपमा चिनाउँछन् ।

**मुनामदन** काव्यले मानिसलाई आदर्श जीवनको बाटोमा लाग्न प्रेरणा वा कुनै नैतिक शिक्षा दिने उद्देश्य लिएको छैन भन्ने विचार राणाको छ । उनी यस विषयमा भन्दछन् :

> बिचबिचमा शिक्षापूर्ण उक्तिको बेलबुट्टा भए पनि वास्तवमा मुनामदनको शिक्षा दिने धेय देखिन्न । धनले आकर्षण गर्नु, निरपराधी पनि मर्नु त संसारको चलनै हो । कला कलाका लागि भन्ने उद्देश्यले नै लेखिएको मुनामदनले हाम्रो जीवनको एक झल्को मात्र खडा गरेको छ । ...त्यसैले कविले जीवनको चित्रण गरे तापनि शिक्षाप्रदानतिर केही विचारै राखेका छैनन् । भन्नामा केही अत्युक्ति देखिन्न (राणा, २००३ : ५३) ।

यस विचारले शिक्षा दिनु **मुनामदन**को उद्देश्य नभएर नेपाली जीवनको एउटा झल्को दिनु हो भन्ने कुरालाई जोड दिएको छ । केही कमजोरी भए पनि देवकोटाको काव्यकला नेपालीपनले भरिएको छ भन्ने निष्कर्ष समालोचक राणाको छ । अरु कविले जस्तो संस्कृत छन्द नलेखेर नेपाली लयमा नेपाली नै लेख्नु देवकोटाको सबल पक्ष हो भन्ने निर्णय उनले दिएका छन् । उनको प्रारम्भिक समालोचना भए तापनि यसमा कृतिको, विषय, पात्र, प्रकृति चित्रण, लयविधान, काव्यको उद्देश्य जस्ता कुरालाई समेटेर वस्तुपरक समालोचना गर्ने कार्यको थालनीसमेत राणाले **मुनामदन भ्रमण** कृतिबाट गरेको देखिन्छ ।

## ४.३ दश दृष्टिकोण

**दश दृष्टिकोण** जगदीश शमशेर राणाको दोस्रो निबन्धात्मक समालोचना कृति हो । यस कृतिमा जम्मा दश वटा साहित्य र कलासम्बन्धी जगदीश शमशेर राणाका मान्यताहरू समावेश भएका छन् । वि.सं २०४५ मा प्रकाशित भएको यो कृति २०६ पृष्ठको आयाममा विस्तारित छ । यस कृतिमा काव्यमा नव आयाम, मुक्तक छन्द, वेद, छन्द र मुक्तक छन्द, हाम्रो साहित्य स्रोत, कविवर लेखनाथ पौड्यालको वसन्त कोकिल, आधुनिक नेपाली कविता, ऋषि र वानर, जनसाहित्य, मिथक र साहित्य र गीतिकाव्यको वर्तमान र भविष्य शीर्षकमा

दश वटा निबन्धात्मक समालोचना समावेश छन् । यी समालोचनाको विषय, वैचारिकता, वस्तुपरकता शोधात्मकता के कस्तो छ भन्ने विषयमा यहाँ विश्लेषण गरिएको छ :

## १. काव्यमा नव आयाम

**दश दृष्टिकोण** कृतिको पहिलो समालोचना 'काव्यमा नव आयाम' शीर्षकमा रहेको छ । यस निबन्धात्मक समालोचनाले नेपाली साहित्यमा काव्य, काव्यको आयाम र नयाँ काव्यका बारेमा भएका विमर्शलाई विषय बनाएको छ । मानिसले आफ्ना भावना, विचार र रुचिलाई नयाँ नयाँ आयाममा प्रस्तुत गर्छ । साहित्यकार साहित्यमा, मुर्तिकार मुर्तिकलामा, चित्रकार चित्रकलामा नयाँ कुरा ल्याउन खोज्दछ । साहित्य पनि नवीन पद्धतितर्फ उन्मुख रहन खोज्छ । साहित्यिक परम्पराको बोध, त्यसको ऐतिहासिक परम्परा, परम्पराको अवसानका साथै नव निर्माणका प्रक्रियाले साहित्यमा नव आयाम थपिने दृष्टिकोण यस समीक्षाले प्रस्तुत गरेका छ ।

यस समीक्षामा जगदीश शमशेर राणाले काव्य लेखनको प्रेरणा, रचनाको प्रक्रिया, त्यसको उद्देश्य वा प्रयोजन जस्ता कुरालाई स्पष्ट पारेका छन् । काव्यको रचना प्रक्रिया र त्यसको विषयवस्तुका विषयमा उनको धारणा यसप्रकार व्यक्त भएको छ :

> कवि एक समाजको उत्पत्ति, संस्कारको पिण्ड र युगको चेतना भएकाले जतिसुकै नवीन भए पनि उसको मस्तिष्कमा संस्कार घुसेको हुन्छ । त्यसैले जुनसुकै गतिलो रचनामा जतिसुकै मौलिक प्रयोगमा पनि समाजको प्रकाश, संस्कारको प्रभाव र युगको चेतना घुसेको हुन्छ । त्यसैले नयाँ रूप, नयाँ अनुभूति र नवीन विचार प्रेषित गर्ने क्षमता भएका लेखकका कृतिमा पनि परम्परा कुनै न कुनै रूपबाट घुसेको हुन्छ । वास्तवमा परम्पराले प्रेरणा पनि दिन सक्छ (राणा, २०४५ : २) ।

सामाजिक परम्पराले काव्यमा आयामको काम गरेको हुन्छ भन्ने तर्क समालोचकको रहेको देखिन्छ । परम्पराको प्रेरणा जुनसुकै युग र जुनसुकै काव्यकारमा हुने धारणा समालोचक राणाको छ । पूर्वीय काव्य परम्परामा र पाश्चत्त्य काव्य परम्परा दुबैमा परम्परालाई तोड्दै र मोड्दै काव्यिक रचनाको विकास भएका उदाहरण पनि यस समालोचनामा प्रस्तुत गरिएको छ । जसले सामाजिक र काव्यिक दुबै परम्पराको ज्ञान राख्दछ

उसले नै उत्तम कृतिको रचना गर्छ भन्ने तर्क जगदीश शमशेर राणाको छ । उनी परम्पराको ज्ञान स्रष्टालाई हुनुपर्छ भन्ने मान्यता राख्ने समालोचकका रूपमा देखिएका  छन् ।

काव्य रचनाको हेतु वा लक्ष्यका सन्दर्भमा लेखकले धर्म, अर्थ, काम र मोक्षलाई नै स्वीकार गरेका छन् । समालोचकको यी कुरामा नै समग्र काव्य रचना भएको हुन्छ भन्ने विश्वास रहेकोछ । मूर्त वा अमूर्त जुनसुकै कलाले मानव मनलाई र स्वयम रचनाकारलाई नै आनन्द दिने भएकाले आनन्दका पारख काव्यमा हुने तर्क समालोचक राणाको छ । काव्यले कुन बेला नव आयाम प्राप्त गर्दछ भन्ने प्रश्नमा उनी भन्दछन् :

> युगवाणी समेटेर, परम्परा सम्झेर जब काव्यकारले आफ्नो ऐतिहासिक अस्तित्व र युगको गतिको समन्वय फेला पार्छ मेरो विचारमा कवि काव्यमा नव आयाम थप्न समर्थ बन्छ । अनि जब पुराना मान्यताको गाथा पन्छाएर काव्यमा नव आयाम थप्न कलम र कागत लिएर बस्छ काव्यकारको अगाडि काव्यमय नियन्त्रणको महान् जिम्मेवारी आइपर्छ (राणा, २०४५ : ९) ।

काव्यको नव आयामका सन्दर्भमा युगबोध र परम्पराको ज्ञान आवश्यक हुने समालोचकीय दृटिकोण यस लेखमा व्यक्त भएको छ । परम्पराको ज्ञानका अभावमा काव्यमा नव आयाम ल्याउन गरिएका प्रयोग दिगो हुन नसक्ने तर्क पनि यसै समालोचनामा व्यक्त गरिएको छ । काव्यमा नव प्रयोग गर्ने प्रयोगकर्तामा युगधाराको कमी, ऐतिहासिक चेतनाको अज्ञान, दृष्टिदोष, काव्यनियन्त्रणमा सामर्थ्यहीनता भयो भने नवीन काव्यको रचना हुन सक्दैन । मानिस स्वभावतः भावना, विचार र रुचिलाई नयाँ नयाँ किसिले प्रस्तुत गर्न खोज्छ । त्यसैले नयाँ गोरेटोको खोजी गर्न लागेका समालोचक तथा साहित्यिक संस्थाले नवीनता अँगालेका काव्य र काव्यकारलाई प्रोत्साहन गर्न सकेमा मात्र काव्यमा नव आयाम थपिँदै जान्छ भन्ने विचार यस समालोचनाले स्थापित गरेको छ ।

### २. मुक्तक छन्द

**दश दृष्टिकोण** कृतिको दोस्रो समालोचना ‘मुक्तक छन्द’ शीर्षकमा रहेको छ । गद्य कवितामा प्रयोग हुने गति, यति र लयको संरचनालाई मुक्तक छन्दका रूपमा चर्चा गरिएको छ । वार्णिक र मात्रिक छन्दमा कविता रचना गर्ने नेपाली परम्परालाई मुक्तक छन्दले

बदलिदिएको विषय यस लेखमा प्रस्तुत भएको छ । मुक्तक छन्दको परिचय, यसको प्रयोग र परम्परालाई आधार बनाएर लेखिएको प्रस्तुत निबन्धात्मक समालोचनामा मुक्तक छन्दको विकासमा विभिन्न किसिमका बाधा अवरोध आइपरेको तथ्यलाई समेत प्रस्तुत गरिएको छ । मुक्तक छन्द विकासका सन्दर्भमा उनको धारणा यसरी व्यक्त भएको छ :

> मुक्तक छन्द हाम्रा साहित्यमा कहाँ शुरु भयो भन्ने कुराको सीमाना हामी तोक्न सक्तैनौँ । मुक्तिको भावना त साहित्यमा छँदै थियो । यस भावनालाई १९९० सालदेखि शुरु भएको क्रान्तिको भावना, बाह्य संसार र विदेशी साहित्यसँगको नेपाली लेखकवर्गको सम्पर्क र राजनैतिक क्रान्तिसँगै अघि बढेको साहित्यिक क्रान्तिका भावनाले प्रोत्साहन दियो ।... अंग्रेजी साहित्यको प्रभाव र फ्रान्सेली कविबाट नेपालका कविले मुक्तक छन्दको प्रेरणा र नमुना लिन थाले (राणा, २०४५ : १३३) ।

यसरी नेपाली साहित्यमा आएको मुक्तक छन्दमा कविता साधना भएको छ । छन्द काव्यिक प्रस्तुतिको शैली हो । हामीले नबुझेर छन्दलाई भाव र सौन्दर्य सिर्जना गर्ने कारकका रूपमा लिएका थियौँ । यस किसिमको विचारलाई खण्डन गरी शब्दले नै सौन्दर्य सिर्जना गर्ने भएको हुँदा समय र समाजको परिवर्तनसँग साहित्यको बान्की छन्द पनि परिवर्तन हुन्छ भन्ने दृष्टिकोण उनको छ । मुक्तक छन्दका बारेमा समालोचक जगदीश शमशेर राणा भन्दछन् :

> मुक्तक छन्दको उत्पत्तिको कारण, यसको परम्परा र गहनता नै नबुझी यो छन्द केवल वार्णिक र मात्रिक छन्दका कठिनतादेखि भाग्ने उपाय हो भन्ने आरोप प्रशस्त सुनिन्छ । तर मुक्तक छन्द छन्ददेखि मुक्त हुने प्रयास होइन, बरु यो छन्दलाई मुक्त गर्ने प्रयास हो । यो कुनै कवितामा खोज्ने र मनपरी गर्ने प्रयास होइन बरु महत्त्व बढाउने र शब्दप्रयोगको होसियारीले लेखकमा शब्द चेतना ल्याउने प्रयास हो (राणा, २०४५ : १६) ।

यसरी मुक्तक छन्दमा यसको विकास, विस्तार र प्रयोगको औचित्यलाई स्पष्ट पारिएको छ । यस समालोचनाको निष्कर्ष लेखकले भन्दा पनि पाठकले काव्यको आस्वादन

गर्ने भएकाले पाठकमा नयाँ सङ्गीतको बानी बसाली मुक्तक छन्दको प्रयोगलाई प्रोत्साहित गर्नुपर्छ भन्ने नै रहेको देखिन्छ ।

### ३. वेद, छन्द र मुक्तक छन्द

**दश दृष्टिकोण** कृतिमा रहेको तेस्रो निबन्धात्मक समालोचना 'वेद, छन्द र मुक्तक छन्द' शीर्षकमा रहेको छ । यसमा लेखकले मुक्तक छन्दका बारेमा परम्परावादी र प्रयोगवादी दुबै खालका लेखकले लगाएका आरोपको खण्डन गरेका छन् । वैदिक छन्दमा प्रयोग गरिएका शब्दको अर्थ समय र परिस्थितिअनुसार फरक हुँदै जान्छन् भन्ने मान्यतालाई यस लेखमा प्रस्तुत गरिएको छ । राणाले वैदिक कालमा प्रयोग भएको अग्नि शब्दका बाह्र वटा अर्थ रहेको उल्लेख गर्दै गायत्री शब्दले पनि भिन्न भिन्न चार वटा अर्थ बुझाउने सन्दर्भ प्रस्तुत गरेका छन् । वेदमा आएका छन्दमा अर्थको प्रधानता रहेजस्तै मुक्तक छन्दमा शब्द र विम्बको विशेष महत्त्व हुन्छ भन्ने कुरालाई स्पष्ट पारेका छन् । वैदिक कालका ऋषिको स्थानमा वर्तमानका मुक्तक कविलाई पुऱ्याउने प्रयास लेखकले गरेका छन् ।

लेखक यस समालोचनात्मक निबन्धमा मुक्तक छन्दको पक्षमा उभिएका छन् । उनले वेदकालका ऋषि र मन्त्रलाई क्रमशः कवि र कविताका रूपमा आजका मुक्तक कवि र उनीहरूका कवितासँग दाँज्नुले यस कुरालाई थप पुष्टि गरेको छ । उनको विचार यस विषयमा यसरी व्यक्त भएको छ- वेदकालका कवि कविता र वाणीमा आजका मुक्त कविता लेख्ने कवि, कविता र वाणीमा वस्तुतः पार्थक्य पाइँदैन । दुबै कालका कवि मस्तिष्कले सोच्थे र शब्द शब्दमा विचार पोख्थे (राणा, २०४५ : ३३) यसले मुक्तक छन्दलाई उनले बलियो बनाउने प्रयास गरेका छन् । यसैगरी समालोचक जगदीश शमशेर राणाले यस लेखमा वेदका केही श्लोक र नेपाली कविताको तुलना गरेर देखाएका छन् ।

### ४. हाम्रो साहित्य स्रोत

**दश दृष्टिकोण** कृतिमा रहेको चौथो निबन्धात्मक समालोचना 'हाम्रो साहित्य स्रोत' शीर्षकमा रहेको छ । यसमा लेखकले आधुतिकतामा विश्वास राखे पनि हामी प्राचीनताको पुजारी हौँ भन्ने देवकोटाको भनाइलाई साभार गरिएको छ । यसमा साहित्यको स्रोतका विषयमा खोजी गर्दा युगौँयुगदेखि चलिआएका प्रचलित प्रतीक, गाथा, इतिहास, पुराण, दर्शन,

मिथक, वेद, महाभार आदिलाई सम्झनु पर्ने विचार उनको छ । उनले विभिन्न कविका उदाहरण दिँदै परिष्कृत रूपमा शब्दप्रयोग भएका काव्य रस लिन र पचाउन समेत सजिलो हुने तर्क दिएका छन् ।

यस लेखमा राणाले नेपाली साहित्यको मूल स्रोत लोकसाहित्य, संस्कृत वाङ्मय, पाश्चिमी साहित्य र सामाजिक, आर्थिक र राजनीतिक परिवेशलाई मानेको पाइन्छ । यसैगरी कवि सम्मेलन, पत्रपत्रिका, स्वच्छन्द वातावारण आदिलाई साहित्यको विकासका स्रोत मानेको देखिन्छ । यस लेखले साहित्यको स्रोतका विषयमा स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ ।

### ५. कविवर लेखनाथको वसन्तकोकिल

**दश दृष्टिकोण** कृतिमा रहेको पाँचौँ समालोचना 'कविवर लेखनाथको वसन्तकोकिल' शीर्षकमा रहेको छ । यसमा वसन्त र कोकिल मुना र मदन जस्तै अभिन्न युगल रूपमा रहेको धारणा प्रस्तुत भएको छ । वसन्त ऋतुको आगमनसँगै कोइलीले कण्ठगौरव सुनाउने हुँदा यो समय निकै आह्लादकारी हुने समीक्षा गरिएको छ । वसन्त कोकिल कवितामा गहकिलो ज्ञान, नयाँ रूप र गीतिलयको संयम तथा सन्तुलन रहेको निष्कर्ष उनको छ । यो कवितालाई समयसीमादेखि मुक्त भएर अध्ययन गर्नु पर्ने दृष्टिकोण राणाको छ । राणा शासनमा कविलाई वसन्त नआउँदा विरक्त भएर बाँचेको कोइली जस्तो हुनु परेको प्रतीकात्मक अभिव्यञ्जना पनि कवितामा पाइन्छ भन्ने निष्कर्ष समालोचक राणाको छ । कविताको समष्टि मूल्याङ्नमा उनी भन्दछन्- वसन्त कोकिल जस्तो सन्तुलित, परिमार्जित तथा उच्च काव्यात्मक स्तरको कविता पहिलो पुस्तक पढ्ने बालकदेखि लिएर स्नातकोत्तरका विद्यार्थीका लागि पनि रोचक मात्र होइन; ग्रहणयोग्य पनि रह्यो (राणा, २०४५ : ७१) ।

### ६. आधुनिक नेपाली कविता

**दश दृष्टिकोण** कृतिमा रहेको छैटौँ समालोचना 'आधुनिक नेपाली कविता' शीर्षकमा रहेको छ । यसमा नेपाली कविताको आधुनिक सन्दर्भलाई समीक्षाको विषय बनाइएको छ । चरालाई समेत गाउन मौसम र परिस्थिति आवश्यक हुन्छ । त्यसैले कुनै पनि कुरामा नवीनता वा आधुनिकता स्थापना गर्नु सामान्य कुरा होइन भन्ने धारणा उनको छ । जगदीश शमशेरले 'आधुनिक नेपाली कविता' नामक लेखमा आधुनिकतालाई स्थापित गर्दा मार्क्सवादी

कवितालाई पोपवादी र पण्डितवादी कवितासँग तुलना गर्दै त्यस्ता पुरातनपन्थी कवि, पाठक अनि समालोचकले आधुनिक कविता पढ्न सक्ने सामर्थ्य जुटाउन नसकेको भन्ने आरोप समेत लगाएको पाइन्छ ।

उनले यस लेखमा प्रयोगवादतर्फ आकर्षित भएका कविका केही कवितालाई उदाहरणका रूपमा राखेर ती कवितामा अभिव्यञ्जित शैलीको प्रयोगलाई बुझ्न सम्बन्धित कविकै कविता अध्ययन गर्नु पर्ने आग्रह पनि राखिएको छ । केही प्रयोगावादी कविको चर्चा गरी उनका कविताको समीक्षा गर्दै नेपाली कवितामा आधुनिकता कसरी आयो भन्ने दृष्टिकोणलाई यसै लेखमा स्थापित गरिएको छ । मुक्तक छन्दको प्रयोग गरेका कवितामा भाव अभिव्यञ्जना र शैलीगत नवीनता स्पष्ट रहेको तर्क पनि उनको छ । कला, साहित्यका सबै विधामा नवीन विचारको प्रवेश भएकाले नेपाली कविता पनि आधुनिकतामा प्रवेश गरिसकेको तर्क राणाको छ । उनको यो समीक्षा निकै लामो रहेको छ । नेपाली कवितामा आधुनिकता र आधुनिक कविका प्रवृत्तिलाई समेटेर लेखिएको यस समालोचनाको मूल उद्देश्य मुक्तक छन्दमा कविता लेख्ने कवि र प्रयोगवादी एवम् आयामेली लेखनलाई स्थापित गर्न खोजिएको छ ।

### ७. ऋषि र वानर

**दश दृष्टिकोण** कृतिमा रहेको सातौं समालोचना 'ऋषि र वानर' शीर्षकमा रहेको छ । मूर्तिकलालाई विषय बनाएर लेखिएको यस लेखमा इटालीका मूर्तिकार माइकेल एन्जेलोलाई ऋषिका रूपमा र पिकासोले रचेका केही स्ववानर र बच्चाको मूर्तिलाई वानरका रूपमा चित्रण गरिएको छ । एन्जेलो र पिकासो विश्वको कला इतिहासमा प्रमुख व्यक्तित्व बनेको प्रसङ्गलाई समेटिएको यस लेखमा दुबै कलाकारको मूर्तिकलाको वर्णन गरिएको छ । यसमा दुई कलाकारको अध्ययन र मूर्तिको रचना प्रक्रियाको चित्रण गरिएको छ । साहित्यको नभई यस लेखले कलाको समीक्षा प्रस्तुत गरेको छ । एन्जेलोले रचना गरेका मूर्तिका तुलनामा पिकासोको कलाको रूप र विन्यासमा नवीनता रहेको चर्चा गरिएको छ । कला क्षेत्रमा भएको बहुआयामिक आविष्कारले विश्वमा निकै ठूलो हलचल ल्याएको समीक्षा प्रस्तुत लेखमा गरिएको छ । माइकेल एन्जेलो र पिकासोको मूर्तिकलाको विशद तुलना यस लेखमा गरिएको छ । कलाको मूल्याङ्कन र मूल्य पहिचानका लागि यो निकै उपलब्धीमूलक निबन्धात्मक समालोचना हो ।

## ८. जनसाहित्य

**दश दृष्टिकोण** कृतिमा रहेको आठौँ समालोचना 'जनसाहित्य' शीर्षकमा रहेको छ । राजनीतिक विचारधारको टिपोट र विभिन्न काव्यशास्त्रीका काव्यसम्बन्धी दृष्टिकोणको समीक्षा यस लेखमा गरिएको छ । यसमा साहित्य र पाठकको विभाजन गरिएको छ । यस्तो विभाजन नेपालीको अवस्था हेरेर गरिएको छ । पढ्न नसक्ने सुन्न मात्र सक्ने, पढ्न मात्र सक्ने, साहित्य र अरु लेखको फरक छुट्याएर रसास्वादन गर्न सक्ने र साहित्य पढ्न र बुझ्न सकने गरी पाठकको बौद्धिक श्रेणीको विभाजन गरिएको छ । यस्तै बौद्धिक वर्गलाई चेतना र प्रेरणा दिनु र समाजमा सदा गरिने शोषणको विरोध फैलाउन सक्ने साहित्यको उद्देश्य हुने तर्क लेखकको छ । पाठकको बौद्धिक श्रेणीअनुसार उपयुक्त रहेको साहित्यलाई जनसाहित्य भनिने परिभाषा समेत यस समीक्षामा पाइन्छ । साहित्य समाजका लागि र समाजवादी साहित्यमा जनतालाई शोषण, दमन र उत्पीडनबाट बचाउनु पर्ने भावना व्यक्त भएको हुनुपर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ ।

साहित्यले समेट्ने वर्ग, भाषा, राजनीति र सामाजिक परिवेशजस्ता कुरामा भिन्नता रहन्छ । साहित्य विचारको सबल माध्यम भएको हुँदा यसले कुन वर्ग, जाति, समुदाय र सामाजिक परिवेशलाई प्रस्तुत गरेको छ भन्ने कुरा बढी महत्त्वपूर्ण हुने तर्क प्रस्तुत गरिएको छ । साहित्यको समीक्षा गर्दा यस्ता कुराको ख्याल हुनु आवश्यक हुन्छ । जनसाहित्यमा आदर्शभन्दा पनि वास्तविकता जोडिएको हुनु आवश्यक छ भन्ने निष्कर्ष यसमा दिइएको छ ।

## ९. मिथक र साहित्य

**दश दृष्टिकोण** कृतिमा रहेको नवौँ समालोचना 'मिथक र साहित्य' शीर्षकमा रहेको छ । मिथक शब्द अङ्ग्रेजी मिथसँग मिल्ने हुनाले माइथोलोजिमा आउने पौराणिक अभिव्यक्ति, विचारधारा, दर्शन र कल्पनामा मात्र मिथकलाई सीमित गर्न नहुने विचार यस समालोचनामा व्यक्त भएको छ । कथा कविता, दर्शन र मनोविज्ञानमा समेत केही न केही मिथकको अंश रहने विचार व्यक्त भएको छ । मिथकको विषयवस्तु र कथनमा परिवर्तन नभई मिथकीय अभिव्यक्तिमा मात्र परिवर्तन हुन्छ भन्ने लेखकीय धारणा पनि यसमा प्रस्तुत भएको छ । साहित्यमा मिथक प्रयोगको आवश्यकता परापूर्वकालमा रहेका शोषण, दमन र अत्याचार गर्ने मानवीय प्रवृत्ति आज पनि यथावत् रहेकोले भएको हो भन्ने विश्वास

लेखकको छ । मिथकीय अभिव्यक्तिमा व्याकरणका नियमको पालना आवश्यक रहँदैन भन्ने मान्यतालाई पनि यसै लेखमा स्थापित गरिएको छ । राणाले मिथक र भाषालाई एउटै धरातलमा रहेका दुई वृक्षका रूपमा चिनाएका छन् । मिथक प्रयोगका सन्दर्भमा आफ्नो धारणा राख्दै उनले यसलाई प्रत्यक्ष, परोक्ष, यौगिक, विरुपित, अमूर्त, लाक्षणिक र प्रतीकात्मक तरिकाले गर्न सकिन्छ भन्ने छ (राणा, २०४५ : १७८) । कुनै पनि साहित्यमा मिथकको चयन स्रष्टाले आत्मानुकूल गर्न सक्ने स्वीकृति दिइएको पाइन्छ । मिथकका बारेमा विशद र गम्भीर विश्लेषण गर्ने समालोचकका रूपमा उनलाई यस समालोचनाले चिनाएको छ । मिथकको परिचय, यसको स्रोत, प्रयोगको सन्दर्भ र साहित्यमा मिथक प्रयोगको आवश्यकता र प्रयोगको तरिकालाई यस लेखले स्पष्ट पारेको छ ।

### १०. गीतिकाव्यको वर्तमान र भविष्य

**दश दृष्टिकोण** कृतिमा रहेको दशौँ समालोचनात्मक लेख ‘गीतिकाव्यको वर्तमान र भविष्य’ शीर्षकमा रहेको छ । गीतिकाव्यको पृष्ठभूमि र परम्परामा केन्द्रित रहेको यो समीक्षा लामो आयाममा विस्तारित भएको छ । गीतिकाव्यको आरम्भ ऋग्वेदबाट भएको भन्ने कुरालाई ऋग्वेदका मन्त्रहरूलाई उदाहरणका रूपमा दिएर स्पष्ट पारिएको छ । यसमा लोकगीतको लय, धुन, छन्द, ताल, मात्रा, रागजस्ता कुरालाई पहिल्याएर सङ्गीत भर्न सके गीतिकाव्य र साङ्गीतिक क्षेत्रमा नयाँ प्रयोगको थालनी हुने थियो भन्ने मत प्रकट भएको छ (राणा, २०४५ : १८८) । लोकगीतमा गहिरो चिन्तनलाई हलुका र मीठो तरिकाले व्यक्त गर्ने कला, वर्णनात्मक या कथात्मक विषयलाई मीठो तरिकाले प्रस्तुत गर्ने चातुर्य, नीतिपरक विषयलाई लोकपरक अभिव्यञ्जना दिन सक्ने क्षमता र सजिलै गहन चिन्तनपूर्ण विषयलाई मिथकीय रूप दिएर बाँध्ने सामर्थ्य फेला पार्न सकन्छि भन्ने मान्यता जगदीश शमशेर राणाको रहेको छ ।

यसै समीक्षामा उनले गीतका विशेषतालाई सिद्ध गर्न विभिन्न गीति काव्यलाई उदाहरणका रूपमा समेत प्रस्तुत गरेका छन् । विभिन्न पूर्वीय र पाश्चात्य कविका कविताको चर्चा गर्दै लोकगीत सवाई आदिको विकासक्रकको उल्लेख र सङ्गीतको अवस्थाका बारेमा विवेचना गरी यो समालोचना तयार भएको छ । गीतिकाव्यको प्रबन्धन, प्रयास, अध्ययन, अभ्यास, प्रयोग तथा संयोजनका आवश्यकता रहेको भन्दै यस लेखलाई अन्त्य गरिएको छ । यसमा गीतिकाव्यको सैद्धान्तिक चर्चाभन्दा पनि गीतिकाव्यको स्वरूप र

प्रवृत्तिगत विशेषताका बारेमा बढी व्याख्या गरिएको छ । यो लेख गीतिकाव्यका बारेमा भन्दा पनि यसैको एक भेद गीतका विषयमा बढी केन्द्रित रहेको छ ।

विभिन्न समयमा रूपरेखा पत्रिकामा प्रकाशित भएका साहित्य र कलासम्बन्धी मान्यतालाई समाविष्ट गरी तयार पारिएको **दश दृष्टिकोण** निबन्धात्मक समालोचना कृति हो । यस कृतिमा समावेश भएका समीक्षाले परम्परित काव्यरचनामा नव आयामका लागि परम्पराको ज्ञान, परम्परालाई पचाउन सक्ने क्षमता, परम्पराको विनाश र नवनिर्माणको आवश्यकता पर्छ भन्ने मान्यता व्यक्त भएको छ । यो कुरालाई काव्यमा नव आयाम समीक्षाले समेटेको पाइन्छ । यसैगरी मुक्तक छन्दलाई काव्यको प्रमुख अङ्गका रूपमा स्वीकारेका छन् । उनले मुक्तक छन्दमा कविता लेख्ने तथा गीतिकविताको रचना गर्ने स्रष्टालाई आधुनिक कविका रूपमा स्वीकारेका छन् । वेद छन्दलाई र मुक्तक छन्दलाई बराबर रूपमा तुलना गरी समयअनुसार वेदका छन्दमा जस्तै मुक्तक छन्दमा लेखिएका कविताको अर्थ पनि परिवर्तित हुन्छ भन्ने मान्यतासमेत यिनै समीक्षामा प्रस्तुत भएका पाइन्छन् । गीति साहित्यको वर्तमान र भविष्यले गीतिबाट साहित्यको आरम्भ भएको बताएको छ भने कविवर लेखनाथको वसन्त कोकिलले प्रयोगात्मक पारामा वसन्त र कोइलीको श्लेषपरक अर्थ देखाएको छ । ऋषि र वानर समालोचनात्मक लेखमा मूर्तिकलाको तुलनात्मक अध्ययन गरिएको छ ।

यसरी जगदीश शमशेर राणाका समालोचनात्मक निबन्धमा नयाँ सिद्धान्त प्रतिपादन गर्नुमा र कलाक्षेत्रको अध्ययनलाई अघि बढाउनुमा आफू केन्द्रित रहेको कुरालाई मुख्य विषयवस्तु बनाएको देखिन्छ । नयाँ मान्यता र कलाकारिताप्रतिको लगावले नेपाली समालोचनामा नवीन चिन्तन प्रस्तुत गर्ने समालोचक व्यक्तित्वका रूपमा यस कृतिले जगदीश शमशेर राणको बौद्धिक र तर्कपूर्ण चिन्तन प्रस्तुत गरेको छ । यो नै यस कृतिमा रहेको जगदीश शमशेर राणको समालोचनाकारिताको विशेषता हो ।

## ४.४ नरसिंह अवतार परिचर्चा

**नरसिंह अवतार परिचर्चा** जगदीश शमशेर राणाको तेस्रो समालोचना कृति हो । **नरसिंह अवतार** काव्यको पछाडि समावेश भएको यो समालोचना पृष्ठ १३० देखि १६४ सम्म विस्तारित छ । जम्मा ३४ पृष्ठमा फैलिएको यस समालोचनामा समालोचक राणाले

आफ्नो प्रयोगवादी महाकाव्य **नरसिंह अवतार**को विस्तृत व्याख्या गरेका छन् । **नरसिंह अवतार**मा प्रयोग भएको विषयवस्तु, छन्द र मिथकका बारेको चर्चा यस समीक्षामा गरिएको छ । राणाको **नरसिंह अवतार** काव्यप्रतिका आरोप, यसको जटिलता जस्ता कुरालाई स्पष्ट गर्न स्रष्टा स्वयम्ले प्रस्ट पारिएको समालोचनाका रूपमा यसलाई लिन सकिन्छ ।

यस समीक्षामा मिथकको महत्त्व र औचित्यलाई पनि स्पष्ट पारिएको छ । **नरसिंह अवतार** काव्यको विषय मिथक हो भन्ने सङ्केत यस समालोचनामा सुरुमा नै गरिएको छ । विष्णुका दशअवतारको मनोरञ्जक अभिव्यञ्जनाले स्रष्टालाई प्रभावित पारेको र यसबाट विष्णुको एक अवतार नरसिंहलाई आधार बनाएर वर्तमान युगको समसामयिक चेतनालाई प्रस्ट पारिएको छ । आधुनिक लेखकले पौराणिकताबाटै आधुनिकतामा प्रवेश गर्ने सामर्थ्य राख्छ भन्ने विश्वास समालोचकमा छ । नयाँ कविले पुरानोले भन्दा नयाँ र उत्कृष्ट पनि लेख्छ । हामीले लेख्ने कुरा नयाँ नभएर नयाँ धार मात्र हो भन्ने विचार उनको छ ।

वर्तमान काव्यको संरचनाका विषयमा धेरैजसो काव्य अर्थात् खासगरी आजभोलिका काव्यमा वर्णनात्मक र कथनात्मक शैलीमा लेखिएका सुन्दर धारा प्रशस्त छन् । वर्णन र कथनको सौन्दर्यको साहित्यमा महत्त्वपूर्ण स्थान रहन्छ । **नरसिंह अवतार** काव्यमा मिथकीय अभिव्यक्तिलाई बढी महत्त्व दिएको कुरा लेखक स्वयम्ले स्पष्ट पारेका छन् । काव्यको प्रमुख अङ्ग संरचनात्मक ऐक्य हो भन्ने मान्यता राखेका जगदीश शमशेर राणाले युगमानवको दृष्टिकोणलाई काव्यमा समेटेको बताएका छन् । काव्यको विषयलाई स्पष्ट पार्दै उनले अत्याचार र प्रजापीडन या तानाशाही नै काव्यको मूल विषय हो । यो अत्याचार संसारभर फैलिएको छ । अत्याचारले युगमानवलाई आततायी बनाएको छ भन्ने धारणा राखेका छन् । समालोचकले यसको विषयलाई त्राटनका रूपमा चिनाएका छन् । त्राटनका विषयमा उनको स्पष्टीकरण छ- **नरसिंह अवतार**को विषयवस्तु त्राटन नै हो । अत्याचार, प्रजापीडन, तानाशाही शब्दहरूले सारा विषयाई भ्याउन नसकेकाले अङ्ग्रेजी शब्दको स्वरसँग मिल्ने शब्द त्राटनको अर्थमा यहाँ प्रयोग गर्नु परेको हो । यहाँनेर मेरो नेपाली पाठकहरूसँग अनुरोध छ कि यो त्राटन सीमित, क्षेत्रीय, राष्ट्रिय वा व्यक्तिपरक अर्थमा नलिनुहोला । सङ्कुचित विषयवस्तु लिएर महाप्रबन्ध काव्य लेख्न सकिँदैन (राणा,२०६१ : १४०) । यसरी काव्यको विषयका बारेमा उनको स्पष्टीकरणले **नरसिंह अवतार** काव्यको विषय विश्वव्यापी छ भन्ने कुरा जो कोहीलाई बुझ्न सजिलो भएको छ ।

यस समीक्षामा समालोचकले काव्यको स्वरूपलाई पनि त्यसरी नै स्पष्ट पारेका छन् । कुनै पनि कृतिको वस्तुपरक व्याख्या-विश्लेषणलाई समालोचना भनिने हुँदा यस किसिमको विशेषता उनका समालोचनामा पाउन साकिन्छ । नायक र खलनायक खोज्ने बानी परेकाले त्यसको सूत्र पनि यस काव्यमा भेटाउन सक्छन् । खलनायक कालपुरुष वा युगपुरुष त्राटकको आद्यरूप र ठाउँठाउँमा सामान्य रूपमा देखापर्छ । नायक विश्वरूप जनसमूहमा देखापरेको छ । यी दुईको द्वन्द्वको विस्तार र वृद्धिमा काव्यको कथानक तयार भएको स्पष्टोक्ति समालोचकको देखिन्छ । प्रस्तुत समालोचनामा काव्यको जटिलतम पक्षलाई सरल तरिकाले प्रस्ट पारिएको छ । **नरसिंह अवतार** काव्य एक अन्तर्राष्ट्रिय नागरिकको दायित्व बोकेर लेखिएको काव्य हो भन्ने भनाइ समालोचकको छ । **नरसिंह अवतार परिचर्चा** समालोचनामा लेखक स्वयम्ले गर्नुको कारण स्पष्ट पार्दै समालोचक राणा भन्दछन् :

> नरसिंह अवतार प्रकाशित भएदेखि अझैसम्म यो काव्यको स्वरूप र आकारबारे लक्षण र भाषाबारे निकै चर्चा र थरीथरीका विचार प्रकट भएको देखेसुनेकाले यसबारे केही लेखौँ । कवि के हो ? र काव्य के हो ? भन्नेबारे काव्यशास्त्रीहरूले धेरै लेखिसके तापनि शास्त्रको भरले कवि र काव्यको पुर्पक्ष गर्न सकिने कुरा होइन । ...काव्यको एउटा पक्ष विद्धेष, घृणा, आक्रोश, विस्फोटले बनेको छ भने अर्को पक्ष प्रेम, अनुराग, सहानुभूति र पुनर्निर्माणले यिनै द्वन्द्वमय भावनामा काव्यको बुनोट तयार भएको छ (राणा, २०६१ : १४३-१४४ ) ।

यसरी काव्यको विषय र बुनोटको विषयमा स्पष्ट पारेपछि समालोचकको ध्यान पात्रको चयनतर्फ गएको छ । सामान्य नायक, नायिक, शास्त्रले तोकेका चरित्रका विशेषताले काव्यको गहनता बोक्न नसक्ने भएकाले पात्र प्रयोगमा नवीनता रहेको धारणा समालोचकको रहेको छ । यस काव्यलाई मानिसको मुक्तिकामी चेतनाको अवतारका रूपमा लिनु पर्ने विचार पनि उनको छ । यो काव्य कविता र विराट आख्यानको समन्वय हो भन्ने विचार समेत समालोचकको छ । काव्यको रचनाविधानका सन्दर्भमा समालोचकको धारण यसप्रकार आएको छ :

> इतिहासका कुनै घटना या कुनै देशका कुनै काण्डको यो काव्यमा उल्लेख हुँदा पाठकले त्यसको ध्वनिलाई काव्यको विषयसँग मिलाउन खोज्नुपर्छ । हो, मैले जानेरै कैयौँ देशका कैयौँ कालका ऐतिहासिक र कतैकतै किंवदन्तीमा बाँचेको घटनाको

> प्रयोग गरेको छु । यो सब मेरो व्यङ्ग्य तथा अन्योक्ति प्रयोगको विम्बविधान हो । यो काव्य मान्छेको भएकाले पौराणिक घटनाभन्दा मान्छेकै इतिहासका मार्मिक घटना र विषयको प्रतीकात्मक प्रयोग गरेको हुँ (राणा, २०६१ : १५२) ।

यस काव्यमा रस, अलङ्कार, छन्द, रीति, गुण पहिल्याउन खोज्नुको साटो काव्यको अद्योपान्त बहेको रोष, कोप, क्रोध, विद्धेष र विरोधको प्रवाह खोज्नु राम्रो हुने धारणा पनि उनको छ । मिथकीय अभिव्यञ्जनाको प्रयोगमा विविधता रहनु काव्यसौन्दर्य रहेको तर्क समालोचकको छ । वर्तमान समयका महत्त्वपूर्ण घटनालाई मिथकीय रूप यस काव्यमा दिइएको कुरालाई यस समालोचनामा व्यक्त गरिएको छ ।

छन्दप्रयोगमा रहेको कमजोरी भन्ने आरोपलाई पनि उनले यसै समालोचनामा खण्डन गरेका छन् । शास्त्रीय छन्दको गण र मात्राको ज्ञान नभएर नभई साङ्गीतिकताको व्यञ्जना अभिव्यञ्जित गर्न मुक्तक छन्दको प्रयोग गरिएको तर्क समालोचकले दिएका छन् । व्याकरणिक त्रुटिमा भने लेखकले आफ्नो कमजोरी हुन गएको कुरा स्वीकारेका छन् । प्रस्तुत समालोचनामा समालोचकले काव्यको रचना तथा काव्यको विश्लेषणलाई यसप्रकार निचोडमा पुऱ्याएका छन् :

> नयाँ काव्य लेख्यो भन्दैमा मलाई आफ्नो पूर्वीय काव्यपरम्पराको जरा नै उखलेर फाल्यो भनी नठान्नू । प्राचीनको महत्त्व राख्यो भन्दैमा समसामयिक विश्वकाव्यको धारालाई बुझेको छैन या समेटेको छैन भन्ने नठान्नू । वेददेखि बोदलियर र सामगानदेखि स्राभिन्सकीको परम्परा मेरा लागि आफ्नै परम्परा हो (राणा, २०६१ : १६४) ।

समग्रमा भन्दा **नरसिंह अवतार परिचर्चा** समालोचनाले **नरसिंह अवतार** काव्यको विषयवस्तु, पात्र, भाषाशैली, बनोट तथा बुनोटजस्ता विषयलाई स्पष्ट पारेको छ । यस समीक्षामा समालोचकले नरसिंह अवतार काव्यलाई प्रयोगमूलक तथा नवीन काव्यका रूपमा चिनाएका छन् । काव्यको जटिलतालाई यस समीक्षाले निकै सरल बनाइदिएको छ साथै यस काव्यका बारेमा रहेका भ्रमलाई निराकरण गरेको छ ।

## ४.५ महाकवि देवकोटाको वैचारिक पक्ष

जगदीश शमशेर राणाको चौथो समालोचना कृति **महाकवि देवकोटाको वैचारिक पक्ष** हो । वि.सं. २०६६ मा प्रकाशित भएको यो कृति ४० पृष्ठको आयाममा विस्तारित रहेको छ । नेपाली साहित्यका सर्वाधिक लोकप्रिय स्रष्टा लक्ष्मीप्रसाद देवकोटाका कृतिमा अभिव्यक्त विचार पक्षलाई समेटेर लेखिएको यस कृतिले स्रष्टा देवकोटाको विचारको चित्रण गरेको छ । यस कृतिमा देवकोटाका कविता, काव्य, निबन्ध आदिमा व्यक्त वैचारिकतालाई विशेष महत्त्व दिइएको छ ।

कुनै पनि उपशीर्षक नदिई लेखिएको यस समालोचनाको आरम्भ मानव शरीर र यसमा निहित चैतन्यको सञ्चालन प्रक्रियाको परिचयबाट भएको छ । मानिसको अन्तर्हृदयमा रहेको ज्ञान तत्त्वलाई वैचारिकताको केन्द्रका रूपमा चिनाइएको छ । वैचारिकतामा मन, बुद्धि र अहङ्कारलाई नियन्त्रण गर्न सक्ने व्यक्तिमा निहित चित्तको प्रमुख भूमिका रहेको हुन्छ । दार्शनिक विचारलाई आधार बनाएर लेखिएको यस समालोचनामा जगदीश शमशेर राणाले वैचारिकतालाई जन्मजात प्रतिभा वा संस्कारका रूपमा चिनाएका छन् । उनी भन्छन् :

> कविको वैचारिक पक्षको चर्चा गर्दा मेरो मनमा खास प्रश्न उठ्छ । उसको विचार र विचरणको आधार या उद्भव स्थल कुन हो ? मेरा विचारमा उनको संस्कारमा नै आधारित रहन्छ कविको वैचारिक पक्ष । यो संस्कार शब्दको अर्थ प्रसङ्ग, प्रक्रिया परिभाषाहरूले धेरै ठाउँका धेरै किसिमले लगाएका छन् (राणा, २०६६ : ७ ) ।

समालोचकले यसमा वैचारिकतालाई संस्कारका रूपमा चिनाएका छन् । संस्कारलाई चिनाउने क्रममा उनको विचारमा संस्कार पनि प्रारब्ध, सञ्चित र क्रियमाण गरी तिन प्रकारको हुन्छ भन्ने रहेको छ । प्रारब्धलाई भाग्यका रूपमा चिनाए पनि उनको यस किसिमको संस्कार भनेको स्रष्टामा रहेको जन्मजात प्रतिभा हो । यही जन्मजात संस्कारले मानिसको विचारलाई नियन्त्रण गरेको हुन्छ । यसैगरी सञ्चित संस्कार भनेको मानिसले अनुभवबाट प्राप्त गर्ने कुरा हो र क्रियमाण संस्कारलाई व्यक्तिका कार्यव्यवहारबाट निर्माण हुने संस्कारका रूपमा चिनाइएको छ । यी तीनै प्रकृतिका संस्कारबाट निर्माण हुने कुरालाई

वैचारिकता भनिएको पाइन्छ । यस समालोचनामा देवकोटामा रहेको जन्मजात संस्कार वा प्रतिभाबाट निर्माण भएको भावनालाई वैचारिक पक्षका रूपमा चर्चा गरिएको छ ।

यस समालोचनामा समालोचक राणाले देवकोटा जन्मेको सामाजिक तथा राजनीतिक परिवेशको चर्चा गर्दै उनको वैचारिक पक्षको व्याख्या गरेका छन् । जगदीश शमशेर राणाले देवकोटामा रहेको धाराप्रवाह काव्यको प्रसार गर्न सक्ने क्षमता, अपूर्व रचना शक्ति, विभिन्न विधामा शास्त्रीय शैलीदेखि आधुनिक काव्यशिल्पसम्मको रचना प्रवाह, विविध छन्द, शैली र काव्यकौशलमा देवकोटाले जुन प्रतिभा देखाएका छन् त्यसलाई उनको वैचारिकताका रूपमा व्याख्या गरेका छन् । देवकोटा जुन परिवारमा जन्मेका छन् । उनले प्राप्त गरेको अङ्ग्रेजी शिक्षा, काठमाडौंको उकुसमुकुसपूर्ण वातावरण, शासकहरूको दमनकारी शासन व्यवस्थाजस्ता कुराले देवकोटाको जन्मजात प्रतिभालाई प्रभावित पारे भन्ने तर्क जगदीश शमशेर राणाको रहेको छ । प्रथम विश्वयुद्धपछि भारतमा सुरु भएको स्वतन्त्रताको लडाइँले देवकोटाको मनलाई प्रभावित बनायो । आफ्नै देशको अधिनायकवादी शासन व्यवस्था र सामन्ती वातावरणले देवकोटाको चेतनामा परिवर्तन ल्याएको हो भन्ने निष्कर्ष समालोचक राणाको छ ।

वि.सं.१९९० मा गएको भुइँचालोले नेपाली समाजको जगलाई नराम्रोसँग हल्लायो । यसले लेखक कविको मनमा पनि गहिरो प्रभाव पार्‍यो । परम्परावादी पण्डितहरूले पनि सामाजिक परिवेशमा अभाव र आपत्तिको सामना गर्ने साहित्यको रचना गरे । विचारलाई प्राकृतिक विपत्तिले परिवर्तन गरिदियो । देवकोटाको मनस्थितिमा आर्थिक अवस्था सुधार्न विदेसिएका नेपालीको पीडाले स्थान पायो । **मुनामदन** काव्यमा यसले स्थान पाएको हो भन्ने तर्क जगदीश शमशेर राणाको छ । त्यसपछिको अर्को प्रसङ्गलाई उठाउँदै यस समालोचनामा जगदीश शमशेर राणाले देवकोटाको वैचारिकतालाई नेपाली विषय शिक्षणको प्रसङ्गसँग जोडेर हेरेका छन् । पटना विश्वविद्यालयको अनुमतिमा नेपालको एक मात्र त्रिचन्द्र कलेजमा नेपाली विषयको पठनपाठन हुने व्यवस्था थियो । स्नातक तहको अध्ययनका लागि कुनै पनि नेपाली पाठ्यपुस्तक नभएका कारण स्वीकृति नपाएपछि नेपाली विषयको पठनपाठन सञ्चालन हुन सकेन । यसले देवकोटाको मनमा गहिरो प्रभाव पार्‍यो । उनी नेपाली महाकाव्य लेखनको यात्रामा लागे र शाकुन्तल तयार भयो । यस्तै नेपाली निबन्ध सङ्ग्रहको रचना पनि देवकोटाले गर्न पुगे । जगदीश शमशेर राणाले भावुक कवि

मनलाई यी र यस्तै घटनाले प्रभावित गरेका कारण काव्य रचनाको प्रवाह उनमा बढ्दै गएको हो भन्ने विचार प्रस्तुत गरेका छन् ।

देवकोटाले मुनमदनको रचना गरे । यसको लोकप्रियता पनि निकै बढेर गयो । नेपाली समाजले आफ्नो सामाजिक अवस्था र नियतिको बोध गर्न पायो । वि.सं. २००० मा देवकोटाले त्रिचन्द्र कलेजमा पढाउन थाले । यसले पनि देवकोटाको लेखन तथा विचारलाई अझ विकसित बनायो । देश विदेशमा स्रष्टा तथा अध्यापकसँगको सम्पर्क समेत बढ्यो । यसले देवकोटाको प्रतिभा झनै प्रकाशित हुन पायो । धेरैले देवकोटालाई सन्की भने । त्यो देवकोटाको वैचारिक विस्फोट रहेको तर्क जगदीश शमशेर राणाको छ । देवकोटामा साहित्यिक लेखनको प्रवाह पनि द्रुत गतिमा बढ्दै गयो । देवकोटाको वैचारिक पक्षलाई समालोचक राणाले सामाजिक परिवेशसँग यसरी जोडेका छन् :

> २००३ सालतिर नेपालमा पनि विश्वको क्रान्तिकारी या परिवर्तित परिस्थितिको प्रभाव पर्‍यो । दोस्रो विश्वयुद्धको अन्त्य भयो । भारतमा साम्रज्यवादीहरूले साम्राज्य नै हार्ने निश्चित हुन थाल्यो । भारतमा अङ्ग्रेजको शक्ति शिथिल हुँदै गएको देखेर उनकै आडमा त्राटन मचाउने नेपाली शासकहरूको होसहवास उड्यो । शासक आधा त्यागेर आधा बचाउने सुरमा लागे । सिद्धिचरणजस्ता राजबन्दी छुटे । ...देवकोटा सम र लेखनाथलाई त्रिदेव थापेर त्यस बेलाका अग्रसर युवाहरूले साहित्यकारहरू लेखक सङ्घ गठन गर्न तम्सिए (राणा, २०६६ : २०-२१) ।

यस किसिमको सामाजिक, राजनैतिक परिवेशमा २००४ मा अन्तर्राष्ट्रिय साहित्य सम्मेलन सम्पन्न भयो । यस सम्मेलनको सभापतित्व देवकोटाले नै गरे । त्यस सम्मेलनमा देवकोटाको साहित्यिक प्रवचनले सबैलाई अचम्मित पार्‍यो । सात सालको परिवर्तनलाई कवि देवकोटाको वैचारिकताले बलियो साथ दिएको थियो भन्ने कुरालाई समेत यस समालोचनामा समेटिएको छ ।

देवकोटाको वैचारिकतालाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घटनाले प्रभाव पारेको विषयमा समालोचकको धारणा यस्तो रहेको छ- सात सालको क्रान्ति र राणा शासनको अन्त्य अनि एसियाका धेरै मुलुकहरूमा फैलिएको परिवर्तनको हलचलले देवकोटाको वैचारिक पक्षमा पनि अनेकौं नयाँ परिस्थिति र चुनौतीहरूको प्रभाव पर्‍यो (राणा, २०६६ :२३) । उनले

देवकोटाका रचनाको वैचारिकताको चर्चा गर्नुभन्दा पनि देवकोटामा वैचारिक भावना सिर्जनाको कारण र त्यसलाई प्रभावित पार्ने घटना र परिवेशको चर्चा यस समालोचनामा गरेका छन् ।

देवकोटाको विचार तथा परिकल्पनाको कुरा गर्ने क्रममा पिपुल्स एकेडेमीको अवधारणाका बारेमा राणाले यस समालोचनामा जानकारी दिएका छन् । उनकै परिकल्पनामा चलाख राजा महेन्द्रले २०१३ सालमा राजकीय प्रज्ञा प्रतिष्ठानको घोषणा गरेका थिए । एउटा युगको आवश्यकतालाई बुझेर त्यसअनुसारको कार्यसम्पादन गर्ने खुबी भएका व्यक्तित्वका रूपमा उनले देवकोटालाई चिनाएका छन् ।

देवकोटाका रचनाको वैचारिकता **शाकुन्तल** महाकाव्यबाट नेपाली विषय स्नातकसम्म पढाउने विचार, **सुलोचना** महाकाव्य छोटो समयमा काव्य रचनाको हुटहुटी र सामाजिक विषयवस्तु प्रस्तुत गर्ने कविको चाहना, **मुनामदन**मा नेपाली लोकलयप्रतिको मोह, **राजकुमार प्रभाकर**मा पूर्वीय कथाको काव्यरूप, **मायाविनी सर्सी**मा एक युनानी कथाको काव्यात्मक प्रस्तुति, **रावण जटायु युद्ध, सीताहरण, सत्यवान् सावित्री** जस्ता फुटकर काव्यमा सामाजिक आक्रोश र नैतिक चिन्तन, फुटकर कवितामा जीवन र जगत् सम्बन्धी दृष्टिकोणका साथै स्वच्छन्द काव्यरचनाको मनोभाव अभिव्यक्त भएको निष्कर्ष जगदीश शमशेर राणाको रहेको छ । राणाले यस समालोचनामा देवकोटालाई समाजिक, राजनैतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशबाट वैचारिक पक्षको निर्माण गर्न पुगेको प्रतिभाशाली स्रष्टाका रूपमा मूल्याङ्कन गरेका छन् । देवकोटाको लेखनको पच्चीस बर्से अवधिको समग्र मूल्याङ्कनका विषयमा जगदीश शमशेर राणा भन्दछन् :

> देवकोटाजीको पच्चीस वर्षको लेखनकालमा नेपाली राजनीतिले कैयौँ पल्टा खायो । राणाको तानाशाहीको चरम काल होस् अथवा साम्राज्यवादी अङ्ग्रेजको टेवा भरोसा खस्किँदै गएकाले राणा शासन हल्लिन थालेको बेला होस् अथवा आशा उमङ्ग तथा मोचनको सुनौलो बिहान लिएर आउने प्रजातन्त्र प्रवेशको काल होस् अथवा प्रजातन्त्रको मुकुट लगाएका राजादेखि नेताहरूले लुट र झुट मच्चाएको नैराश्यपूर्ण अवस्था होस् महाकविले कहिल्यै राजनीतिक वा आर्थिक स्वार्थ लिएर आफ्नो कलम बेचेनन् (राणा, २०६६ : ३७) ।

यसरी देवकोटा आफ्नो विचारमा निकै प्रतिबद्ध रहेका स्रष्टा हुन् भन्ने निर्णय समालोचक राणाले **महाकवि देवकोटाको वैचारिक पक्ष** समालोचनाका माध्यमबाट प्रस्तुत गरेका छन् । निर्णयात्मक समालोचना गर्ने आफ्नो विशेषतालाई राणाले यस समालोचनाका माध्यमबाट स्पष्ट पारेका छन् । देवकोटा शासकको प्रसंशामा आफूलाई समर्पित गर्ने लेखक होइनन् । सामाजिक र शासकीय कमजोरीको विरोध गरी लेख्ने क्रान्तिकारी विचार भएका स्रष्टा हुन् भन्ने बुझाइ समालोचकको छ । देवकोटाको वैचारिक पक्षको मूल्याङ्क एक पक्षीय, साँघुरो, पूर्वाग्रही तथा सीमाङ्कित तरिकाले गर्न मिल्दैन । महाकवि देवकोटा फराकिला, समावेशी, बहुरङ्गी, चम्किलो प्रकाशको तेजबाट प्रकाशित भएका निरन्तर बगिरहने विराट प्रतिभा सम्पन्न व्यक्तित्व हुन् । यो निष्कर्ष देवकोटाका काव्यमा व्यक्त वैचारिक पक्षका माध्यमबाट प्राप्त हुन्छ भन्ने विचार समालोचक जगदीश शमशेर राणाले यस समालोचनामा व्यक्त गरेका छन् । प्रभावपरक दृष्टिले तयार पारिएको **महाकवि देवकोटाको वैचारिक पक्ष** समालोचनाले देवकोटामा निर्माण र विस्तार भएको विचार पक्षको समीचिन समीक्षा गरेको छ ।

## ४.६ काव्यको रचनामा शिल्पकारिताको भूमिका

**काव्यको रचनामा शिल्पकारिताको भूमिका** जगदीश शमशेर राणाको पाँचौं समालोचना कृति हो । यस कृतिमा जम्मा आठ वटा शीर्षक समावेश गरिएको छ । वि.सं २०६७ मा प्रकाशित भएको यो कृति १२४ पृष्ठको आयाममा विस्तारित छ । कवि मोहन कोइरालाको **सिमसारका राजदूत** लामो कविताको प्रशङ्गलाई समावेश गरी त्यही आधारमा काव्यको रचनामा शिल्पकारिताको भूमिका खोजिएको छ । शिल्पलाई महत्त्व दिएर लेखिएको यस समीक्षाले लामो र जटिल भनिएका काव्यको संरचनात्मक ऐक्यको विश्लेषण गरेको छ । परिचयात्मक टिप्पणी शीर्षकबाट सुरु भएको यस समालोचनामा सिमसारका राजदूत वरिष्ठ राजदूत कवि मोहन कोइरालाको सीप, कथा र व्यथा, मूलपाठ, काव्यको संरचनात्मक ऐक्य र शिल्प, कला, मेरो प्यारो चित्रकला, शिल्पकारिता र अचेतनको महत्त्व, सिग्मन फ्राइडका केही धारणासमेत समालोचना समावेश भएका छन् ।

यस कृतिको पहिलो लेख 'परिचयात्मक टिप्पणी' शीर्षकका रहेको छ । यस लेखमा समालोचक राणाले पुस्तकको लेखन सन्दर्भ उल्लेख गरेका छन् । यस्ता पुस्तकका लेखक र पाठक कम भए पनि कुनै पनि काव्यमा कौशल वा शिल्पकारिताको भूमिका के कस्तो रहन्छ

भन्ने सन्दर्भमा यो कृति रचना भएको लेखको स्पष्टोक्ति समावेश गरिएको छ । भाषा साहित्यको विकास र विस्तारसँगै पाठक तथा समलोचकको सङ्ख्यामा समेत वृद्धि हुने भएकाले काव्यका विभिन्न अवयवको चर्चा विश्लेषण गरी काव्यलाई सहज तरिकाले आस्वाद्य बनाउनु अवश्यक छ भन्ने तर्क जगदीश शमशेर राणाको रहेको छ ।

प्रस्तुत कृतिको दोस्रो लेख 'सिमसारका राजदूतमा वरिष्ठ राजदूत कवि मोहन कोइरालाको सीप' शीर्षकमा रहेको छ । काव्यमा कलाको महत्त्वलाई भन्दा पनि स्रष्टाको काव्यकौशललाई यस रचनाले बढी महत्त्व दिएको छ । कवि मोहन कोइरालाका कविताको समीक्षा गर्दा समीक्षले कोइरालाका कवितामा टि.एस. इलियटको प्रभाव पाइन्छ भन्ने कुराको खण्डन जगदीश शमशेर राणाले यसै लेखमा गरेका छन् । उनका विचारमा मोहन कोइरालालाई यसप्रकारको आरोप टि.यस.इलियका कविता र काव्यकौशलका बारेमा राम्रो जानकारी नभएका कारण गरिएको हो (राणा, २०६७ :१९) । मोहन कोइरालाका लामा कवितालाई कविताको संरचनामा लामो कविता वा खण्डकाव्य कुन वर्गमा विभाजित गर्ने भन्ने सन्दर्भमा यसलेखमा जगदीश शमशेर राणाको **सिमसारका राजदूत** खण्डकाव्य हो भन्ने स्पष्ट धारणा रहेको छ ।

**सिमसारका राजदूत**का विषयमा विभिन्न विद्धानहरूले उठाएका विभिन्न तर्क वितर्कलाई 'कथा र व्यथा' शीर्षकमा समावेश गरी प्रस्तुत गरिएको छ । यस शीर्षकमा काव्य रचनाको सन्दर्भ प्रस्तुत गरिएको छ र यसै समालोचनामा **सिमसारका राजदूत** काव्यको प्रस्तुति कुनै शैलीमा गरिएको छ भन्ने समीक्षासमेत प्रस्तुत गरिएको छ । जगदीश शमशेर राणाको मोहन कोइरालाका कविता समान्य भनाइ नभएर विम्बात्मक अभिव्यक्ति हुन् भन्ने रहेको छ । मोहन कोइरालालाई नबुझिने कविता रचना गर्ने स्रष्टाका रूपमा लगाइएको आरोपलाई जगदीश शमशेर राणाले प्रयोगवादी कविको विशेषता नै जटिल तथा दुरुह बनाउनु हो भन्दै कोइरालालाई अमूर्त गद्य कविका रूपमा बुझ्नु पर्ने तर्क पनि पेश गरेका छन् । समय र सङ्गीतको संयोजन पनि कोइरालाका कवितामा रहन्छ भन्ने कुरालाई अन्य समालोचकका भनाइलाई उदाहरणका रूपमा प्रस्तुत गरी देखाइएको छ ।

कविको मनमा काव्यको बिउ कसरी रोपिन्छ, त्यो कसरी बढ्छ र ठूलो वृक्ष बन्छ भन्ने कुरालाई नै काव्यकौशलको रूपमा लिइएको छ । 'काव्यको मूलपाठ' शीर्षकमा यस्तै कुराको चर्चा यस समालोचनामा गरिएको छ । जगदीश शमशेर राणाले मोहन कोइरालाको

लेखन कौशलका सन्दर्भमा आफ्नै समाजमा गतिमान भएको सामूहिक चैतन्यलाई उजागर गरेर पाठकलाई आफ्नो समाजको चिन्ता, चिन्तन र चासोमा अग्रसर गराउने कोइरालाको **सिमसारका राजदूत** काव्य सफल छ भन्ने निष्कर्ष प्रस्तुत भएको छ । विषय, विचार र बनोटका साथै शिल्पकारितामा पनि अपूर्व कौशल काव्यमा व्यक्त भएको कुरा यस लेखमा प्रस्तुत गरिएको छ ।

यसैगरी 'काव्यको संरचनात्मक ऐक्य र शिल्प' शीर्षकको अर्को लेखमा काव्यको आत्मा वा मूल पक्ष के हो भन्ने विषयलाई प्रस्तुत गरिएको छ । काव्यको आत्माका विषयमा पूर्व र पश्चिममा भिन्नभिन्न अवधारणा रहेको कुरालाई उठाउँदै संरचनात्मक एकत्वले काव्यलाई सबल बनाउँछ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । **सिमसारका राजदूत** काव्यले समेटेको मूल विषय पर्यावरण, सामाजिक शान्ति, न्यायमाथि हिंसा, अनैतिकताको बढ्दो चाप र यसको प्रतिरोधी शिथिल अस्तित्व रहेको कुरा यस लेखले समेटेको छ । यसमा आजको समय अनिश्चि भएको हुँदा समष्टि भाव व्यक्त काव्य सुन्दरताको पक्षमा समीक्षक उभिएका छन् ।

काव्यका आन्तरिक शक्ति, विषय, व्यथा, विवेचना, भाव तथा अभिव्यञ्जनालाई ढाक्ने र सजाउने शिल्पकारिता काव्यको छन्द, शैली, शब्दप्रयोग सजावट आदिबाट हुने विचार प्रस्तुत गरिएका छन् । छन्द, लय, वाक्यांश जस्ता कुराले संरचनात्मक ऐक्यलाई प्रभावित पार्ने हुँदा यी कुराको उचित संयोजनबाट कलात्मक काव्यको रचना हुन्छ भन्ने दृष्टिकोणलाई यस लेखमा स्थापित गरिएको छ ।

यसैगरी कवि मोहन कोइरलाको **सिमसारका राजदूत** काव्य कला तथा चित्रकलाले भरिएको रङ्गीन काव्य भएको हुँदा चरा मान्छे र महादेवको मिथकलाई मिसाएर रचना गरिएको छ भन्दै शिल्पकारिताको सम्बन्ध अचेतनसँग रहने कुरालाई पनि यस लेखमा प्रष्ट पारिएको छ । कोइरालाको **सिमसारका राजदूत** काव्यले पनि केही असामान्य चित्रणमा लगेर काव्य समापन गरेको छ । कुनै पनि रचनाभित्र व्यक्तिको चेष्टालाई निरन्तर रूपान्तरण गरिएको आभास हुन्छ र यसैबाट व्यक्तिको मनले कसरी आनन्द प्राप्त गर्छ भन्ने कुरालाई विश्लेषण गरिएको छ ।

प्रस्तुत कृतिको अन्तिम समीक्षा ‘सिग्मन्ड फ्रायडका केही धारणा’ शीर्षकमा रहेको छ । यसमा मानिसको मनोदशका चित्रण फ्रायडले कसरी गरेका थिए भन्ने कुरा प्रष्ट पार्न खोजिएको छ । ज्ञानको मिमांसा, चेतन र अचेतन मनको अवस्था, मनको संरचना, सामुहिक चैतन्य र आद्यविम्ब जस्ता मनोविज्ञानसँग सम्बन्धित पक्षको समीक्षा प्रस्तु गरिएको छ । मोहन कोइरालाको **सिमसारका राजदूत** काव्यलाई आधार बनाएर काव्यमा शिल्प पक्षको भूमिका कस्तो रहनु पर्छ भन्ने कुरालाई विवेचना गर्दै यस कृतिमा काव्यलाई शिल्प वा शैलीले सुन्दर बनाउने निष्कर्ष निकालिएको छ । लामो कविता वा काव्यका बारेमा भिन्न ढङ्गले गरिएको उत्कृष्ट समालोचनाका रूपमा यस कृतिलाई लिन सकिन्छ ।

## ४.७ उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट

**उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** जगदीश शमशेर राणाको छैटौं तथा अन्तिम समालोचना कृति हो । यस कृतिमा जम्मा दुई खण्ड रहेका छन् । वि.सं. २०६९ मा प्रकाशित भएको यो कृति २९६ पृष्ठको आयाममा विस्तारित छ । उत्तरआधुनिकता, यसको स्वरूप तथा विस्तारजस्ता कुरालाई आधार बनाएर लेखिएको यो कृति विषय र शैली दुबैमा नवीन रहेको छ । भाषिक प्रस्तुति तथा विषयको गहनतालाई सहज रूपमा प्रस्तुत गरिएको यो कृतिले ओझेलमा परेको जगदीश शमशेर राणाको समालोचकीय व्यक्तित्वलाई प्रकाशित गर्ने काम गरेको छ ।

दुई खण्डमा संरचित यस कृतिको पहिलो खण्डमा उत्तरआधुनिक वाद र विवाद, उत्कृष्ट र साधारण संस्कृति वास्तुकला र अन्य प्रसङ्गमा, उत्तरआधुनिककालमा चित्रकला, एलेक्ट्रोनी प्रवेश र उत्तरआधुनिक काल, मूलबाटो कता र हामी कता ?, अर्थहरूको पछिल्तिरका अनेक अर्थहरू, उत्तरआधुनिक चिनारी व्यक्तित्वको रूपान्तरण, उत्तरआधुनिक दृष्टिले मान्छेको अहम्लाई खोतल्दै, उत्तरआधुनिकवाद र भूराजनीति जस्ता नौ वटा मूल शीर्षक रहेका छन् । यी समालोचनामा जगदीश शमशेर राणाले उत्तरआधुनिकता र यसले विश्वपरिवेशमा पारेको प्रभाव प्रस्तुत गरेका छन् ।

**उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** कृतिको पहिलो खण्डमा समाविष्ट प्रथम समालोचना ‘उत्तरआधुनिकवाद र विवाद’ शीर्षकमा रहेको छ । यस समालोचनामा राणाले आधुनिक युगले निम्त्याएको निराशा र उत्तरआधुनिकवादसँग आएको उत्साह र उमङ्गको

चर्चा गर्नुका साथै उत्तरआधुनिकता पश्चिमी हावाका रूपमा संसारमा फैलिएको विचार प्रस्तुत गरेका छन् । साहित्यका क्षेत्रमा जुन आधुनिक लक्षण समावेश गरिएका छन्, उत्तरआधुनिकताका सन्दर्भमा ती लक्षण विलक्षण रहेको विचार लेखकको छ । दोस्रो विश्वयुद्धपछिको निराशा र अस्थिरतालाई यसले केही हदसम्म बदल्न चाहेको देखिन्छ । विज्ञान, प्रविधि, समाज र राजनीति तथा ज्ञानको अपरिहार्यता जस्ता कुरालाई यसले जोड्न खोजेको छ । उत्तरआधुनिकता वास्तवमा रबरजस्तै तान्न र तन्काउन मिल्ने वैचारिक अवधारणा हो भन्ने विश्वास समालोचक जगदीश शमशेर राणाको रहेको देखिन्छ ।

यस्तै यस कृतिको दोस्रो समालोचनामा 'उत्कृष्ट र साधारण संस्कृति वास्तुकला र अन्य प्रसङ्गमा' शीर्षकमा रहेको छ । यसमा वर्ग विभेदका कारण साहित्य र कलासंस्कृतिमा रहेको विभाजनलाई, साहित्यका विविध अर्थका सम्भावनालाई तथा विशुद्ध र अमान्य किसिमका व्याख्यालाई अस्वीकार गरी सार्वभौम कलाको व्याख्या गरिएको पाइन्छ । यसले सर्वहारा वर्गको संस्कृतिलाई पनि माथि उठाउन खोजेको छ । कलामा विभिन्न किसिमका मिश्रणले विधागत शुद्धतालाई यसले अस्वीकार गरेको छ । पुराना शैलीमा नयाँको मिश्रण, निर्विकल्प, तर्कसिद्ध, ज्ञानसिद्ध अवधारणामा वितर्क र विस्फोटको अवस्था यसमा रहेको कुरा समालोचक राणाले यस लेखमा देखाएका छन् । युग चेतनाले बाँचेका कलाकृतिमा सौन्दर्यको खोजी तथा वर्गीय विभाजनको अन्त्य उत्तरआधुनिकताको मूल उपलब्धीलाई यस समालोचनामा समेटिएको पाइन्छ ।

यस कृतिको अर्को समालोचना 'उत्तरआधुनिक कालमा चित्रकला' शीर्षकमा रहेको छ । यसमा उत्तम, मध्यम र निम्न तथा लोकायतका बिचमा रहेको खिचातानी, कला र स्वचालता तथा उत्तरआधुनिक कलाको अवस्थितिजस्ता कुरा समेटिएका छन् । नयाँ नयाँ प्रयोग, अहम् र व्यक्तिपरकता जस्ता कुराले कलामा देखिएका उच्च, मध्यम र निम्नको अवस्थालाई कसरी समट्ने भन्ने चिन्ता यसमा देखिन्छ । कला, साहित्य र संस्कृतिमा एउटै निविकल्प अर्थ, एउटै पूर्ण अनुभूति खोज्नुको साटो व्यापक र विभिन्न दृष्टिकोणबाट असङ्ख्य सौन्दर्यको बोध गर्न सकिन्छ भन्ने मान्यतालाई उत्तरआधुनिकताले आत्मसात् गरेको विचार राणाले व्यक्त गरेका छन् । यसमा रचनाकार तथा कलाकार पूर्ण रूपमा स्वाचालित वा मौलिक रहने कुरामा जोड दिइएको छ । कलालाई व्यापक समूहमा विस्तार गर्दै

जनसंस्कृतिलाई महत्त्व दिएर कलाभित्रका असीमित सम्भावनाको खोजी गर्ने काम उत्तरआधुनिकवादले गरेको निष्कर्ष समालोचक राणाको रहेको देखिन्छ ।

यस कृतिको अर्को समालोचना 'एलेक्ट्रोनी प्रवेश र उत्तरआधुनिक काल' शीर्षकमा रहेको छ । यसमा श्रव्य, दृश्य सामग्री तथा रेडियो, टेलिभिन, इन्टरनेट तथा कम्प्युटरको आविष्कारले मानिसले विकासमा चमत्कार गरेको विषय समेटिएको छ । चलचित्रका माध्यमबाट धेरैकुरा संसारका कुनाकुनासम्म पुऱ्याउन सम्भव भएको र यसले यस संसारलाई एउटा सानो गाउँमा परिणत गरिदिएको छ । कम्प्युटर, इन्टरनेट र टेलिभिनको आवस्किारले कला, संस्कृति, साहित्यजस्ता कुरालाई विश्वव्यापक बनाउन सकिने देखिन्छ । विद्युतीय उपकरण र प्रविधिका माध्यमले साहित्यमा पनि गतिशीलता आएको छ जसले आधुनिकतालाई झनै व्यापक बनाउँदै लगेको विचार समालोचक राणाको रहेको छ ।

यस कृतिमा रहेको उत्तरआधुनिकतासम्बन्धी अर्को समालोचना 'मूलबाटो कता र हामी कता ?' शीर्षकमा रहेको छ । उच्च प्रविधिको विकासले संसारलाई तीव्र गतिमा अगाडि बढाइरहेको भए पनि हाम्रो यात्रा मन्द गतिमा रहेको धारणा प्रस्तुत समालोचनामा व्यक्त भएको पाइन्छ । मार्क्सवादी दृष्टिकोण अनुसार वर्गमा आधारित सामाजिक संरचनामा कला र संस्कृति पनि वस्तुको रूपमा उत्पादन हुन्छन् । साहित्य लेखनलाई श्रमको रूपमा व्याख्या गरिन्छ । वस्तुको उत्पादन भए जस्तै कला साहित्यमा पनि पुनः उत्पादनको बाटो समाजले अपनाउँछ । वस्तु र उपभोक्ताको बिचको सम्बन्ध यही उत्पादनसँग जोडिन्छ । औद्योगिकीकरणले समग्र विश्वलाई गाँजेको छ । सामाजिक चेतनामा उत्पादन र त्यसको प्रचारले जरा गडेको हुँदा उत्तरआधुनिकताले वस्तुको पुनः उत्पादनमा आफ्नो पकड जमाएको हुन्छ । यसरी यस समालोचनामा राणाले उत्तरआधुनिकताको विशेषताको परिचय प्रस्तुत गर्नुका साथै समाजिक, आर्थिक, साहित्यिक सन्दर्भमा उसको व्याख्या समेट गरेका छन् ।

प्रस्तुत कृतिको अर्को समालोचना 'अर्थहरूको पछिल्तिरका अनेक अर्थहरू' शीर्षकमा रहेको छ । यस समालोचनामा शब्द र अर्थको खोज, संरचनावादीको उत्तरआधुनिक दृष्टिकोण, उत्तरसंरचनावाद, राजनीति र साहित्यका बिचको सम्बन्ध, नारीवाद र विनिर्माणवादको विशेष चर्चा गरिएको छ । शब्द र अर्थको सम्बन्धका बारेमा पूर्व र पश्चिममा विभिन्न चर्चाहरू रहेका छन् । उत्तरआधुनिकताले शब्दका अनेक अर्थका

सम्भावना रहने कुरा व्यक्त गरेको छ। संरचनावादी तथा उत्तरसंरचनावादीले शब्द र अर्थका बिचको सम्बन्धका विषयमा अर्थसापेक्ष कुरा प्रस्तुत गरेका छन्। उत्तरआधुनिकताले अर्थको निर्विकल्प प्रयोगलाई अस्वीकार गरेको छ। राजनीति निर्देशित साहित्यको कुरालाई यसमा अस्वीकार गरी उत्तरआधुनिकताले मार्क्सका विचारको खण्डन कसरी गरेको छ भन्ने कुरालाई समालोचकले विभिन्न उदाहरणबाट प्रस्तुत गरेका छन्। यसै लेखमा नारीवादको चर्चा पनि गरिएको छ। नारीवादी विचारलाई अगाडि बढाउन उत्तरआधुनिकताले सहयोग गरेको र डेरिडाको विनिर्माणवादले यसलाई झनै मलजल गरेको हो भन्ने दृष्टिकोण समालोचकको रहेको छ। काव्यको बनोट र बुनोट, एकीकृत संयोजन, वास्तविक सत्य र अस्तित्व बारेको पारस्परिक मान्यता जस्ता कुरालाई यस समालोचनामा उठाइएको छ। उत्तरआधुनिकताको विस्तार र यसले समेटेको विषयक्षेत्रको चर्चा गरिएको प्रस्तुत समालोचना आयामका दृष्टिले पनि केही लामो देखिन्छ।

यसैगरी अर्को ‘उत्तरआधुनिक चिनारी व्यक्तित्वको रूपान्तरण’ शीर्षकको समालोचनामा पौराणिक विषयसन्दर्भलाई उठाएर ईश्वरको नयाँ चिनारी प्रस्तुत गरिएको छ। व्यक्तिगत अहम्को चर्चा गरी त्यसको उत्तरआधुनिक व्याख्यासमेत गरिएको यस समालोचनामा लोकसंस्कृति र आधुनिक व्यक्तित्वको संरचनाको व्याख्यासमेत गरिएको छ। अहम्को आधुनिक विस्फोटले गाउँसहर सबैतिर छोपेको छ। महत्त्वकाङ्क्षी बनेको मानिसले आफ्नो यात्रालाई यन्त्रमानव र अन्तरिक्षमा पुऱ्याएको छ। यौन केन्द्रित जीवन र सिगमन्ड फ्रायडका विचार तथा असुरक्षित यौनव्यवहारले निम्त्याएका गम्भीर समस्याको चर्चा उत्तरआधुनिकताको विकृतिका रूपमा गरिएको छ। यौनको खुल्ला व्यापार तथा मानव शरीरको परिवर्तन र कृत्रिम यौनाङ्गाको विकासले मानिसलाई विकृत बनाएको, नारीवाद र त्यसले निम्त्याएको विवादको चर्चाले समेत यसमा स्थान पाएका छन्। उत्तरआधुनिकतावादले व्यक्तित्व र अहम्को चिनारी सत् वा व्यक्तित्वको भित्री तहमा नगई रूप र बाह्य स्वरूपमा खोजेको देखिन्छ। स्थापित अवधारणामा भएको परिवर्तनले उत्तरआधुनिक समाजमा हामीले खोज्ने र खेल्ने भूमिका बारे विभिन्न आयामा थपेको छ। उत्तरआधुनिकताको विस्फोट विचारका तहमा, मनुष्य र संस्कारका तहमा र मानवीय व्यवहारका तहमा भएको देखिन्छ। यसरी यस समालोचनामा राणाले उत्तरआधुनिकताको स्वरूप, धारणा, अर्थ, भ्रम, विरोध, लक्षण, सिद्धान्तसम्बन्धी दृष्टिकोणको चर्चा गरेको पाइन्छ।

त्यस्तै 'उत्तरआधुनिक दृष्टिले मान्छेको अहम्लाई खोतल्दै' शीर्षकको समालोचनामा सीमामा बाँधिएको मानिस, अन्याय, अत्याचार, दमन र प्रतिरोधका माध्यमबाट देखिएको उत्तरआधुनिकता, मार्क्सवाद, फ्रायडवाद र उत्तरआधुनिकताको सम्बन्ध, उत्तरआधुनिक अभिव्यञ्जनाको क्षेत्र र बाहुल्य विस्फोट, लेखकको मृत्युले निम्त्याएका प्रश्न तथा स्रष्टा, कृति र उपभोक्ताका बिचको सम्बन्धलाई स्पष्ट पारिएको छ । उत्तरआधुनिकता वास्तुकला, ललितकला, साहित्य, इतिहास, सङ्गीत आदि क्षेत्रमा देखिएको बहुलवादी दृष्टिकोण हो । साहित्यमा लेखकको मृत्यु र पाठकको जन्मले पनि उत्तरआधुनिक चिन्तनलाई प्रभाव पारेको छ । बहुआयामिक, सर्वदेशीय समाज र प्रसारण व्यवस्थाको प्रभाव नै उत्तरआधुनिक बाहुल्य विस्फोटको विस्तार हो । त्यसैले भाषाका माध्यमबाट व्यक्त साहित्यमा लेखक, परिवेशभन्दा पनि भाषा महत्त्वपूर्ण हुन्छ भन्ने तर्कलाई यस लेखमा समालोचकले स्थापित गराएका छन् । यसले प्रतिभाशाली प्रतिभालाई अस्वीकार गर्छ । उत्तरआधुनिकवाद न पारस्परिक स्रष्टा मोहमा टाँसिन्छ न आधुनिकतावादले दिने स्रष्टामाथिको अतिरञ्जना । रचनाकारको व्यक्तित्वभन्दा रचनाको अस्तित्व र उपभोक्ताहरूमा प्रतिफलित अनेकार्थ र अर्थान्तरणलाई यसले महत्त्व दिएको हुन्छ । यति हुँदाहुँदै पनि यो स्रष्टा विरोधी दृष्टिकोण नभएको तर्क समेत राणाको रहेको देखिन्छ ।

'उत्तरआधुनिकवाद र भूराजनीति' शीर्षकको यसै खण्डमा समाविष्ट अर्को शीर्षकमा उत्तरआधुनिकवादका समस्या, राजनीतिक दृष्टिमा परिवर्तन, विखण्डित राजनीति, आधुनिकता र उत्तरआधुनिकताका बिचको द्विविधा, स्थानान्तरण र विश्वव्यापी विभाजनजस्ता कुरालाई महत्त्व दिइएको छ । उत्तरआधुनिकता सङ्गति र विसङ्गति दुबैले भरिएको छ । मानिसको प्रगति मानवहितका लागि मात्र नभई विनासका निम्ति पनि हुन सक्छ । मार्क्सवादी वर्ग विभाजनमाथि उत्तरआधुनिकताले प्रश्न सिर्जना गरेको छ । भूगोल र इतिहासका तथ्यलाई यसले अस्वीकार गरी भूमण्डलीकरणको अवधारणालाई प्रस्तुत गरेको छ । उत्तरआधुनिकता आफैँमा पूर्ण वैचारिकता नभएकाले यो अवसर र चुनौती दुबै कुराले भरिएको छ भन्ने निचोड यस समालोचनामा पाइन्छ ।

यसरी प्रस्तुत कृतिको प्रथम खण्ड उत्तरआधुनिकताको सैद्धान्तिक तथा वैचारिक विमर्शमा केन्द्रित रहेको छ । यो अवधारणा के कसरी आयो, यसका के कस्ता मान्यता रहेका

छन् । यसले साहित्य, कला, संस्कृति, इतिहास र राजनीति जस्ता कुरालाई कसरी प्रभावित पारेको छ भन्ने विषयमा यो खण्ड बढी केन्द्रित रहेको देखिन्छ ।

प्रस्तुत कृतिको दोस्रो खण्ड 'उत्तरआधुनिकवादी दृष्टिकोणले आजको विश्वलाई निहार्दा' शीर्षकमा प्रस्तुत गरिएको छ । यसमा मन्तव्य र गन्तव्य, अध्याँरो महाद्वीप अफ्रिका तथा एसिया महाद्धीप र एककाइसौँ शताब्दी उपशीर्षक दिएर थप चर्चा गरिएको छ । 'मन्तव्य र गन्तव्य' उपशीर्षकमा अमेरिका प्रविधि अनुसन्धानमा निकै अगाडि रहको, सांस्कृतिक र भूराजनीतिक क्षेत्रमा यसको प्रभाव विस्तारितले यो विश्वभरि नै फैलिएको तर्क लेखकको छ । समावेशीता र मिश्रित सांस्कृतिक पहिचानले गर्दा उत्तरआधुनिकताको विस्तारमा यो देश निकै अगाडि रहेको विचार लेखकको छ । यसैगरी युरोपेली महाद्धीपको अवस्थाको विश्लेषणले कतिपय देशले उत्तरआधुनिक प्रभावलाई ग्रहण गरेका र कतिपयले ग्रहण गर्न नसकेको विचार प्रस्तुत भएको छ । समग्र युरोपलाई लेखकले ज्ञानको उदय भएको भूखण्डका रूपमा चिनाएका छन् । उत्तरआधुनिकताका सन्दर्भमा अफ्रिका महादेशको अवस्था भने कमजोर भएको र उत्तरआधुनिक प्रविधिको विकासले त्यस क्षेत्रको प्रगतिलाई पनि सहज बनाउँदै गएको अवधारणा समालोचक राणाको रहेको छ ।

'अध्याँरो महाद्वीप अफ्रिका' उपशीर्षकमा लेखकले हरेक क्षेत्रमा अफ्रिका निकै पछाडि रहेको तर्क प्रस्तुत गरेका छन् । यसको शीर्षकले नै यसलाई अध्यारो महादेशका रूपमा चिनाएको छ । समयले उत्तरआधुनिक फड्को मारेको भए पनि अफ्रिकामा भागाभाग, मारामार, भोकत्रास र सन्त्रास रहेको छ । प्रविधिको विकास र विस्फोटले बिस्तारै यसलाई माथि उठाउन लागेको तर्क लेखकको छ । यसैगरी ल्याटिन अमेरिकामा पनि आर्थिक उन्नति र विकासका सम्भावना देखिएका छन् । शक्ति राष्ट्रको पहुँच ल्याटिन अमेरिकी देशतर्फ बढेको बढ्यै छ । आर्थिक जगत् र उदीयमान शक्तिका रूपमा यस क्षेत्रका देशले पनि आफ्नो दाबी अगाडि सारिरहेका छन् । यो महाद्वीप उत्तरआधुनिक कालमा फट्को मार्ने जमर्कोले भरिएको छ भन्ने कुरा यसमा प्रस्तुत भएको छ ।

उत्तरआधुनिकताले एशिया महाद्वीपमा केकस्तो प्रभाव पारेको छ । यहाँको भूबनोट, सामाजिक र आर्थिक सम्बन्ध, राजनीतिक वैचारिकता र साहित्यिक गतिविधिमा आएको परिवर्तनको चर्चा 'एशिया महाद्वीप र एकाइसौँ शताब्दी' उपशीर्षकको समालोचनामा गरिएको छ । यसअन्तर्गत निकट पूर्व, मध्यपूर्व, सुदूर पूर्व, दुई फ्याकमा रहेको कोरिया,

महाचीन र भारतवर्ष तथा नेपालजस्ता मूलकमा उत्तरआधुनिकतावादको विस्तार र प्रभाव कसरी भएको छ भन्ने कुरालाई समेटिएको छ । प्राचीन ज्ञानभूमि एशिया उत्तरआधुनिक विस्फोटमा रूपान्तरित हुँदै गएको विश्वास समालोचकको रहेको छ । सांस्कृतिक, आर्थिक, सामाजिक विशिष्टताले यस क्षेत्रमा उत्तरआधुनिक वैचारिकतालाई झनै सहज बनाइदिएको तर्क लेखकको छ । उत्तरआधुनिक आँधी विज्ञान प्रविधिको विकासले तीव्र रूपमा अगाडि बढेको छ । विभिन्न भूराजनीतिक कठिनाई पार गरेको यस क्षेत्रले पनि उत्तरआधुनिक विशेषतालाई अवलम्बन गरिसकेको छ । नेपाली सन्दर्भमा पनि विभिन्न परिवर्तनले आधुनिकताको विस्तारलाई निकै माथि पुऱ्याएको छ र सम्भवतः यो बाटो उत्तरआधुनिकतातर्फको उडान नै हो भन्ने विश्वास लेखकको रहेको छ । यसरी लेखकले **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** कृतिमा उत्तरआधुनिकताको प्रभाव विश्वभर कसरी फैलिएको छ भन्ने कुरा संसारका विभिन्न देशको वस्तुस्थिति प्रस्तुत गरी देखाएका छन् ।

## ४.८ जगदीश शमशेर राणाको समालोचनाकारिताको मूल्याङ्कन

जगदीश शमशेर राणा नेपाली समालोचना परम्परामा वि.सं. २००३ बाट यस क्षेत्रमा प्रवेश गरेका समालोचक हुन् । उनको आगमनपूर्व नै नेपाली समालोचनाले विविध प्रवृत्ति पार गर्दै सैद्धान्तिक मान्यतालाई पनि वरण गरिसकेको थियो । नेपाली समालोचना विविध प्रवृत्ति र वादहरूलाई आत्मसात् गर्दै अघि बढिरहेको समयमा प्रभाववादी तथा उत्तरआधुनिकतावादी समालोचकका रूपमा जगदीश शमशेर राणा नेपाली समालोचना क्षेत्रमा प्रवेश गरेका हुन् । जगदीश शमशेर राणाका समालोचनाहरूको अध्ययन तथा विश्लेषण गर्दा उनको प्रारम्भिक समालोचनाकारिता प्रभावपरक रहेको भए पनि पछिल्लो समय भने बहुलवादी दृष्टिकोणमा आधारित रहेको छ । उनको समग्र समालोचनाकारिताको मूल्याङ्कन उनका समालोचकीय दृष्टिकोण, विषयवस्तु, संरचना, भाषा आदिका सापेक्षतामा गरिएको छ ।

जगदीश शमशेर राणा नेपाली समालोचना परम्परामा कुनै एक विधा, धारा, प्रवृत्ति, समय र क्षेत्रका कृतिकार र तिनका कृतिको व्याख्या-विश्लेषणलाई समालोचनाको विषय बनाउने एक पक्षीय समालोचक होइनन् । उनले साहित्यका कविता र काव्यको संरचनाभित्रका अनेक विषयलाई विश्लेषणीय विषय बनाएका छन् । उनले समालोचना यात्राको प्रारम्भिक समय देवकोटाको **मुनामदन** कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । उनी

कृतिगत वैशिष्ट्यलाई आधार बनाएर त्यसको मूल्याङ्कन गर्ने समालोचकका रूपमा देखिएका छन् ।

जगदीश शमशेर राणाका समालोचनाको आन्तरिक संरचना हेर्दा उनका सबै समालोचनाहरू अनावश्यक गन्थनमा अल्झिएका तथा विशृङ्खलित खालका नभई शीर्षक सुहाउँदो अभिव्यक्तिमा तथा लक्षित उद्देश्यलाई प्रस्ट पार्नमा केन्द्रित रहेका देखिन्छन् । जटिल रचनाको गम्भीर समालोचना गर्ने भएको हुनाले उनका समालोचनाले पाठको बौद्धिक स्तरको अपेक्षा राखेका हुन्छन् ।

भाषाशैलीका दृष्टिले राणाका प्राय सबैजसो समालोचनाको भाषाशैली तार्किक र विश्लेषणात्मक रहेको छ । व्याकरणिक दृष्टिले उनको आफ्नै शैली भए पनि समालोचनामा प्रयोग गरिएको उनको भाषाशैली स्तरीय हुनुका साथै परिष्कृत तथा बौद्धिक छ । उनका समालोचनामा लामो वाक्यगठन र संस्कृत शब्दावलीको प्रयोग पाइन्छ । यस्तो प्रयोग सन्तुलित, व्यावहाीरक तथा चलनचल्तिमा सजिलै प्रयुक्त हुने किसिमको छ । वैचारिक प्रौढता, परिपक्वता, तार्कित शक्ति, विषयवस्तुको गम्भीर अध्ययन, विधा सिद्धान्तको सम्यक् ज्ञान, निर्णयात्मक क्षमता, तुलनात्मकता तथा विश्लेषणात्मक प्रवृत्ति लिएर उनी समालोचना लेखनमा लागेका देखिन्छन् ।

जगदीश शमशेर राणाका विभिन्न समालोचनाहरूको अध्ययन गर्दा आरम्भिककालीन समालोचनाहरू प्रभाववादी सैद्धान्तिक मापदण्डका आधारमा लेखिएका हुनाले कृतिले उनमा पारेको प्रभावमा नै केन्द्रित रहेका छन् । उनको आरम्भिककालीन मूलभूत समालोचकीय दृष्टिकोण प्रभाववादी देखिएको छ । वि. सं. २००३ देखि २०४५ सम्मका पुस्तकाकार तथा केही फुटकर समालोचनाहरूमा राणा विशुद्ध प्रभाववादी समालोचकका रूपमा उपस्थित भएका छन् । आफ्ना संवेगजन्य अनुभूतिलाई कुनै पनि कृतिकार तथा कृतिको मूल्याङ्कनको मूल आधारका रूपमा प्रस्तुत गर्नु र साहित्य र कलाका विभिन्न विधा सम्बन्धी आफ्नो धारणा स्पष्टताका साथ राख्नु उनको पहिलो चरणको समालोचकीय विशेषता हो । उनको पछिल्लो चरणका समालोचना वस्तुपरक हुनुका साथै उत्तरआधुनिकतातर्फ ढल्किएको बहुलवादी दृष्टिकोणलाई आत्मसात् गरी लेखिएका छन् । नेपाली साहित्यमा मिथकीय प्रभावका साथै मुक्तक छन्दको विषयमा गहन अध्ययन गर्ने कामको थालनी समालोचक जगदीश शमशेर राणाबाट भएको पाइन्छ । **मुनामदन भ्रमण** समालोचनामा मुनामदन

कृतिमा प्रयोग गरिएको लोक छन्द तथा **दश दृष्टिकोण** कृतिमा मुक्तक छन्द, वेद, छन्द र मुक्तक छन्द जस्ता शीर्षकमा मुक्त वा गद्य लयको व्याख्या गरिएको पाइन्छ ।

जगदीश शमशेर राणाका समालोचना कृतिहरू विषयवस्तुका दृष्टिले विविध प्रकारका रहेका छन् । **मुनामदन भ्रमण** देवकोटाको लोकप्रिय कृतिमा केन्द्रित छ भने **काव्यको रचनामा शिल्पकारिताको भूमिका** मोहन कोइरालाको प्रयोगवादी कृतिमा केन्द्रित छ । उनको अर्को कृति **दश दृष्टिकोण** साहित्यको स्वरूप, संरचना र प्रयोजन के हुन्छ भन्ने विषयवस्तुमा केन्द्रित रहेको छ । यसै गरी **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** उत्तरआधुनिकता तथा बहुलवादी चिन्तनमा केन्द्रित भएर लेखिएको छ । समालोचना लेखनमा सङ्ख्यात्मक र गुणात्मक योगदान दिएको हुनाले नेपाली समालोचना परम्परामा जगदीश शमशेर राणाको समालोचनाकारिता महत्त्वपूर्ण बनेको छ ।

## ४.९ निष्कर्ष

समालोचक जगदीश शमशेर राणाका प्रकाशित समालोचना कृतिहरूमा **मुनामदन भ्रमण** (२००३), **दश दृष्टिकोण** (२०४५), **नरसिंह अवतार परिचर्चा (२०६१) महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६), **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७), **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) रहेका छन् । यी कृतिका साहित्यिक कृतिको स्वरूप, संरचना, प्रयोजन एवम् वैचारिकता तथा गुणात्मकताको विचेचना गरिएको छ । प्रभावपरक रूपमा तयार पारिएका राणाका समालोचना कृतिले स्रष्टा र तिनका कृतिका सबल तथा दुर्बल पक्षको विवेचना गर्नुका साथै समालोचक राणाका साहित्यसम्बन्धी मान्यतालाई प्रस्तुत गरेका छन् । जगदीश शमशेर राणाका समालोचना सङ्ख्यात्मक रूपमा कम भए पनि तार्किक तथा गुणात्मक रूपमा भने उत्कृष्ट रहेका छन् । स्रष्टा व्यक्तित्व सँगसँगै उनको समालोकीय व्यक्तित्वलाई उनका समालोचना कृतिले प्रकाशित गरेका छन् । राणाले नेपाली समालोचनामा पुस्तकाकार र फुटकर दुबै प्रकृतिका समालोचना रचना गरी विशेष योगदान दिएको कुरा उनका समालोचना कृतिको अध्ययन तथा विश्लेषणबाट पुष्टि हुन पुगेको छ ।

# पाँचौं परिच्छेद

# नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदान

## ५.१ विषयप्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदमा नेपाली समालोचनाको विकासको रूपरेखा प्रस्तुत गरिएको छ । यस क्रममा नेपाली समालोचनामा जगदीश शमशेर राणाका समकालीन तथा स्थापित नेपाली समालोचकका समालोचकीय प्रवृत्तिहरू प्रस्तुत गरी ती समालोचकको तुलनामा नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदानको मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२ नेपाली समालोचना परम्परा

समालोचना सिर्जनात्मक साहित्यको अनुवर्ती लेखन हो । नेपाली साहित्यमा वास्तविक समलोचना लेखनको आरम्भ मोतीराम भट्टबाट भएको मानिन्छ (प्रधान, २०५८ : ८) । यिनको वि.सं. १९४८ मा प्रकाशित कृति **कवि भानुभक्तको जीवनचरित्र** नेपाली समालोचनाको आरम्भ विन्दुका रूपमा स्वीकार्य बनेको छ (कँडेल, २०५५ : घ) । मोतीराम भट्टद्वारा लेखिएको कवि भानुभक्त आचार्यको जीवन चरित्रलाई आधार बनाई लेखिएको प्रस्तुत कृतिलाई आधार मानेर यहाँ नेपाली समालोचना परम्परामा देखिएका विभिन्न प्रवृत्तिहरूलाई भिन्न भिन्न चरणमा विभाजन गरी संक्षिप्त चर्चा गरिएको छ :

### ५.२.१ पहिलो चरण (वि.सं. १९४८-१९९८)

मोतीराम भट्टले **कवि भानुभक्तको जीवनचरित्र** (१९४८) लेखेर नेपाली साहित्यमा समालोचना विधाको आरम्भ गरेका हुन् । नेपाली समालोचनामा उनको ऐतिहासिक मूल्य छ । **कवि भानुभक्तको जीवनचरित्र** जीवनी मात्र नभएर भानुभक्तको काव्यगुण र काव्यरचना प्रक्रियाको परिचय दिने कृति हो । नेपाली समालोचनाको यस चरणमा वि.सं. १९६४ को गोरखापत्रमा देवीप्रसाद उपाध्यायको 'सुन्दर सरोजिनी', यस्तै माधवी (१९६५) मा राममणि आ.दी.को 'कविता रीति' र वि.सं. १९७६ मा गोरखापत्रमा प्रकाशित आशुकवि शम्भुप्रसाद ढुङ्गेलको 'कविताको फल' जस्ता समालोचना छापिएका छन् ।

यस चरणका समालोचकहरूमध्ये सूर्यविक्रम ज्ञवाली (वि.सं.१९५५-२०४२) विशेष उल्लेख्य छन् । मूलत : इतिहासकार भए पनि नेपाली समालोचनामा उनको योगदान महत्त्वपूर्ण नै छ । यिनले धरणीधर कोइरालाको **नैवेद्य** कवितासङ्ग्रहको समालोचना गरेर नेपाली समालोचनामा विशुद्ध समालोचना लेखनको सुत्रपात गरे (प्रधान, २०५६ : १०) । उनी तत्कालीन समयमा प्रचलित शृङ्गारिक धाराको विपरीत रूपमा प्रस्फुटित कविताको समालोचना गरेर उपलब्धि व्यक्त गर्न खोज्नेको मात्र नभई यसबाट समाजोन्मुखताको दायित्व र प्रक्रियाबोध गराउन उत्प्रेरित भएका देखिन्छन् । उनका यस्ता लेखहरूमा **भानुभक्तको जीवनी** (१९८४), **नेपाली साहित्याकाशका दुई नयाँ तारा** (१९९३), **लक्ष्मीपूजा नाटकको पुस्तक समीक्षा** (१९९४), **भानुभक्तीय रामायणको भूमिका** (१९९०), **कथाकुसुमको सम्पादकीय** (१९९४) उल्लेखनीय छन् ।

समालोचनासम्बन्धी फुटकर समीक्षा वा लेखहरूको प्रसङ्ग छोडेर सिङ्गो पुस्तकाकार कृतिको कुरा गर्दा मोतीराम भट्टपछि कुलचन्द्र गौतमको **अलङ्कार चन्द्रोदय** (१९७८) को नाम लिन सकिन्छ । यसैगरी दीनानाथ सापकोटा र रघुनाथ भट्टका रामायण सुन्दरकाण्डको समालोचकीय 'भूमिका' (१९७२), ब्रम्हशमशेर राणाको **कवि भानुभक्त** (१९९५), नरेन्द्रमणि दीक्षितको **युरोपेली साहित्यको नमूना** (१९९५) र नरदेव पाण्डेको **कविवर मोतीराम भट्टको जीवनी** (१९९५) पनि यस चरणका समालोचनात्मक कृतिहरू हुन् । यस चरणमा कतिपय समालोचनात्मक लेखहरू प्रकाशित गरेर **नेपाली साहित्य सम्मेलन पत्रिका**, **गोरखापत्र** र **माधवी**जस्ता पत्रिकाहरूले पनि समालोचनाको विकासमा थप योगदान पुऱ्याएका छन् । फुटकर र पुस्तकाकार रूपमा पनि समालोचना लेखिएको यस चरणमा सैद्धान्तिक र व्यावहारिक दुबै प्रकारका समालोचनाहरू लेखिएको पाइन्छ ।

## ५.२.२ दोस्रो चरण (वि.सं. १९९९-२००५)

रामकृष्ण शर्माको 'अङ्ग्रेजी भाषाको प्रभाव' (१९९९) शीर्षकको समालोचनात्मक लेखबाट नेपाली समालोचनामा दोस्रो चरणको आरम्भ भएको मानिन्छ । उनले देवकोटा र समजस्ता ख्यातिप्राप्त लेखकहरूले अङ्ग्रेजी साहित्यका रचनाको प्रत्यक्ष प्रभावमा आएर लेखेको कुराको प्रमाणसहित प्रस्तुत गरी नेपाली समालोचना परम्परामा स्रष्टाका कमजोरीहरू पहिल्याई समालोचना गर्ने प्रयास  गरे । उनीबाट सौन्दर्यपरक दृष्टिले कृतिको

विवेचना गर्ने परम्पराको थालनी नेपाली समालोचनामा भएको छ । यस चरणमा देखिएका अर्का समालोचक यदुनाथ खनाल हुन् । अङ्ग्रेजी साहित्य समालोचना सिद्धान्तलाई अघि सारेर त्यसैका आधारमा नेपालीमा समालोचना गर्ने समालोचकका रूपमा उनलाई चिनिन्छ (जोशी, २०५१ : २४) । उनका समालोचनामा व्याख्या, विश्लेषण, तुलना, ठोस निर्णय र मूल्याङ्कनका साथै समाजमा गलत प्रभाव पार्नु हुँदैन भन्ने प्रबल नैतिक सचेतता पाइन्छ ( कँडेल; २०५५ : ज) । यस चरणमा देखिएका अर्का समालोचक बाबुराम आचार्य हुन् । उनका **तुलनात्मक सुन्दरकाण्ड** (२००२) र **पुराना कवि र कविता** (२००३) जस्ता समालोचनाका उल्लेखनीय छन् ।

हृदयचन्द्रसिंह प्रधान र रत्नध्वज जोशी पनि यस चरणका प्रसिद्ध समालोचक हुन् । नेपाली समालोचनाको तेस्रो चरणमा पनि यी समालोचकद्वयको उल्लेख्य योगदान रहेको छ । यी दुबै मूलतः प्रभाववादी समालोचकका रूपमा देखिएका छन् (कँडेल, २०५५ : ज) । नेपाली समालोचनाको यसै चरणमा जगदीश शमशेर राणाको प्रवेश भएको छ । उनको **मुनामदन भ्रमण** (२००३) समालोचना यसै चरणमा प्रकाशित समालोचना कृति हो । यस चरणका समालोचनामा वर्णनात्मकता, व्याख्यात्मकता, विश्लेषणात्मकता एवम् बौद्धिक ढङ्गले कृतिको विश्लेष गरी कुनै निचोडमा पुग्ने परिपाटिको सुरुवात् भएको पाइन्छ । यसका साथै फुटकर, पुस्तकाकार र सैद्धान्तिक एवम् व्यवहारिक दुबै प्रकारका समालोचनाहरू यस चरणमा लेखिएका छन् ।

### ५.२.३ तेस्रो चरण ( वि.सं. २००६-२०२४)

ईश्वर बरालको सम्पादनमा समालोचकीय भूमिका सहितको कथाकृति **झ्यालबाट** ( २००६) प्रकाशित भएपछि नेपाली समालोचनाको तेस्रो चरण आरम्भ भएको मानिन्छ । ईश्वर बरालले साहित्यको वास्तविक ऐतिहासिक स्थितिबाट पाठकहरूलाई परिचित गराउन अन्वेषणात्मक र विवेचनात्मक समालोचनाको परिपाटिलाई अङ्गिकार गरेको देखिन्छ (प्रधान, २०५८ : १५) । उनले समालोचनामा बौद्धिकता, विश्लेषणात्मकता र तार्किकतालाई महत्त्व दिएका छन् ।

रत्नध्वज जोशी, ईश्वर बराल, कृष्णचन्द्रसिंह प्रधान र तारानाथ शर्मा यस चरणका चर्चित समालोचक  हुन् । कृष्णचन्द्रसिंह प्रधान र ताना शर्माले देशको राजनीतिक र

आर्थिक पृष्ठभूमिमा मार्क्सवादी सिद्धान्तका मापदण्डले कृतिको मूल्याङ्कन गर्ने प्रयास गरेका छन् । सैद्धान्तिक रूपमा सचेत भई प्रगतिवादी समालोचनाको सुरुवात प्रधानले नै गरेका हुन् । प्रधानद्वारा चर्चित समालोचकहरूका समालोचनाको सम्पादन गरी तयार पारिएको **साझा समालोचना** (२०२५) नेपाली समालोचनामा कोसेढुङ्गो साबित भएको छ (कँडेल; २०५५ : ८) । तारानाथ शर्मा निडर र निर्भीक समालोचकका रूपमा चिनिन्छन् । उनको भाषाशैली नरम र प्रभावकारी छ भने मूल्याङ्कन र निर्णय प्रभावपरक देखिन्छ । यसैगरी सोमनाथ सिग्द्याल, बालचन्द्र शर्मा, चुडानाथ भट्टराय, माधव भण्डारी, आनन्ददेव भट्ट आदि यस चरणका उल्लेख्य समालोचक हुन् ।

सोमनाथ सिग्द्यालको **साहित्य प्रदीप** (२०१६), बालचन्द्र शर्माको **भानुभक्त** (२०१४), **नेपाली साहित्यको इतिहास** (२०३९), चुडानाथ भट्टरायका **तरुण तपसी मीमांसा** (२०१८), **कवि, कविता** र **कविताको सिद्धान्त** (२०१९), डिल्लीराम तिम्सिनाको **हाम्रो साहित्य र साहित्यकारहरू** (२०१८), श्यामप्रसाद शर्माका **लेखक कसरी बन्ने ?** (इ. १९५३) **साहित्यसम्बन्धी दुई चार कुरा** (२०२२), **साहित्यका पात्र पात्रीहरू** (२०३९), कमल दीक्षितका **यस्तो पनि** (२०१४), **कालो अक्षर** (२०१७), **पर्खदै बित्ला कि ?** (२०२६) र **बुकी सुन** ( २०३७), यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** (२०१७), आनन्ददेव भट्टका **समालोचनाको बाटोतिर** (२०१९) र **हाम्रा प्रतिभाहरू** (२०१९), नित्यराज पाण्डेको **महाकवि देवकोटा** (२०१७), जनकलाल शर्माको **जोसमनी परम्परा र साहित्य** (२०२०), इन्द्रबहादुर राईको **टिपेका टिप्पणीहरू** (२०२३) तथा कृष्णप्रसाद पराजुलीको **पन्ध्रतारा र नेपाली साहित्य** (२०२४) पनि यसै चरणमा प्रकाशित समालोचना कृति हुन् । नेपाली समालोचनाको यस चरणमा प्रगतिवादी समालोचनाको निकै विकास हुनुका साथै मनोविश्लेषणात्मक समालोचना पनि फस्टाउँदै आएको पाइन्छ । यतिखेर केही प्रभावपरक र मूलतः गुणदोष विवेचनात्मक विश्लेषणात्मक र मूल्याङ्कनपरक समालोचनाहरू बढी देखापरेका छन् ।

## ५.२.४ चौथो चरण (वि.सं. २०२५ -२०४७)

कृष्णचन्द्रसिंह प्रधानको सम्पादनमा वि.सं. २०२५ मा प्रकाशित भएको **साझा समालोचनाबाट** नेपाली समालोचनाको चौथो चरण सुरु भएको मानिन्छ । यस चरणमा नेपाली समालोचनामा सैद्धान्तिक, वैचारिक र स्तरीय समलोचना लेखनको आरम्भ भएको

पाइन्छ । यस चरणका चर्चित समालोचकमा तारानाथ शर्मा, इन्द्रबहादुर राई, शरद्चन्द्र शर्मा, केशवप्रसाद उपाध्याय, ठाकुर पराजुली, गोविन्द भट्ट, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, भानुभक्त पोखरेल, मोहनहिमांशु थापा, चूडामणि वन्धु, वासु रिमाल, गोपीकृष्ण शर्मा, मुरारीप्रसाद रेग्मी, कुमारबहादुर जोशी, रामलाल अधिकारी, अभि सुवेदी, घनश्याम कँडेल, घटराज भट्टराई, राजेन्द्र सुवेदी, कृष्ण गौतम, रविलाल अधिकारी, ऋषिराज बराल आदि पर्दछन् । कृतिकेन्द्री, इतिहासपरक तथा खोजअनुसन्धानमूलक, शैलीवैज्ञानिक समालोचनाको विकास यसै चरणमा भएको छ ।

यस चरणमा तारानाथ शर्माका, **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **नेपाली साहित्यको इतिहास** (२०२७), **सम र समका कृति** (२०२७), वासुदेव त्रिपाठीका **नेपाली कविताको सिंहावलोकन** (२०२७), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १ र २** (२०३०), दयाराम श्रेष्ठका **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **वीरकालीन कविता** ( २०३६), **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०३४) मोहन हिमांशु थापाको **साहित्य परिचय,** इन्द्रबहादुर राईको **नेपाली उपन्यासका आधारहरू** (२०३०),भानुभक्त पोखेलका **साहित्यिक अनुशीलन** (२०३५) र **कवि माधव घिमिरे र उनको काव्य चिन्तन** (२०३९), अभि सुवेदीका **पाश्चात्य काव्य सिद्धान्त** (२०३०) **सिर्जना र मूल्याङ्कन** (२०२८), घनश्याम कँडेलका **केही अन्वेषण : केही विश्लेषण** (२०४०) **पाश्चात्य यथार्थवादी नाटक** (२०४६), चूडामणि वन्धुका **महाकवि लक्ष्मीप्रसाद देवकोटा** (२०१८), **देवकोटा** (२०३१), गोपीकृष्ण शर्माका **नेपाली निबन्ध परिचय** (२०४०), **अवलोकन र विवेचन** (२०४४), **संस्कृत काव्यशास्त्र** (२०६०), कुमारबहादुर जोशीका **पाश्चात्य साहित्यका केही वाद** (२०३८), **चार अमर कविका पाँच काव्यकृति** (२०२९), **महाकवि देवकोटा र उनका महाकाव्य** (२०३१), **विकीर्ण चिन्तन** (२०३३) **कविता चर्चा** (२०४०), रामलाल अधिकारीका **नेपाली निबन्ध यात्रा** (२०३२) र **नेपाली एकाङ्की यात्रा** (२०३४) आदि समालोचना कृति प्रकाशित भएका छन् । यस चरणमा लेखनमा सक्रिय रहेका अन्य समालोचकमा ऋषिराज बराल, गङ्गाप्रसाद उप्रेती, रघु घिमिरे, मोहन सिटौला, रामदयाल राकेश, माधव पोखेल, देवीप्रसाद गौतम, खगेन्द्रप्रसाद लुइटेल, महादेव अवस्थी, केशव सुवेदी, कृष्णहरि बराल, भरतकुमार भट्टराई, रमेश भट्टराई, सुधा त्रिपाठी, रामहरी पौड्याल आदिको पनि उल्लेख्य उपस्थिति रहेको देखिन्छ ।

यस चरणका धेरैजसो समालोचकहरूले पाँचौं चरणमा पनि उस्तै तथा भिन्न समालोचना लेखन शैलीलाई समातेको भेट्न सकिन्छ । चौथो चरणमा देखिएका यी समालोचकको पाँचौ चरणमा भने सशक्त उपस्थिति रहेको छ । नेपाली समालोचनाको यस चरणमा पनि प्रगतिवादी समालोचनाको निकै विकास भएको पाइन्छ । साथै मनोविज्ञानपरक समालोचनाको स्थिति पनि सन्तोषजनक रहेको छ । यस चरणको विशेष उपलब्धी भनेको शोधपरक वा अन्वेषणात्मक समालोचनाको सुरुवात् हुनु हो । नेपाली समालोचनाका पछिल्ला चरण निकै उर्वर बनेका छन् । यी चरणमा पुस्तकाकार र फुटकर रूपमा समालोचना लेखनमा सङ्ख्यात्मक र गुणात्मक दुबै किसिमले विकास भएको छ ।

## ५.२.५ पाँचौं चरण (वि.सं. २०४८ पछि)

कतिपय समालोचकहरूले वि.सं.२०४५ पछि हालसम्मको अवधिमा लेखिएका नेपाली समालोचनालाई पाँचौं चरणमा समावेश गरेको पाइन्छ । प्रजातन्त्रको पुर्नस्थापना (२०४६) पछि भाषाविज्ञान र शैलीविज्ञानमा आधारित तथा अन्तर्विषयक समालोचना लेखिन थालेकाले यस अवधिलाई नेपाली समाालोचनाको पाँचौं चरण मानिएको हो । यस चरणमा चौथौ चरणका समालोचक र उनीहरूका समालोचनाले नै निरन्तरता पाउनुका साथै नयाँ समालोचकहरु पनि देखापरेका छन् । यस चरणमा मोहनराज शर्माको **शैलीविज्ञान** (२०४८) कृति नेपाली समालोचनामा नवीन मान्यता लिएर उदाएको देखिन्छ (अधिकारी; २०६१ : ६६) । विशेष गरी वि.सं. २०४७ पछि सैद्धान्तिक समालोचना र शैलीविज्ञानले नेतृत्व गरेको भाषाशैलीपरक, नारीवादी समालोचनाजस्ता नयाँ मान्यताको विकास नेपाली समालोचनाको यस चरणमा भएको पाइन्छ ।

यस चरणमा घनश्याम कँडेलको **नेपाली समालोचना** (२०५५), दयाराम श्रेष्ठको **नेपाली कथा र कथाकार** (२०७०), मोहनराज शर्माका **शैलीविज्ञान** (२०४८) **समकालीन समालोचना सिद्धान्त र प्रयोग (२०६३)**, राजेन्द्र सुवेदीको **केही समीक्षण केही विश्लेषण** (२०४९), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३), **नेपाली समालोचना परम्परा र प्रवृत्ति** (२०६१), कृष्ण गौतमको**आधुनिक आलोचनाः अनेक रूप अनेक पठन** (२०५०), **पाश्चात्य महाकाव्य** (२०५५), गोविन्दराज भट्टराईका **आख्यानको उत्तरआधुनिक पर्यावलोकन** (२०६१), **पश्चिमी बलैंसीका बाछिटा** (२०६१) **उत्तरआधुनिक ऐना** (२०६२), **उत्तरआधुनिक विमर्श** (

२०६४), खगेन्द्रप्रसाद लुइँटेलका **आधुनिक नेपाली समालोचना** (२०५७), **पूर्वीय र पाश्चात्य साहत्यि सिद्धान्त** (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०), **कविताको संरचनात्मक विश्लेषण** (२०६२), ज्ञानु पाण्डेका **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद** (२०६२), **विकीर्ण अनुशीलन** (२०६८) **नेपाली उपन्यासमा लैङ्गिकता** (२०६९), सुधा त्रिपाठीका **भूपिकाकवितामा व्यङ्ग्यालङ्कार र चेतना** (२०५८), **महिला समालोचक र नेपाली समालोचना** (२०६२), कृष्णहरि बरालका **कवि भूपिः विश्लेषण र मूल्याङ्कन (२०५७), गीत सिद्धान्त र इतिहास (२०६०), गजल सिद्धान्त र नेपाली गजल ( २०६४), कथा सिद्धान्त (२०६९),** कुमारप्रसाद कोइरालाका **नेपाली आख्यानको अध्ययन** ( २०५८), **केहीआधुनिक नाटक र नाटककार** (२०६६), **आख्यान विमर्श** (२०६८), लक्ष्मणप्रसाद गौतमका **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**(२०६०), **समकालीन नेपाली कविताका प्रवृत्ति (२०६६), नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना (२०६६),** नेत्र एटमका **समालोचनाको स्वरूप**(२०६१),**नेपाली डायस्पोरा र अन्य समालोचना (२०६७), अन्तर्विषयक नेपाली समालोचना (२०७०),** ज्ञानु अधिकारीका **प्रायोगिक समालोचना : केही प्रतिरूप** (२०६७), **नेपाली नारी समालोचना परम्परा, प्रवृत्ति र विश्लेषण** (२०६८) लगायत धेरै समालोचकका निकै धरै समालोचना कृति प्रकाशित भएका छन् । नेपाली समालोचनाको यसै चरणमा जगदीश शमशेर राणाका **दश दृष्टिकोण, नरसिंह अवतार परिचर्चा, काव्यको रचनामा शिल्पकारिताको भूमिका** र **उत्तरआधुनिकतावाद र बाहुल्य विस्फोट** समालोचना कृति प्रकाशित भएका छन् । जगदीश शमशेर लगायत उल्लिखित समालोचकहरूका अतिरिक्त केही अन्य समालोचकहरूले पनि यस चरणमा आफ्नो लेखनलाई निरन्तरता दिएका छन् । नेपाली समालोचनाको पाँचौं चरण परिमाणात्मक र गुणात्मक रूपमा निकै सबल रहेको देखिन्छ ।

## ५.३ नेपाली समालोचनामा जगदीश शमशेर राणाको स्थान

नेपाली समालोचना परम्परामा जगदीश शमशेर राणाले आफ्ना समालोचना कृतिहरूमार्फत् प्राप्त गरेको स्थानको मूल्याङ्कन गर्ने क्रममा उनका पूर्ववर्ती, समकालीन र परवर्ती समालोचकका समालोचना कृति र प्रवृत्तिका आधारमा उनको स्थान निर्धारण गर्दा तुलनात्मक अध्ययन अपेक्षित रहेको छ । यसै आधारमा जगदीश शमशेर राणाको नेपाली समालोचनामा स्थान निर्धारण गर्न सकिन्छ ।

यस सन्दर्भमा जगदीश शमशेर राणाको पहिलो समालोचना **मुनामदन भ्रमण** (२००३) भन्दा अगाडिका उनका पूर्ववर्ती समालोचकमा मोतीराम भट्ट, कुलचन्द्र गौतम, सूर्यविक्रम ज्ञवाली, सोमनाथ सिग्दाल, यदुनाथ खनाल, रामकृष्ण शर्मा, रत्नध्वज जोशी, ईश्वर बराल रहेका छन् । यसैगरी नेपाली समालोचना परम्परामा जगदीश शमशेर राणाका समकालीन समालोचकका रूपमा कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, इनद्रबहादुर राई, केशवप्रसाद उपाध्याय, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, दयाराम श्रेष्ठ, राजेन्द्र सुवेदी, अभि सुवेदी, घनश्याम कँडेल, कृष्ण गौतम, चूडामणि बन्धु भानुभक्त पोखरेल, कुमारबहादुर जोशी, आदि पर्दछन् । त्यस्तै उनका परवर्ती समालोचकहरूमा गोविन्दराज भट्टराई, खगेन्द्रप्रसाद लुइटेल, ज्ञानु पाण्डे, कुमारप्रसाद कोइराला, लक्ष्मणप्रसाद गौतम, एकनारायण पौड्याल, नेत्र एटम, ज्ञानु अधिकारी आदिलाई लिन सकिन्छ । यी सम्पूर्ण समालोचकहरूले आ-आफ्नो प्रवृत्ति वैशिष्टयसहित उत्कृष्ट समालोचना कृतिहरू दिई नेपाली समालोचना परम्परालाई नवसिर्जनशीलतातर्फ अगाडि बढाएका छन् । यस प्रकार जगदीश शमशेर राणा नेपाली समालोचनाको दोस्रो चरणमा देखा परी पाँचौं चरणमा निकै सक्रिय समालोचकका रूपमा उपस्थित भएका छन् ।

जगदीश शमशेर राणाको समालोचना लेखनको प्रारम्भमा प्रभावपरक समालोचनाबाट भएको थियो । उनको **मुनामदन भ्रमण** (२००३) यस्तै प्रकृतिको समालोचना हो । यसमा केही तुलनात्मक समालोचना पद्धतिको पनि प्रयोग भएको छ । यसै गरी **दश दृष्टिकोण** (२०४५) मूल रूपमा वैचारिक समलोचना कृति हो । निबन्धात्मक रूपमा साहित्यसम्बन्धी मान्यतालाई यसमा स्थापित गर्न खोजिएको छ । यस कृतिमा समावेश गरिएका प्रत्येक रचनामा साहित्यका विषयमा नयाँ मूल्य, मान्यता, बौद्धिकता तथा परिष्कृतता जस्ता कुरालाई समावेश गरिएको छ जुन कुरा समालोचनामा हुनु पर्ने आवश्यक तत्वअन्तर्गत नै पर्दछन् । उनको यस कृतिले नेपाली समालोचनाको चौथो चरणमा स्थापित समालोचनाका वैचारिक पक्षलाई समेटेको छ । कुनै पनि समालोचकले साहित्यलाई कति गहनताका साथ हेर्छ भन्ने कुरा उसको लेखनमा भर पर्ने भएकोले साहित्यिक रचनाका मूलभूत कुराको ज्ञानबाट मात्र उत्कृष्ट समालोचना रचना गर्न सकिन्छ भन्ने मान्यतालाई यसले स्थापित गरेको देखिन्छ । यस दृष्टिले हेर्दा जगदीश शमशेर राणा वैचारिक र वस्तुपरकतालाई मनपराउने समालोचकका रूपमा पनि रहेका देखिन्छन् ।

जगदीश शमशेर राणा समलोचक मात्र नभएर सर्जक पनि हुन् । उनले प्रयोगवादी महाकाव्य **नरसिंह अवतार** (२०३७) र प्रयोगवादी उपन्यास **सेतो ब्याकको आख्यान** (२०६०) रचना गरेका छन् । परम्परित महाकाव्यभन्दा घटना र पात्रको संयोजन निकै भिन्न रहेको **नरसिंह अवतार** काव्यमा द्वन्द्वको विस्तारलाई मूल कथानक बनाएका छन् । सामान्य पाठकका निम्ति अति नै जटिल बनेका यी कृतिमध्ये **नरसिंह अवतार** काव्यका बारेमा उनी आफैले लेखेको कृति हो **नरसिंह अवतार परिचर्चा** (२०६१) । यस समालोचनाले उनलाई आफ्नो रचनाका बारेमा पाठकलाई प्रस्ट पार्ने आफैँ समालोचना लेख्ने व्यक्तिका रूपमा उनलाई स्थापित गराएको छ । उनको यस समालोचनाले आफूले कृतिमा व्यक्त गर्न खोजेको विचारलाई स्पष्ट पार्नुका साथै निर्णायात्मकतालाई पनि स्थापित गराएको छ । कृतिभित्रका अर्थका सम्भावनालाई यस समालोचनाले केही स्थीर पनि गरिदिएको छ । यिनका समालोचनामा कृतिको विस्तृत व्याख्यासहित कृति वा कृतिकारलाई समकालीन सामाजिक, आर्थिक सन्दर्भसँग जोडिएको हुन्छ । यसबाट एउटा निष्कर्षमा पुग्नका लागि निर्णयात्मक टिप्पणी गरिएको हुन्छ । जगदीश शमशेर राणाको यस समालोचनाले मिथकीय पुनर्सिजन र त्यसको व्याख्यालाई केही विस्तार समेत गरेको छ । यसले नेपाली समालोचनामा उनको स्थानलाई सुरक्षित बनाउन सहयोग गरेको देखिन्छ ।

जगदीश शमशेर राणाले **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) शीर्षकको समलोचना कृतिमा मोहन कोइरालाको लामो कविता **सिमसारका राजदुतको** प्रसङ्गलाई विभिन्न विषयका आठ वटा खण्डमा विश्लेषण गरिएको छ । यस कृतिले साहित्यिक रचनाको शिल्प पक्षलाई जोड दिएको । यसैगरी उनको अर्को समालोचना कृति **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (वि.सं. २०६९) मा विश्व सन्दर्भमा उत्तरआधुनिकतालाई स्पष्ट पारिएको छ । यो कृति दुई खण्डमा संरचित छ । यसको पहिलो खण्डमा उत्तरआधुनिकतालाई प्रस्ट पारिएको छ भने दोस्रो खण्डमा विश्व परिवेशलाई चिनाइएको छ । जगदीश शमशेर राणाको भाषा, साहित्य, संस्कृति, इतिहास र भूगोलको व्यापक अध्ययनसहित कृतिको विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रवृत्तिका कारण नेपाली समालोचना परम्परामा भने भिन्न पहिचानका साथ आफ्नो स्थानलाई सुरक्षित गरेका छन् । नेपाली समालोचनाको दोस्रो चरणमा देखिएका जगदीश शमशेर राणाले आफ्नो स्थान पाँचौँ चरणमा सुरक्षित बनाएका छन् ।

## ५.४ नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदान

समालोचना एक कठिन तर आवश्यक कार्य हो भन्ने विचार जगदीश शमशेर राणाको रहेको छ । समालोचकले सही धर्म निर्वाह गर्न निकै कठिन छ । मानव प्रवृत्ति प्रशंसाप्रवृत्त छ र सही आलोचनालाई सहर्ष पचाउने संस्कारको अझै गम्भीर अभाव छ । लेखकलाई आफ्ना रचनाको मोहले यति धेरै अन्धो बनाइदिएको हुन्छ कि कसैले उसका तुच्छ रचना निकै राम्रो भनिदिएमा ऊ मख्ख पर्छ । यदि कुनै समलोचकले उसका वास्तविक कमजोरी देखाइदिए भने ऊ समालोचकमाथि आक्रामक बन्न सक्दछ । समालोचक सधैँ दोहोर चेपुवामा रहने गर्दछ । समालोचकले कमजोर लेखकको प्रशंसा गर्दा पाठक टाढिन्छ भने स्रष्टाका कमजोरी देखाइदिँदा लेखकको अप्रिय बन्ने सम्भावना हुन्छ । यसै कारणले होला जगदीश शमशेर राणा तटस्थ समालोचकका रूपमा उभिएका छन् । यसै प्रवृत्तिका आधारमा उनको समालोचकीय योगदानको निर्धारण गर्नु उपयुक्त देखिन्छ ।

आधुनिक नेपाली समालोचनाको इतिहासमा साहित्यका ऐतिहासिक साग्रीहरूको अन्वेषण समीक्षण गर्ने समालोचकहरूमा बाबुराम आचार्य, सुर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, बालचन्द्र शर्मा, कमल दीक्षित, रत्नध्वज जोशी, ईश्वर बराल पछि समालोचकका रूपमा जगदीश शमशेर राणा देखापरेका छन् । उनी आफूभन्दा अगाडिका समालोचकले बसालेका ऐतिहासिक शोधखोजपूर्ण समालोचनाको बाटोलाई छोडेर प्रभावपरक रूपमा कृति विश्लेषणतर्फ अग्रसर भएका छन् । नेपाली समालोचनाको दोस्रो चरणमा देखिएका जगदीश शमशेर राणाको समालोचना लेखन साहित्य सिर्जनातर्फको उनको अग्रसरताले स्थगित भएको जस्तो देखिन्छ ।

वि.सं. २००३ मा **मुनामदन भ्रमण** जस्तो सानो आकारको तर गम्भीर प्रभावपरक समालोचना लेखेर यस क्षेत्रमा आएका राणाले नेपाली समालोचनाको पाँचौं चरणमा भने राम्रो उपस्थिति देखाएका छन् । नेपाली समालोचनाको यस कालखण्डमा सक्रिय समालोचकहरूमा कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, कृष्ण गौतम आदि रहेका छन् । यी आठ जना समालोचकले नेपाली समालोचनामा महत्त्वपूर्ण योगदान दिएका छन् । यसैले जगदीश शमशेर राणाको समालोचकीय योगदानलाई निर्धारण गर्न यी आठ जना समालोचकहरूसँग

तुलना गर्नु उपयुक्त हुन्छ । त्यसैले यहाँ यी भिन्नभिन्न समलोचकसँगको तुलनाका आधारमा उनको समालोचकीय योगदानको मूल्याङ्कन गरिएको छ ।

### ५.४.१ कृष्णचन्द्रसिंह प्रधान र जगदीश शमशेर राणा

कृष्णचन्द्रसिंह प्रधान नेपाली समालोचना परम्पराको चौथो चरणमा निकै लामो समयसम्म सक्रिय समालोचक हुन् । उनले प्रगतिवादी नेपाली समालोचनाको उठान र त्यसको विस्तारमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । नेपाली समालोचनामा समालोचनाको विधागत ऐतिहासिक पहिचान पनि उनले नै दिएको मानिन्छ । उनका प्रकाशित समालोचना कृतिहरूमा **कवि व्यथित र काव्यसाधना** (२०१५), **साझा समालोचना** (२०२५), **नेपाली उपन्यास र उपन्यासकार** (२०३७), **सिर्जनाको सेरोफेरो** (२०४०) तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर समालोचनात्मक लेखरचनाहरू पर्दछन् ।

समालोचक कृष्णचन्द्रसिंह प्रधान प्रगतिवादी समालोचक हुन् । उनी उपयोगितावादी दृष्टिले कृतिको मूल्याङ्कन गर्ने पक्रियालाई निकै सङ्कुचित रहेको ठान्दछन् । कुनै पनि कृतिको समीक्षा गर्ने मापदण्ड देश, काल र परिस्थिति अनुकूल बदलिँदै जानुपर्छ भन्ने मान्यता उनको छ । कुनै रचना एककालिक मूल्यको हुने र कुनै रचना सर्वकालिक मूल्यको हुन्छ भन्ने विचार उनमा रहेको पाइन्छ र सोहीअनुसार उनी साहित्यिक कृतिको समालोचना गर्दछन् । उनी पाश्चात्य सौन्दर्यवादी समीक्षा पद्धतिमा जोड दिन्छन् । पूर्वीय समीक्षा पद्धतिभन्दा पाश्चात्य समीक्षा पद्धति बढी विश्वसनीय भएको उनको तर्क छ । उनी प्रभाववादी भएर पनि बौद्धिक समालोचकका रूपमा परिचित छन् । उनी साहित्यिक कृतिको मात्र समालोचना नगरी समालोचनाका बारेमा पनि समालोचना गर्ने समीक्षकका रूपमा रहेका छन् । जगदीश शमशेर राणा र कृष्णचन्द्रसिंहका समालोचकीय प्रवृत्तिको तुलना गर्दा प्रगतिवादीता र पाश्चात्य समालोचनाप्रतिको प्रधानको जुन मोह छ त्यसमा राणाको असहमति रहेको देखिन्छ भने प्रभावपरकता र बैद्धिकतामा यी दुई समालोचकका समालोचकीय प्रवृत्ति समान रहेका छन् ।

### ५.४.२ तारानाथ शर्मा र जगदीश शमशेर राणा

तारानाथ शर्माको समालोचनाका आरम्भिक लेखन प्रगतिशील देखिए पनि उनको लेखनको मूल प्रवृत्ति भने शोधखोजमूलक र त्यसपछि प्रभावपरक नै रहेको छ । यस्ता विशेषताहरूलाई समेट्ने उनका कृतिहरूमा- **पश्चिमका केही महान् साहित्यकार** (२०२६), **नेपाली साहित्यको इतिहास** (२०२७), **भानुभक्तदेखि तेस्रो आयामसम्म** (२०२७), **सम र समका कृति** (२०२८) र **नेपाली साहित्यको ऐतिहासिक परिचय** (२०२९) आदि पर्दछन् । यिनका फुटकर रूपमा एकहजार भन्दा बढी समालोचनात्मक लेखरचनाहरू प्रकाशित भएका छन् तर जगदीश शमशेर राणाका समालोचना यस दृष्टिले निकै कम छन् । आधुनिक नेपाली कविताका सन्दर्भमा यी दुई समालोचकका विचमा विवाद बढेको पनि देखिन्छ । तारानाथ शर्माले जगदीश शमशेर राणाले प्रगतिवादी कविताप्रति राखेको असहिष्णु दृष्टिकोणको खुलेर विरोध गरेका छन् । उनले जगदीश शमशेर राणाको समलोचनालाई घुर्कीवादको संज्ञा समेत दिएको पाइन्छ तर पनि यी दुई समालोचकमा कृतिको विश्लेषण गर्ने समालोचकीय चेत निकै बलियो रहेको पाइन्छ ।

नेपाली साहित्यको ऐतिहासिक अध्ययनलाई समग्र रूपमा आफ्नै ढङ्गले समायोजन गरेर लेखन कार्य गर्ने ताना शर्माले **नेपाली साहित्यको इतिहास** (२०२७) लेख्ने क्रममा कालविभाजन गर्ने काम गरेका छन् । कालविभाजनका आधारहरूमा व्यक्तिप्रतिभा र ऐतिहासिक घटनाजस्ता दुबै पक्षलाई आवश्यक ठानेका छन् । जगदीश शमशेर राणा पनि साहित्यको समीक्षा परम्परा र व्यक्तिप्रतिभाका आधारमा गर्नु पर्ने मान्यता राख्दछन् ।

नेपाली समालोचनाको इतिहासमा प्रभावपरक समालोचकको प्रयास जगदीश शमशेरा राणाले **मुनामदन भ्रमण** (वि.सं.२००३) बाट गरेका छन् । त्यसपछिका उनका समालोचनाले केही जटिल र बौद्धिक पक्षलाई समेटेका छन् । स्रष्टाले कृतिमा समावेश गरेको अर्थलाई अर्थ्याउने सामर्थ्य स्वयम् स्रष्टाले नै राख्दछ भन्ने विचारलाई जगदीश शमशेर राणाले स्थापित गरिदिएका छन् । उनको **नरसिंह अवतार** काव्यका विषयमा भएका टीका टिप्पणीलाई उनले **नरसिंह अवतार परिचर्चा** जस्तो गम्भीर समालोचना लेखेर स्पष्ट पारिदिएका छन् । समालोचक पनि कृतिको गहिराइमा पुग्न नसक्दा स्रष्टा स्वयम् त्यसलाई स्पष्ट पार्ने समालोचकीय दायित्व निर्वाह गरी जगदीश शमशेर राणाले नेपाली समालोचनामा आफ्नो उपस्थितिलाई बलियो बनाएका छन् । तारानाथ शर्माको खोज-

अन्वेषण र ऐतिहासिक समलोचना मूल प्रवृत्ति र प्रभावपरक तथा बौद्धिक समालोचना सहायक प्रवृत्तिको रूपमा रहेको छ भने राणाले प्रभावपरकता र बौद्धिकतालाई नै आफ्नो मूल प्रवृत्ति बनाएर नेपाली समालोचनामा महत्त्वपूर्ण योगदान दिएका छन् ।

### ५.४.३ इन्द्रबहादुर राई र जगदीश शमशेर राणा

नेपाली समालोचनामा नवपद्धतिलाई निम्त्याएर चर्चामा आउने समालोचकमा इन्द्रबहादुर राई पर्दछन् । पाश्चात्य साहित्यमा विकसित साहित्यक तथा समालोचकीय मान्यताको अध्ययन गरी त्यसका आधारमा साहित्यिक कृतिको विश्लेषण गर्ने प्रयोगधर्मी समालोचकका रूपमा उनलाई चिनिन्छ । आयामेली लेखन र लीलालेखन जस्ता अवधारणाबाट उनका समालोचना कृति बढी प्रभावित रहेका छन् । उनका **टिपेका टिप्पणीहरू** (२०२३), **नेपाली उपन्यासका आधार** (२०३१), **सन्दर्भमा ईश्वर बल्लभका कविता** (२०३३), **मार्क्सवादी प्रतिबद्धता : साहित्यको अपहरण** (२०३६), **दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी** (२०४१), **अर्थको पछिल्तिर** (२०५१) तथा विभिन्न समयमा सम्पादित पुस्तकको भूमिकाका साथै विभिन्न पत्रपत्रिकामा फुटकर समालोचना प्रकाशित  छन् ।

समालोचक इन्द्रबहादुर राईमा नेपाली भाषा, साहित्य र संस्कृतिको पक्षमा समालोचना लेख्ने विशेषता पाइनुका साथै आयामेली र लीलालेखन जस्ता साहित्यिक प्रयोगमा वैचारिक पक्षको प्रयोग गर्ने विशेषता पनि पाइन्छ । साहित्यिक कृतिको प्रभावमा समालोचना लेख्ने भए पनि उनी बौद्धिक, तार्किक र वस्तुपरक विश्लेषण गर्ने समालोचकका रूपमा परिचित छन् । उनको समालोचना लेखन विशेष गरी प्रायोगिक समालोचनालाई प्रश्रय दिनमा केन्द्रित रहेको पाइन्छ । इन्द्रबहादुर राई पाठक वा लेखककेन्द्री समालोचक नभएर पाठ वा कृतिकेन्द्री समालोचक हुन् । प्रगतिवादी साहित्य र त्यसको दर्शनसँग असन्तुष्ट समालोचकको परिचय इन्द्रबहादुर राइले बनाएका छन् । इन्द्रबहादुर राईको समालोचकीय दृष्टिकोण साहित्य जीवनका लागि हुनुपर्छ भन्ने छ । इन्द्रबहादुर राईका केही समालोचकीय विशेषतासँग जगदीश शमशेर राणाको पनि समानता रहेको देखिन्छ । साहित्यसम्बन्धी जुन दृष्टिकोण राईको छ त्यसैमा जगदीश शमशेर राणा पनि केन्द्रित रहेका छन् । प्रभावपरकतामा बौद्धिकता, प्रगतिवादी साहित्यसँग असन्तुष्टि, पाठ वा कृतिकेन्द्री समालोचना र जीवनका लागि साहित्य जस्ता समालोचकीय दृष्टिकोणमा यी दुबै समालोचकमा समानता रहेको पाइन्छ ।

### ५.४.४ वासुदेव त्रिपाठी र जगदीश शमशेर राणा

वासुदेव त्रिपाठी नेपाली समालोचनाको चौथो चरणका निकै चर्चित समालोचक हुन् । उनले पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तको गहन अध्ययन गरी सैद्धान्तिक समालोचना गर्ने समालोचकका रूपमा आफ्नो परिचय बनाएका छन् । उनका **नेपाली कविताको सिंहावलोकन** (२०२७), **विचरण** (२०२८) **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १ र भाग २** (२०३०), **लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन** (२०३४) तथा विभिन्न समयमा सम्पादित पुस्तकको भूमिकामा प्रकाशित फुटकर समालोचना प्रकाशित छन् ।

नेपाली साहित्यमा औपचारिक रूपमा अनुसन्धानमूलक समालोचनाको थालनी गर्ने व्यक्तित्वका रूपमा उनी परिचित छन् । विषयवस्तुको गहिराइ, एकाग्रता जस्ता समीक्षा प्रणाली उनका समालोचनामा पाइने विशेषता हुन् । कुनै कृतिको मूल्याङ्कन कृतिमा अन्तर्निहित सौन्दर्यका आधारमा गर्ने त्रिपाठी बौद्धिक समालोचक हुन् । वासुदेव त्रिपाठीका समालोचकी प्रवृत्तिसँग जगदीश शमशेर राणाका समालोचकीय प्रवृत्तिको केही समानता रहेको पाइन्छ । साहित्यसम्बन्धी दृष्टिकोणमा जुन परिपक्कता त्रिपाठीमा रहेको छ त्यसैलाई आत्मसात् गरी समालोचनायात्रामा जगदीश शमशेर राणा अगाडि बेढेका देखिन्छन् । त्रिपाठी जस्तै राणाको समालोचना लेखनले नेपाली समालोचनामा बौद्धिकता, अध्यनशीलता, एकाग्रता, चिन्तनशीलता जस्ता विशेषता थपिएका पाइन्छन् ।

### ५.४.५ दयाराम श्रेष्ठ र जगदीश शमशेर राणा

नेपाली साहित्यको खोज तथा अन्वेषणमा लागेका समालोचकहरूमा दयाराम श्रेष्ठ सबैभन्दा उत्कृष्ट मानिन्छन् । उनका प्रकाशित समालोचना कृतिहरूमा **सन्दर्भ र मूल्याङ्कन** (२०२५), **नेपाली साहित्यका केही पृष्ठ** (२०३२), **वीरकालीन कविता** (२०३४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४), **प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा** (२०३८), **शाहवंश र नेपाली भाषा साहित्य** (२०३९), **पच्चिस वर्षका नेपाली कथा** (२०३९), **साहित्यको इतिहास सिद्धान्त र सन्दर्भ** (२०५९), **नेपाली कथा र कथाकार** (२०७०) आदि रहेका छन् । सम्पादित र सिर्जित कृतिका माध्यमबाट नेपाली कथा समालोचनालाई निकै विकसित पारेका श्रेष्ठको नेपाली समालोचनामा विशिष्ट योगदान रहेको छ ।

नेपाली समालोचनाको पछिल्लो चरणमा शोधखोजमूलक प्रवृत्तिलाई अध्ययनको केन्द्र बनाएका समालोचक दयाराम श्रेष्ठले प्राथमिक कालका साहित्य र सर्जकहरूका वीरता र भक्तिका भावनाहरूको स्रोत, प्रभाव र परम्पराका मूल्यहरूलाई आफ्ना ठाउँमा यथार्थ ढङ्गले पहिचान गर्ने काम गरेका छन् भने कथा समालोचनामा उनको विशेष झुकाव रहेको देखिन्छ । जगदीश शमशेर राणा श्रेष्ठका तुलनामा गुणात्मक र परिमाणात्मक दुबै दृष्टिले केही कमजोर देखिन्छन् तर पनि उनले जे जस्ता कृति र कृतिकारलाई विषय बनाएर समालोचना गरेका छन् । त्यसले राणालाई अरुभन्दा भिन्न परिचय दिलाएको पाइन्छ । खासगरी श्रेष्ठका समालोचना कथा र नेपाली साहित्यको इतिहास केन्द्रित छन् भने जगदीश शमशेर राणाका कविता-काव्यमा केन्द्रित समालोचना बढी छन ।

दयाराम श्रेष्ठ विशेष गरी नेपाली साहित्यको इतिहासको पनि प्राचीन र माध्यमिक कालीन कथाको समालोचनामा केन्द्रित रहेका छन् । उनका समालोचना कालक्रमिक प्रकृतिका छन् । उनी खोजअनुसन्धान र अन्वेषण गरी आफ्नो धारणा स्पष्ट रूपमा राख्दछन् जसले उनलाई ऐतिहासिक पद्धतिका निर्भिक वक्ता बनाएको छ । जगदीश शमशेर राणा दार्शिनिक तथा वैचारिक रूपमा प्रभावपरक ढङ्गले कृतिको समालोचना गर्दछन् यसले गर्दा नै उनलाई अन्य नेपाली समालोचकभन्दा भिन्न दृष्टिकोण भएका समालोचक बनाएको छ ।

### ५.४.६ मोहनराज शर्मा र जगदीश शमशेर राणा

मोहनराज शर्मा नेपाली समालोचनाको उत्तरवर्ती चरणका प्रमुख समालोचक हुन् । उनी परम्परागत नेपाली समालोचनाको विरुद्धमा शैलीवैज्ञानिक समालोचनाको थालनी, विकास र विस्तार गरी समकालीन समालोचनातर्फ उन्मुख रहेका छन् । शैलीवैज्ञानिक र समकालीन समालोचना विश्वसाहित्यमा देखापरेका आधुनिक समीक्षा पद्धति हुन् । यी दुबै पद्धतिलाई नेपालीमा भित्र्याएर मोहनराज शर्मा वस्तुवादी र रूपशैलीपरक समालोचकका रूपमा चिनिएका छन् । उनका प्रकाशित समालोचना कृतिहरूमा- **नेपालीका केही आधुनिक साहित्यकार** (२०२६), **कथाको विकासप्रक्रिया** (२०३५), **शैलीविज्ञान** (२०४८) **समकालीन समालोचना : सिद्धान्त र प्रयोग** (२०५५) तथा विभिन्न पुस्तुक तथा पत्रपत्रिकामा फुटकर रूपमा निकै धेरै सङ्ख्यामा समालोचना प्रकाशित छन् ।

सुरुमा साहित्येतिहासपरक समालोचकको परिचय बनाएका मोहनराज शर्माका समालोचनामा समकालीन तथा आधुनिक वैचारिकता समेटिएको हुन्छ । उनी मूल रूपमा शैलीवैज्ञानिक समालोचक हुन् । भाषाशैलीपरक सैद्धान्तिक समालोचनाका साथै प्रायोगिक वा व्यवहारिक समालोचना पनि लेखेका छन् । कला कलाका लागि र समाजसापेक्ष जीवनका लागि हुनुपर्छ भन्ने दुबै मान्यता समन्वयकारी समालोचकीय दृष्टिकोण उनको छ । जगदीश शमशेर राणा र मोहनराज शर्माको सैद्धान्तिक समालोचनाको रूपमा तुलना गर्न नसकिए पनि समालोचकीय वैचारिकतामा भने यी दुई समालोचकका बिचमा समानता रहेको छ । साहित्य समाजसापेक्ष र जीवनोपयोगी हुनुपर्छ भन्ने साझा समालोचकीय विशेषता यी समालोचकमा रहेको देखिन्छ ।

### ५.४.७ राजेन्द्र सुवेदी र जगदीश शमशेर राणा

नेपाली समालोचनामा तिसका दशकदेखि समालोचना लेख्दै आएका सुवेदीको २०३८ सालमा प्रकाशित **विषय गहन : सतह चिन्तन** कृतिबाट समालोचनाका क्षेत्रमा प्रवेश गरेका हुन् । उनी विधा सिद्धान्त र विधा समालोचनाका क्षेत्रमा आफ्नो समालोचनाका आधारभूत मान्यतालाई प्रस्तुत गर्ने समालोचकका रूपमा चिनिन्छन् । उनका **विषय गहन : सतह चिन्तन** (२०३८), **स्रष्टा सृष्टि : दृष्टा दृष्टि** (२०४३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०५३), **सृजन विधाका परिधिमा पारिजात** (२०५३), **सृजन विधाका परिधिभित्र ध्रुवचन्द्र गौतम** (२०५४), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति** (२०६१) आदि समालोचना कृति प्रकाशित छन् ।

उनका समालोचनाले मार्क्सवादी समालोचनाभित्र सिर्जनात्मक पक्षलाई आवश्यक ठान्दै त्यसका पक्षमा कलम चलाएको देखिन्छ । उनका समालोचनामा सैद्धान्तिक मापदण्डहरू पूर्वीय तथा पाश्चात्य दुबै सन्तुलित रूपमा आउनुपर्छ र यस मान्यतामा रहेर गरिएका समालोचना तुलनात्मक रूपमा विशिष्ट मूल्य र महत्त्वका हुन्छन् भन्ने कुरालाई पनि उनले आफ्ना समालोचनात्मक कृतिहरूमा प्रस्तुत गरेको पाइन्छ । सुवेदी नेपाली समालोचनाको उत्तरवर्ती चरणमा देखा परेका सैद्धान्तिक तथा व्यावहारिक दुबै विषयमा केन्द्रित भएर समालोचना गर्ने आधुनिक समालोचक हुन् । उनीसँग जगदीश शमशेर राणको समालोचकीय प्रवृत्तिको तुलना गर्दा विधा केन्द्रित समालोचनामा राजेन्द्र सुवेदी केही प्रखर

देखिन्छन् भने बौद्धिक तथा बहुलवादी दृष्टिकोणका साथ समालोचना गर्ने प्रवृत्तिमा यी दुबै समालोचकको समानता भेट्न सकिन्छ ।

### ५.४.८ कृष्ण गौतम र जगदीश शमशेर राणा

नेपाली समालोचनाका क्षेत्रमा नयाँ आयाम थप्ने कृष्ण गौतमले आफ्ना समालोचना कृतिहरूमा पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तका प्रवृत्तिलाई प्रस्ट पार्ने काम गरेका छन् । उनका **देवकोटाका प्रबन्ध काव्य** (२०३८), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन** (२०५०), **पाश्चात्य महाकाव्य** (२०५६), **सिर्जनाको सुवास** (२०५६), **प्राच्य महाकाव्य** (२०५९), **उत्तरआधुनिक जिज्ञासा** (२०६४), **उत्तर आधुनिक संवाद** (२०६७) आदि समालोचना कृति प्रकाशित छन् । उनी समालोचनालाई तुलनात्मक अध्ययन गरी आधुनिक र उत्तरआधुनिक दृष्टिकोणबाट अगाडि बढाउनुपर्ने मान्यता राख्छन् । गौतमका समालोचनात्मक कृतिहरूमा विधापरकता, सौन्दर्य चिन्तन, समालोचनात्मक प्रणाली आदि पक्षहरूलाई देखाउन खोजेको पाइन्छ । पच्छिल्लो समयमा उनी उत्तरआधुनिकतावादी समालोचनामा बढी क्रियाशील रहेका छन् । उत्तरवर्ती नेपाली समालोचकमा निरन्तर कलम चलाउने द्रष्टा व्यक्तित्वका रूपमा चिनिन्छन् ।

जगदीश शमशेर राणा र कृष्ण गौतमका समालोचकीय प्रवृत्तिमा केही समानाता पाइन्छ । जगदीश शमशेर राणाले पनि कृष्ण गौतमले जस्तै तुलनात्मक र उत्तरआधुनिक दृष्टिकोणलाई अँगाल्दै नेपाली समालोचनामा उत्तरआधुनिकतावादी समालोचकको परिचय बनाएका छन् । उनको **उत्तरआधुनिकवाद तथा बाहुल्य विस्फोट** यसै मान्यताबाट लेखिएको कृति हो । उत्तरवर्ती चरणमा समालोचनाका विविध पक्षहरूलाई विभिन्न दृष्टिकोणबाट नियाल्ने जगदीश शमशेर राणा नेपाली समालोचनाको पछिल्लो चरणका उत्तरआधुनिकतावादी समालोचकका रूपमा स्थापित छन् ।

यसरी नेपाली समालोचना क्षेत्रमा विशेष योगदान दिएका समालोचक व्यक्तित्वका समालोचकीय विशेषतासँग कतिपय अवस्थामा समान र कतिपय अवस्थामा भिन्न भेटिएका जगदीश शमशेर राणाको आधुनिक नेपाली समालोचनाको परम्परामा उल्लेख्य परिमाणात्मक एवम् गुणात्मक योगदान रहेको देखिन्छ ।

## ५.५ परिमाणात्मक समालोचकीय योगदान

आधुनिक नेपाली समालोचना परम्पराको अभिवृद्धिमा परिमाणका दृष्टिले जगदीश शमशेर राणाका समालोचना कृतिहरूको विशेष भूमिका रहेको छ । उनका प्रकाशित पुस्तकाकार समालोचना कृति र फुटकर रचनाका आधारमा नेपाली समालोचना परम्परामा उनको योगदानलाई देखाउन सकिन्छ । उनका प्रकाशित पुस्तकाकार समालोचनात्मक कृतिहरूमा **मुनामदन भ्रमण** (२००३), **दश दृष्टिकोण** (२०४५), **नरसिंह अवतार परिचर्चा** (२०६१), **महाकवि देवकोटाको वैचारिक पक्ष** (२०६६) **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) पर्दछन् । व्यवहारिक समालोचा र सैद्धान्तिक समालोचना दुबैलाई आधार बनाएर समालोचना गरिएका यी कृतिले नेपाली समालोचना परम्परामा परिमाणात्मक महत्त्वसमेत राखेका छन् । परिमाणकै दृष्टिले हेर्दा उनका 'अन्धवेगका पात्र र अभिनय' (२०३६), 'नरसिंह अवतार परिचर्चा' (२०४६), 'साहित्य चौतारी एक विवेचना' (२०५२), 'भूपि शेरचन कवित्व र व्यक्तित्व' भाग एक (२०४९), 'भूपि शेरचन कवित्व र व्यक्तित्व' भाग दुई (२०४९) जस्ता फुटकर समालोचनाहरू पनि प्रकाशित भएका छन् । छ वटा पुस्तकाकार कृति र छ वटा फुटकर समालोचनाका माध्यमबाट जगदीश शमशेर राणाले नेपाली समलोचनामा महत्त्वपूर्ण परिमाणात्मक योगदान दिएको स्पष्ट हुन्छ ।

## ५.६ गुणात्मक समालोचकीय योगदान

नेपाली समालोचना परम्परामा गुणस्तरका दृष्टिले जगदीश शमशेर राणाका समालोचना कृतिको उल्लेख्य योगदान रहेको छ । उनले आरम्भमा कृतिपरक समालोचना तयार पारेका छन् । पाठकमा पर्ने पाठकीय प्रभावलाई आधार बनाएर लेखिएको **मुनामदन भ्रमण**ले यो कुरालाई पुष्टि गर्दछ । साहित्यिक कृतिको समीक्षा भिन्न स्रष्टाका भिन्नभिन्न कृतिको पठनबाट उत्पन्न हुने पाठकीय प्रभावमा गर्न सकिन्छ भन्ने मूल्यलाई यस कृतिले स्थापित गरेको छ ।

गुणवत्ताका दृष्टिबाटै हेर्दा जगदीश शमशेर राणाका सबै कृति गुणस्तरीय रहेका छन् । देवकोटाको **मुनामदन** खण्डकाव्यको विषय, पात्र र लयलाई समेटेर लेखिएको **मुनामदन भ्रमण** (२००३) ले **मुनामदन** कृतिका विषय, पात्र, परिवेश, लय र  भाषाका बारेमा स्पष्ट

पार्नुका साथै बालकृष्ण समको **मुकुन्द इन्दिरा** नाटकका पात्रसँग तुलना गरी तथ्यपूर्ण र वैचारिक विश्लेषण प्रस्तुत गरेका छन् । **मुनामदन**को विस्तृत व्याख्या गरिएको यो कृतिको गुणात्मक महत्त्व निकै रहेको छ । यसैगरी **दश दृष्टिकोण** (२०४५) राणाको प्रकाशित दोस्रो निबन्धात्मक समालोचना कृति हो । यस कृतिले साहित्यको नयाँ मूल्य, बौद्धिकता र परिष्कृततालाई समेटेको छ । कुनै पनि साहित्यिक रचना रचनाकारको दृष्टिकोणमा आधारित हुन्छ । साहित्यसम्बन्धी यस्तै दृष्टिकोणको उपजका रूपमा यो कृति तयार पारिएको छ । विभिन्न समयमा रूपरेखा पत्रिकामा प्रकाशित भएका रचनाहरू समेटेर यो कृति तयार भएको छ । यसैगरी **नरसिंह अवतार परिचर्चा** (२०६१) जगदीश शमशेर राणाको **नरसिंह अवतार** काव्यमा आधारित भई तयार पारिएको समालोचना हो । **नरसिंह अवतार**लाई उँट काव्य, विभिन्न टुक्राटुक्री समेटेर तयार पारिएको काव्य भन्ने आरोपलाई खण्डन गर्न यो कृतिको रचना गरिएको हो । यसले स्रष्टा स्वयम्को सिर्जनामा समालोचना गर्ने नवीन परिपाटी विकास गरेको छ । यसले जटिल भनिएको **नरसिंह अवतार** काव्यको विषयवस्तु, कथानक, पात्र र छन्दको प्रयोग सम्बन्धी जटिलतालाई सुगम बनाएको छ । **काव्यको रचनामा शिल्पकारिताको भूमिका** (२०६७) उनको अर्को महत्त्वपूर्ण समालोचना हो । यस कृतिमा मोहन कोइरालाको **सिमसारका राजदूत** लामो कवितालाई आधार बनाएर समालोचना गरिएको छ । जटिल काव्यकृतिको सरलीकरणका लागि विशेष कृतिको छनोट गरी समालोचना गर्ने गुणात्मक प्रवृत्ति जगदीश शमशेर राणाको रहेको यसबाट स्पष्ट हुन्छ । त्यस्तै **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** (२०६९) समालोचनामा विश्व परिवेशमा देखापरेको उत्तरआधुनिकतालाई नेपाली सन्दर्भमा प्रस्ट पारिएको छ । उत्तरआधुनिकता जस्तो सिद्धान्त विहीन र जटिल विषयमा गम्भीर विमर्श गरी समालोचना गरिएकाले यस कृतिको गुणवत्तालाई कम आँकलन गर्न मिल्दैन । उनका यी सबै कृतिहरू गुणात्मकताका दृष्टिले निकै नै उच्च साबित भएको तथ्यले नेपाली समालोचनामा उनको योगदान महत्त्वपूर्ण रहेको प्रमाण मिल्दछ ।

गुणस्तरीयताका दृष्टिबाट हेर्दा जगदीश शमशेर राणाको समालोचकीय योगदान उनका फुटकर रचनाबाट पनि स्पष्ट भएको देखिन्छ । उनका फुटकर समालोचकीय लेखहरूमा साहित्यिक कृति र स्रष्टाहरूको गुणदोषलाई केलाइएको छ । उनका फुटकर समीक्षा तथा समालोचना अनुसन्धानमूलक छन् । नेपाली समालोचनामा उनका समालोचना कृति र फुटकर समालोचना लेखरचनाहरू सबै उल्लेखनीय रहेका देखिन्छन् ।

## ५.७ निष्कर्ष

नेपाली समालोचनाको दोस्रो चरणमा उपस्थित भई पाँचौं चरणमा बढी सक्रिय र गहन रूपमा देखिएका जगदीश शमशेर राणा प्रभाववादी तथा उत्तरआधुनिकतावादी समालोचक हुन् । नेपाली समालोचना परम्पराको चौथो (२०२५-२०४६) र पाँचौं चरण (२०४७ - हालसम्म) मा सैद्धान्तिक तथा व्यवहारिक समालोचना गर्ने प्रमुख समालोचकहरू कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, दायाराम श्रेष्ठ, मोहनराज शर्मा, राजेन्द्र सुवेदी र कृष्ण गौतमको स्थान र योगदानसँग समालोचक जगदीश शमशेर राणा तुलनीय रहेका छन् । नेपाली समालोचना परम्परामा गुणात्मक र परिमाणात्मक दुबै दृष्टिबाट आफ्ना समालोचनाहरू प्रस्तुत गरेर जगदीश शमशेर राणाले उल्लेख्य योगदान दिएका छन् ।

# छैटौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधपत्रमा जम्मा छ वटा परिच्छेदमा सङ्गठित छ । यसको पहिलो परिच्छेदमा शोधपत्रको परिचय रहेको छ । यो परिच्छेद विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कन, सामग्री सङ्कलन तथा विश्लेषण विधि, शोधपत्रको सङ्घठनात्मक स्वरूप जस्ता शीर्षकहरूमा आबद्ध छ । प्रस्तुत शोधपत्रको विषयपरिचयमा शोधप्रत्रको शीर्षक र यसले समेटेका विषयलाई प्रस्तुत गरिएको छ । यस्तै समस्याकथनमा शोधका मुख्य समस्या र त्यससँग सम्बन्धित शोधप्रश्नहरू प्रस्तुत गरिएको छ । यसै परिच्छेदमा शोधको औचित्य स्थापित गर्नुका साथै शोधको सीमालाई स्पष्ट पारी सामग्रीसङ्कलन र विश्लेषणको ढाँचा र विधिबारे जानकारी दिइएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेद समालोचनाको सैद्धान्तिक स्वरूपमा आधारित रहेको छ । यस परिच्छेदमा समालोचनाको परिचय, अर्थ, परिभाषा, समालोचनाको स्वरूप, उद्देश्य, समालोचनाका तत्त्व, समालोचनाको क्षेत्र, समालोचनाका प्रकार र पद्धति, समालोचनाका प्रमुख केन्द्रक, समालोचनाको उपयोगिता र औचित्य तथा समालोचनाको शक्ति र सीमाजस्ता शीर्षकहरू रहेका छन् । यस परिच्छेदमा समालोचनाको सैद्धान्तिक आधार प्रस्ट पारी समालोचना भनेको के हो भन्ने कुरा स्पष्ट पारिएको छ । प्रस्तुत शोधपत्रको यो परिच्छेद सैद्धान्तिक खण्डका रूपमा रहेको छ ।

यस शोधपत्रको तेस्रो परिच्छेद जगदीश शमशेर राणाको संक्षिप्त परिचय, समालोचनायात्रा र समालोचकीय प्रवृत्ति निरूपणमा केन्द्रित रहेको छ । यस परिच्छेदमा समालोचक जगदीश शमशेरको सङ्क्षिप्त परिचय प्रस्तुत गर्नुका साथै उनको समालोचना यात्रालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । यसका साथै उनका प्रमुख समालोचकीय प्रवृत्तिको निरूपण समेत यसै परिच्छेदमा गरिएको छ ।

प्रस्तुत शोधपत्रको चौथो परिच्छेद जगदीश शमशेर राणाका समालोचना कृतिको

विश्लेषणमा केन्द्रित रहेको छ । यस परिच्छेदमा जगदीश शमशेर राणाका **मुनामदन भ्रमण, दश दृष्टिकोण, नरसिंह अवतार परिचर्चा, महाकवि देवकोटाको वैचारिक पक्ष, काव्यको रचनामा शिल्पकारिताको भूमिका** र **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट**जस्ता समालोचना कृतिको विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौ परिच्छेद नेपाली समालोचनामा जगदीश शमशेर राणाको योगदानमा केन्द्रित रहेको छ । यस परिच्छेदमा नेपाली समालोचनाको विकास र चरणगत प्रवृत्ति निरूपण गर्नुका साथै आधुनिक नेपाली समालोचनाको चौथो र पाँचौ चरणमा सक्रिय महत्त्वपूर्ण समालोचकहरूसँग उनको तुलना गरी परिमाणात्मक र गुणात्मक योगदानको निरूपण गरिएको छ ।

प्रस्तुत शोधपत्रको छैटौँ परिच्छेद यस शोधकार्यको सारांश तथा निष्कर्षमा केन्द्रित रहेको छ । यस परिच्छेदमा शोधपत्रको परिच्छेदगत सारांश प्रस्तुत गर्नुका साथै समग्र शोधको प्राप्ति तथा निष्कर्षलाई यसप्रकार प्रस्तुत गरिएको छ :

## ५.२ निष्कर्ष

जगदीश शमशेर राणाको समालोचनाकारिताको अध्ययनबाट प्राप्त निष्कर्ष प्रस्तुत शोधपत्रका शोधसमस्यासँग सम्बन्धित शोध्य प्रश्नको उत्तरका रूपमा प्रस्तुत गरिएको छ । यस शोधकार्यबाट प्राप्त उपलब्धी यसप्रकार रहेको छ :

**१.** वि.स. १९८६ मा राणा परिवारमा जन्मिएका जगदीश शमशेर राणा नेपाली साहित्यमा र समालोचना क्षेत्रमा चर्चित व्यक्तित्व हुन् । कुनै पनि कृतिको समालोचना गर्दा उनले पृष्ठभूमि, परम्परा वा इतिहासलाई आधार बनाएका हुन्छन् । उनी प्रायः वैदिक वाङ्मय तथा मध्यकालीन विश्वसाहित्यका पृष्ठमा कुनै पनि साहित्यको विकास र परिवर्तनको क्रमलाई तुलनात्मक ढङ्गले केलाउने सामर्थ्य राख्दछन् । उनको समालोचनायात्रा विशेष गरी दुई चरणमा विभाजित छ । पहिलो चरण वि.सं. २००३ देखि देखि २०४५ सम्म विस्तारित भएको छ । यो अवधि उनको आभ्यासिक लेखनको समय हो । यस्तै दोस्रो चरण वि.सं. २०४६ देखि यताको समय हो । जगदीश शमशेर राणाको समालोचना लेखनको यो अवधि परिमाणात्मक र गुणात्मक दुबै दृष्टिले

महत्त्वपूर्ण रहेको छ । तथ्यको पुष्टिका लागि उपयुक्त प्रमाण जुटाउने, खारिएको विचार र माझिएको लेखन शैली, तुलनात्मक विश्लेषण, प्रभावपरक निष्कर्ष, तर्कसम्मत र वैज्ञानिक लेखना, मिथकीय प्रभाव र उत्तरआधुनिक दृष्टिकोण जगदीश शमशेर राणाको समलोचना लेखनमा पाइने मूल प्रवृत्तिहरू हुन् ।

२. जगदीश शमशेर राणा नेपाली समालोचना परम्परामा वि.सं. २००३ बाट यस क्षेत्रमा प्रवेश गरेका समालोचक हुन् । उनको आगमनपूर्व नै नेपाली समालोचनाले विविध प्रवृत्ति पार गर्दै सैद्धान्तिक मान्यतालाई पनि वरण गरिसकेको थियो । नेपाली समालोचना विविध प्रवृत्ति र वादहरूलाई आत्मसात् गर्दै अघि बढिरहेको समयमा प्रभाववादी तथा उत्तरआधुनिकतावादी समालोचकका रूपमा जगदीश शमशेर राणा नेपाली समालोचना क्षेत्रमा प्रवेश गरेका हुन् । जगदीश शमशेर राणाका समालोचनाहरूको अध्ययन तथा विश्लेषण गर्दा उनको प्रारम्भिक समालोचनाकारिता प्रभावपरक रहेको भए पनि पछिल्लो समय भने उत्तरआधुनिक दृष्टिकोणमा आधारित रहेको पाइन्छ ।

३. नेपाली समालोचना परम्परामा कुनै एक विधा, धारा, प्रवृत्ति, समय र क्षेत्रका कृतिकार र तिनका कृतिको व्याख्या-विश्लेषणलाई समालोचनाको विषय बनाउने राणा एक पक्षीय समालोचक होइनन् । उनले साहित्यका कविता र काव्यको संरचनाभित्रका अनेक विषयलाई विश्लेषणीय विषय बनाएका छन् । उनको समालोचना यात्राको प्रारम्भिक समय देवकोटाको **मुनामदन** कृतिको विश्लेषणमा केन्द्रित रहेको छ । उनी कृतिगत वैशिष्ट्यलाई आधार बनाएर त्यसको मूल्याङ्कन गर्ने समालोचकका रूपमा देखिएका छन् ।

४. जगदीश शमशेर राणाका समालोचनाको आन्तरिक संरचना हेर्दा उनका सबै समालोचनाहरू अनावश्यक गन्थनमा अल्झिएका तथा विशृङ्खलित खालका नभई शीर्षक सुहाउँदो अभिव्यक्तिमा तथा लक्षित उद्देश्यलाई प्रस्ट पार्नमा केन्द्रित छन् । जटिल रचनाको गम्भीर समालोचना गर्ने भएको हुनाले उनका समालोचनाले पाठको बौद्धिक स्तरको अपेक्षा राख्दछन् ।

५. भाषाशैलीका दृष्टिले राणाका प्राय सबैजसो समालोचनाको भाषाशैली तार्किक र विश्लेषणात्मक रहेको छ । व्याकरणिक दृष्टिले उनको आफ्नै शैली भए पनि समालोचनामा प्रयोग गरिएको उनको भाषाशैली स्तरीय हुनुका साथै परिष्कृत तथा बौद्धिक छ । उनका समालोचनामा लामो वाक्यगठन र संस्कृत शब्दावलीको बढी प्रयोग पाइन्छ । यस्तो प्रयोग सन्तुलित, व्यावहारिक तथा चलन चल्तिमा सजिलै प्रयुक्त हुने किसिमको छ । वैचारिक प्रौढता, परिपक्वता, तार्किक शक्ति, विषयवस्तुको गम्भीर अध्ययन, विधा सिद्धान्तको सम्यक् ज्ञान, निर्णयात्मक क्षमता तथा विश्लेषणात्मक प्रवृत्ति लिएर उनी समालोचना लेखनमा लागेका देखिन्छन् ।

६. जगदीश शमशेर राणाका विभिन्न समालोचनाहरूको अध्ययन गर्दा सुरुका समालोचनाहरू प्रभाववादी सैद्धान्तिक मापदण्डका आधारमा लेखिएका हुनाले कृतिले उनमा पारेको प्रभावमा केन्द्रित रहेका छन् । **मुनामदन भ्रमण, दश दृष्टिकोण, महाकवि देवकोटाको वैचारिक पक्ष** यस्तै प्रकृतिका समालोचना हुन् । यी समालोचनमा प्रभाववादी समालोचकीय दृष्टिकोण रहेको छ । वि. सं. २००३ देखि २०४५ सम्मका पुस्तकाकार तथा केही फुटकर समालोचनाहरूमा राणा विशुद्ध प्रभाववादी समालोचकका रूपमा उपस्थित भएका छन् । आफ्ना संवेगजन्य अनुभूतिलाई कुनै पनि कृतिकार तथा कृतिको मूल्याङ्कनको मूल आधारका रूपमा प्रस्तुत गर्नु उनको पहिलो चरणको समालोचकीय विशेषता हो । उनको पछिल्लो चरणका समालोचना भने वस्तुपरक हुनुका साथै उत्तरआधुनिकतातर्फ ढल्किएका र उत्तरआधुनिकतावादी दृष्टिकोणलाई आत्मसात् गरी लेखिएका पाइन्छन् ।

७. जगदीश शमशेर राणाका समालोचना कृतिहरू विषयवस्तुका दृष्टिले विविध प्रकारका रहेका छन् । **मुनामदन भ्रमण** देवकोटाको चर्चित कृतिमा केन्द्रित छ भने **काव्यको रचनामा शिल्पकारिताको भूमिका** मोहन कोइरालाको प्रयोगवादी कृतिका साथै प्रसिद्ध मनोविश्लेषक सिग्मन्ड फ्रायडको मनोवैज्ञानिक दृष्टिकोणको समीक्षामा केन्द्रित रहेको छ । उनको अर्को कृति **दश दृष्टिकोण**ले साहित्यको स्वरूप, संरचना र प्रयोजनका के हुन्छ भन्ने कुरालाई प्रस्ष्ट पारेको छ । यसैगरी **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट** उत्तरआधुनिकतावादी चिन्तनमा केन्द्रित भएर लेखिएको छ । समालोचना लेखनमा सङ्ख्यात्मक र गुणात्मक दुबै रूपले उल्लेख्य उपस्थिति रहनुका साथै महत्त्वपूर्ण

योगदान दिएको हुनाले नेपाली समालोचना परम्परामा जगदीश शमशेर राणाको समालोचनाकारिता विशेष बनेको छ ।

८. नेपाली समालोचनाको दोस्रो चरणमा उपस्थित भई पाँचौं चरणमा बढी सक्रिय र गहन रूपमा देखिएका जगदीश शमशेर राणा प्रभाववादी तथा उत्तरआधुनिकतावादी समालोचक हुन् । नेपाली समालोचना परम्पराको चौथो (२०२५-२०४६) र पाँचौं चरण (२०४७-हालसम्म) मा सैद्धान्तिक तथा व्यावहारिक समालोचना गर्ने प्रमुख समालोचकहरू कृष्णचन्द्रसिंह प्रधान, तारानाथ शर्मा, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, दायाराम श्रेष्ठ, मोहनराज शर्मा, राजेन्द्र सुवेदी र कृष्ण गौतमको स्थान र योगदानसँग जगदीश शमशेर राणा तुलनीय रहेका छन् । नेपाली समालोचना परम्परामा गुणात्मक र परिमाणात्मक दुबै दृष्टिबाट आफ्ना समालोचनाहरू प्रस्तुत गरेर जगदीश शमशेर राणाले उल्लेख्य योगदान दिएका छन् । स्रष्टा व्यक्तित्वका कारण उनको समालोचकीय व्यक्तित्व ओझेलमा परेको भए पनि बौद्धिक, तार्किक, वस्तुपरक, मिथकीय रुचि र खोजअनुसन्धानमूलक लेखनका कारण उनको समालोचनाकारिता उल्लेखनीय तथा विशेष बन्न पुगेको छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, ज्ञानु (२०६८), **नेपाली नारी समालोचना : परम्परा, प्रवृत्ति र विश्लेषण** (सिद्धान्त र प्रयोग) काठमाडौँ : पैरवी प्रकाशन ।

अधिकारी, डी.पी. (२०३२), **नेपाली साहित्य र आलोचना**, काठमाण्डू : स्कुल अफ जर्नालिज्म ।

अधिकारी, बाबुराम (२०६१), **समालोचना सिद्धान्त र नेपाली समालोचना**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

अधिकारी, रविलाल (२०५६), **प्रगतिवादी नेपाली समालोचना,** पोखरा : लेकाली प्रकाशन ।

एटम, नेत्र (२०६१), **समालोचनाको स्वरूप,** ललितपुर : साझा प्रकाशन ।

............,(२०६७), 'नेपाली समालोचनामा उत्तरआधुनिक सरगर्मी', (**भृकुटी,** १०), काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स्, पृ. २५६-२७६ ।

कँडेल, घनश्याम (२०५५), **नेपाली समालोचना**, काठमाडौँ : साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०७२), 'उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट उत्तरआधुनिकताको प्राच्यवादी पठन' (**पूजा**, २६), काठमाडौँ : रत्न पुस्तकालय, पृ.२५-३० ।

खनाल, यदुनाथ (२०२३), **समालोचनाको सिद्धान्त,** काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०५०), **आधुनिक आलोचना : अनेक रूप अनेक पठन,** काठमाडौँ : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६८), **उत्तरवर्ती नेपाली समालोचनाका केही प्रतिरूप**, काठमाडौँ : पैरवी प्रकाशन ।

................, (२०७०), **नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना,** दोस्रो संस्क., काठमाडौँ : ओरियन्टल पब्लिकेसन हाउस प्रा.लि.।

घिमिरे, विष्णुप्रसाद (२०५४), “साहित्यकार जगदीश शमशेर राणाको जीवनी, व्यक्तित्व र कृतित्व” अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

ढुङ्गेल, भोजराज र दाहाल दुर्गाप्रसाद (२०७०), **साहित्यशास्त्र, नेपाली समालोचना र शोध विधि**, काठमाडौं : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव (२०६०), **साहित्य-सिद्धान्त : शोध तथा सृजनविधि**, काठमाडौं : पाठ्य सामग्री पसल ।

.................., (२०६५), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १**. तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

.................., (२०६५), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २**. तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

थापा, मोहन हिमांशु, (२०४७), **साहित्य परिचय**, ललितपुर : साझा प्रकाशन ।

थेगिम, शोभाकान्ति, (सन् १९९२), **नेपाली समालोचनाको परम्परा : मूल्याङ्कन तथा विश्लेषण,** गान्तोक सिक्किम : सौरभ प्रकाशन ।

नेपाल, माधवप्रसाद ( २०६१), **नेपाली समालोचनाको अध्ययन (२०२५–२०४०)**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

पोखरेल, केशवराज (२०६५), **नेपाली समालोचना र प्रतिनिधि समालोचक**, काठमाडौं : प्रज्ञा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अरूहरू (२०७२), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०), **समालोचनाको स्वरूप र पद्धति**, चितवन : विमर्श नेपाल ।

............., (२०७०), **आधुनिक नेपाली समालोचनाको इतिहास,** चितवन : विमर्श नेपाल ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६८), (सम्पा), पाँचौं संस्क., **साझा समालोचना,** काठमाडौं : साझा प्रकाशन ।

प्रसाई, नरेन्द्रराज (२०५४), **नेपाली साहित्यका प्रमुख समालोचक,** काठमाडौं : एकता प्रकाशन ।

बराल, ऋषिराज (२०५२), **मार्क्सवाद र उत्तरआधुनिकतावाद,** विराटनगर : सरिता बराल ।

भट्टराई, गोविन्दराज (२०४९), **काव्यिक आन्दोलनको परिचय**. काठमाडौं : साझा प्रकाशन ।

...................., (२०७१), 'वर्तमान विश्व परिवेशमा साहित्य र समालोचनाको बाटो' : नेपाल प्रज्ञा प्रतिष्ठानको गोष्ठीमा प्रस्तुत कार्यपत्र ।

भट्टराई, हरिराज (२०५१), **जगदीश शमशेर : सिद्धान्त र समीक्षा,** काठमाडौं : असीम सौरभ प्रकाशन ।

राणा, जगदीश शमशेर (२०६४), **मुनामदन भ्रमण,** दोस्रो संस्कं., काठमाडौं : नइ प्रकाशन ।

....................., (२०६१), **नरसिंह अवतार परिचर्चा,** दोस्रो संस्कं., ललितपुर : साझा प्रकाशन ।

........................, (२०६४), **दश दृष्टिकोण,** काठमाडौं : श्रीमती भुवन राणा ।

........................,(२०६६) **महाकवि देवकोटाको वैचारिक पक्ष**, काठमाडौं : श्रीमती भुवन राणा ।

........................,(२०६७),**काव्यको रचनामा शिल्पकारिताको भूमिका,** काठमाडौं : श्रीमती भुवन राणा ।

.....................,(२०६९), **उत्तरआधुनिकवाद र बाहुल्य विस्फोट,** काठमाडौं : रङ्ग नेपाल ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५७), **आधुनिक नेपाली समालोचना,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

…………………, (२०६०), **पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रामकृष्ण (२०३४), **सप्तशारदीय,** ललितपुर : जगदम्बा प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालिन समालोचना : सिद्धान्त र प्रयोग**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, चौथो संस्क. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, कृष्णप्रकाश (२०६४), **नेपाली समालोचना र समालोचक,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०४०), दोस्रो संस्क. **नोपली साहित्यको सङ्क्षिप्त इतिहास,** काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६१), **समालोचना सिद्धान्त र नेपाली समालोचना,** दोस्रो संस्क., काठमाडौं : पाठ्य सामग्री प्रकाशन ।

………… (२०६१), **नेपाली समालोचना : परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।

Abrams M.H, (2005). **A Glossary of literary terms,** Eight Edition, United States of America.